**बिशेष रिपोर्ट:** यो संसदीय व्यवस्था मार्फत के गर्न संभव छ: के छैन ?
प्रमुख वाम नेताहरुबीच अन्तर्क्रिया

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३५, माघ २०५२



## रुसी चुनावमा वामपन्थीहरुको भारी बिजय

# के सोभियत संघ फेरि ब्युँझेला ?

विशेष सामग्री

- के माओका विचारहरुलाई माओवाद भन्नु सही हुन्छ ?
- चेगवेभाराको धारावाहिक क्रान्तिकारी जीवन कथा

# Get into the World of Power

*Bite after Bite*

**A Tradition in Biscuits**

Pashupati BISCUITS

**SHREE PASHUPATI BISCUIT INDUSTRIES (P) LTD.**

Factory: Duhabi (Sunsari), Koshi Zone, Nepal. Tel. 025-40034





**मूल्यांकनको ग्राहक अभियान**

के तपाई आफ्नै घरमा बसी-बसी मूल्यांकन पढ्न चाहनु हुन्छ ? मूल्यांकनको नियमित ग्राहक बन्नुहोस् र ग्राहक शुल्क र हुलाक महशूल हामीकहाँ पठाउनुहोस् । हामी हुलाकमार्फत् तपाईंको घर घरमा पत्रिका पुर्याइदिने छौं ।

**मूल्याङ्कन**

कार्यालय
पोष्ट बक्स नं. ७०५०
ख- २/१९१, पुतली सडक
काठमाडौं-३२
फोन : ४२३५४९, ४२२७६९

| अवधि | पाउने अंक | नेपालका लागि | | | भारतका लागि | | | भारत बाहेक अन्य मुलुकका लागि |
|---|---|---|---|---|---|---|---|---|
| | | ग्राहक | हुलाक | जम्मा | ग्राहक | हुलाक | जम्मा | |
| अर्धवार्षिक | ६ | रू. ८५ | १५ | १००/- | भारू ८०/- | १५/- | भारू ९५/- | अमेरिकी डलर ६/- |
| वार्षिक | १२ | रू. १६० | ३० | १९०/- | " १५०/- | ३०/- | " १८०/- | अमेरिकी डलर १२/- |
| दुई वर्ष | २४ | रू. ३०५ | ६० | ३६५/- | " २८०/- | ६०/- | " ३४०/- | अमेरिकी डलर २३/- |
| तीन वर्ष | ३६ | रू. ४३० | ९० | ५२०/- | " ४१०/- | ९०/- | " ५००/- | अमेरिकी डलर ३२/- |

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४. पूर्णाङ्क ३४
२०५२. माघ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

**कार्यालय व्यवस्थापक**
मन्जू दवाडी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## रुसी संसदको चुनावमा वामपन्थीहरूको भारी विजय !

# के सोभियत संघ फेरि ब्युँझेला ?

**चुनावी नतीजाको विस्तृत विश्लेषण**

साथमा: ❑ रूसी महासंघीय क. पा. का कार्यक्रमहरू के के हुन् ? ❑ त्यस पार्टी संबन्धी महत्त्वपूर्ण तथ्यहरू ❑ चुनावमा कसले कति मत लिए ? ❑ को हुन् गेन्नाडी जुगानोभ ? ❑ रूसी संसदको चुनाव कसरी हुन्छ ? ❑ चुनाव परिणामबारे कसले के बोले ? ❑ रूसमा बच्चाहरूको बिल्लीबाठ कसरी हुँदैछ ? ७



**एमाले सरकारको नौ महिने अनुभवका आधारमा**

# 'संसदीय बाटोबाट के गर्न संभव छ, के छैन ?'

क. मोहनविक्रम सिंह, क. शंभुराम, क. माधवकुमार नेपाल र क. सन्देशका साथमा प्रा. माणिकलाल श्रेष्ठ, क. पद्मरत्न तुलाधर, डा. चैतन्य मिश्र र डा. कृष्ण ब. थापाका बीचको **प्रत्यक्ष विचार अन्तर्क्रिया विवरण** — २०

## के क. माओका विचारहरुलाई 'माओवाद' भन्नु सही हुन्छ ?

क. मोहनविक्रम र क.चैतन्यका विचारहरू ३६

१६ क. चे ग्वेभाराको धारावाहिक जीवनी

२६ भारतको प्रगतिशील सांस्कृतिक संगठन 'निशान्त नाट्य मंच' के गर्दैछ ? के सोच्दैछ ?

३० पढेलेखेका छोरी बुहारीहरू किन समस्या बनिरहेछन् ?


**घटना र प्रवृत्ति**
*संसदको नवौं अधिवेशन कस्तो रह्यो ?* ६
होशियार ! राजा महेन्द्रको स्तुतिगान किन यति धेरै बढ्दैछ ? ४१
*भारतमा नक्सलवादीहरूद्वारा साम्राज्यवाद विरोधी अभियान* ४०

**आवरण कथा**
रुसको
*चुनावी परिणामको विश्लेषण* ७

**जीवनको झाँकी**
क. चेको नेतृत्वमा क्यूबाली शहरहरुमा आक्रमण १६

**अन्तर्क्रिया**
संसदीय बाटोबाट के गर्न संभव छ, के छैन ? २०

**दृष्टिकोण**
*माओको विचारलाई 'माओवाद' भन्नु सही छ कि छैन ?* ३६

**पर्दा रंगमञ्च**
*निशान्त नाट्य मंच के गर्दैछ, के सोच्दैछ ?* २६
*पाकिस्तानी टेलिफिल्म "फेहमिदाकी कहानी......" को समीक्षा* ३३

**साहित्य/कथा**
आज शनिवार- इस्माली ३४

**पाठकको प्रश्न/नेताको उत्तर**
*सांसद विनोद शाहको एमाले प्रवेशबारे क. रोहित* २५

**विज्ञान/प्रविधि**
*दूर चिकित्सा प्रणाली -तुलसी दास* २९

**नीति/संस्कृति**
पढेलेखेका छोरी बुहारीहरू किन समस्या बनिरहेछन् ?- चन्द्रदेव नेपाली ३०

**आँखीझ्याल**
*रुसका बच्चाहरूको बिल्लीबाठ -मुक्ता श्रेष्ठ* १४
*रुस र पूर्वी यूरोपमा बजार अर्थतन्त्रको परिणाम* १५
*जापानमा घरबारविहीनहरूको विजोग - दिपक वैद्य* १५

**हाम्रो मूल्यांकन** ५

**पाठकको कुरो** ४२



आवरण फोटो : रुसी महासंघीय कम्युनिष्ट पार्टीका नेता जुगानोभ, पृष्ठभूमिमा क. लेनिन/फोटो साभारः न्यूजवीक /भित्री पृष्ठका फोटोहरूः उषा र एल्भीस जोशी
आवरण कलाः आईडियल डिजाइनर्स, कम्प्युटरः माईक्रोचिप्स, पुतली सडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार



# नव युवा

युवाहरूको निम्ति ज्ञानवर्द्धक, जीवनमुखी र प्रगतिमुखी मासिक प्रकाशन !

## यही माघ ५ गते बजारमा उपलब्ध हुनेछ !

**नव युवा**

हाम्रो हरेक अंक तपाईं निम्न सामाग्रीहरूले भरपूर पाउनु हुनेछ

◆

★ विज्ञानका आश्चर्यजनक आविष्कारहरू

★ प्रकृतिका अनेकौं रहस्यहरूको रहस्योद्‌घाटन

★ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरू

★ संसारका र हाम्रो मुलुकका महत्त्वपूर्ण मानिसका जीवनीहरू

★ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने सामाग्रीहरू

★ आई. क्यू बढाउन मद्दत गर्ने सामाग्रीहरू

★ अनेकौं थरिका सामान्य ज्ञान बढाउने सामाग्रीहरू

★ इतिहासका रोचक र प्रेरक जानकारीहरू

★ खेलकूद, फिल्म, रंगमंचका ताजा गतिर्विधिहरू र तिनीहरूको ज्ञानवर्द्धक समीक्षा

★ स्वास्थ्य संबन्धी पाठकहरूको प्रश्नको विशेषज्ञहरूको जवाफ

★ युवाहरूद्वारा रचित मुक्तक, कविता र कथाहरू

## *यस मासिकमा प्रकाशनार्थ पठाउनु होस्*

☆ छोटा कविताहरू, मुक्तकहरू, लघुकथाहरू

☆ सामाजिक कार्यमा लागदाको क्षणमा जीवनमा घटेका रोचक र शिक्षाप्रद घटनाका संस्मरणहरू

☆ स्वास्थ्यबारे आफूलाई लागेका विविध जिज्ञासाहरू, *जसको जवाफ विशेषज्ञ चिकित्सकहरूबाट प्राप्त गरी प्रकाशित गरिनेछ ।*

☆ बौद्धिक, सामाजिक, दार्शनिक विषयमा जिज्ञासाहरू, *जसको जवाफ सम्बन्धित क्षेत्रका ज्ञाताहरूबाट प्राप्त गरी प्रकाशित गरिनेछ ।*

☆ रोचक, ज्ञानवर्धक जानकारीहरू, छोटा विवरणहरू, सामान्य ज्ञान *(यी सामग्रीहरू तथ्यपरक हुनु चाहिं अनिवार्य छ) ।*

विक्रेताहरूले विक्रीका निम्ति आफ्नो प्रतिको माग छिट्टै पठाउनु होला ।

तपाईं आफ्ना उत्पादनहरूको विक्री बढाउन चाहनु हुन्छ भने **नव युवा** मा विज्ञापन दिनुहोस् !
(हामी चुरोट, सुर्ती र रक्सीका विज्ञापनहरू चाहिं छाप्दैनौं)



युवा शहीद गंगालाल श्रेष्ठ

नव युवा मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, फोनः ४२२७६९, पो ब. नं. ७०५०, काठमाडौं ।
*कार्यालय* : २/१९१, पुतली सडक, काठमाडौं ।

# गठबन्धन सरकारको सय दिन



प्र.मं.: दलाल पूँजीपतिहरूका निम्ति सेवारत

देशको राष्ट्रिय ढुकुटीमाथि लखनउ लूट, भिन्न विचारका नागरिकहरूमाथि नृशंस दमन, बढ्दो नागरिक हत्या, संवेदनशील र महत्त्वपूर्ण सार्वजनिक संस्थानहरूको निजीकरण, निरंकुश तत्वहरूको फेरि विगविगी, देश र विदेशका ठूला पूँजीपतिहरूको एकलौटी स्वार्थ रक्षा र कुर्सीको व्यापक छिनाझप्टी- यिनै भएका छन् गठबन्धन सरकारको सय दिनका मुख्य मुख्य विशेषताहरू ।

देशको राष्ट्रिय ढुकुटीको ठूलो अपव्यय हुने गरी यति ठूलो ४४ जनाको मन्त्रिमण्डल नेपालको इतिहासमै कहिल्यै बनेको थिएन । गठबन्धन सरकारभित्र कुर्सी मोह र भागवण्डाको समस्या कति जटील र गंभीर छ, त्यसको ज्वलन्त प्रमाण यो सरकारको साइज आफैंले दिइरहेछ । नत्र संसारको सबैभन्दा गरीबमध्येको मुलुकमा यति ठूलो र महँगो मन्त्रिमण्डल किन चाहियो ?

बहुदलीयताको मुख्य सार नै भिन्न विचारको अस्तित्व हो । तर गठबन्धन सरकार सत्तामा आउने बित्तिकै यसले सर्वप्रथम भिन्न विचारको कार्यक्रम रेडिया र टि.भी.बाट प्रसार गर्न रोक लगायो । त्यसपछि यसले भिन्न विचारको बाहुल्य भएका ठाउँमा उनीहरूलाई शारीरिक रूपले नै नामेट पार्न नृशंस प्रहरी दमन अभियान चलायो । जस्तो- रोल्पामा, रूकुममा, रामेछापमा, गोर्खामा । त्यो क्रम अहिले पनि जारी छ । भिन्न विचारले बाँच्नै नपाउने, प्रसारितै हुन नपाउने, चलखेल नै गर्न नपाउने- यो कस्तो बहुदलीय प्रजातन्त्रको अभ्यास गर्न चाहन्छ गठबन्धन सरकार ? यदि यही नै उसको परिभाषाको 'प्रजातन्त्र' हो भने एकतन्त्र भनेको चाहिं के हो ?

गठबन्धन सरकार सत्तामा आउनासाथ निर्दोष नागरिकहरूको हत्या गर्ने क्रम निकै बढ्दैछ । र कहीं त हत्याराको संरक्षणमा सरकार वा सत्तारूढ पार्टी आफैं लाग्ने गरेको अद्भूत दृश्य समेत देखिंदैछ । त्यो चितवनमा कृष्ण जोशीको हत्या होस् वा तनहुँको रात्रि बसका ड्राइभरको हत्या, सरकार वास्तविक हत्यारा पत्ता लगाउनुको सट्टा हत्यारा पत्ता लगाऊ भन्ने जनतालाई लाठी चार्ज गर्ने हदसम्म सडकमा ओर्लिरहेको देखिएको छ । अरू त अरू, देशको राजधानी काठमाडौंमै विजुली बजारनेर सेतो गाडीले सडकका यात्री किचेर शहीद गेटमा ल्याएर फ्यालिदिने हत्यारा समेत सरकारले पत्ता लगाउन सकेको देखिन्न । यसले देशको सामाजिक सुरक्षाको स्थिति डाँवाडोल पारिदिएको छ । हत्या मैतीदेवीबाट बुटवल, महेन्द्रनगरसम्म फैलिरहेछ ।

सरकारको रूचि देशको विकासको लागि राज्यले आधारभूत संरचना निर्माण गर्नेतर्फ ठ्याम्मै देखिंदैन । भएको आधारभूत संरचना पनि नाफाखोर व्यापारीहरूलाई बेच्नेमा उसको रूचि देखिएको छ । बाँसबारी, हरिसिद्धि ईटाटायल र भृकुटी कागज कारखाना जस्ता मित्र राष्ट्रले उपहारस्वरूप बनाइदिएका कारखानाहरू केवल कौडीको भाउमा बेचेर पुगेन, अब सरकारले दूर संचार र वायुसेवा निगम जस्ता अति संवेदनशील र नाफामा चलिरहेका संस्था पनि व्यापारीहरूलाई बेच्न खोज्दैछ । कमीशन स्वार्थ सिवाय अर्को के स्वार्थ हुन सक्छ, यस्ता देश र जनताको लागि आधारभूत क्षेत्रका नाफादायक सरकारी संस्थान निजीकरणका नाममा बेच्नुमा ? भरे यही रीतले दूध, चिनी, पानी, तेल, विजुली जस्ता अति महत्त्वपूर्ण कुराहरू पनि निजीकरणकै नाममा नाफाखोर व्यापारीको हातमा पारियो भने देश र जनताको हविगत के होला ?

गठबन्धन सरकार सत्तामा आएपछि पुराना निरंकुश तत्वहरूको विगविगी निकै बढ्दैछ । बहुदलीय प्रजातन्त्र नमान्ने तानाशाहहरू खुलेआम पूजिंदैछन् । दरबार निकै क्रियाशील भएको छ । हत्यारा मरीचमानहरू अब टि.भी. मै देखा पर्ने साहस गरिरहेछन् । यो प्रजातन्त्रको लागि निकै टड्कारो खतरा हो । तर यो खतरा झन्झन् बढ्दै छ, किन कि- हिजोका निरंकुशतत्व र हत्याराहरूलाई रातो तूल विछ्याउने काम यहाँ त्यो शक्तिले नै गर्न थालेको छ, जसले आफूलाई सबभन्दा प्रजातन्त्रवादी भएको दावी गर्छ । पूँजीवादीहरूले कुर्सी स्वार्थको लागि सामन्तवादसँग हातेमालो गरेको दृश्य यहाँ दिनदहाडै देख्न पाइँदैछ ।

गठबन्धन सरकारले विदेशका र देशका ठूला पूँजीपति वर्गको लागि सबैथरिको कर घटाउने अनेकौं प्रस्ताव ल्यायो । संपत्तिकर पूरै हटाइदियो । आफ्नो कर आफैं तोक्नेसम्म छूट दियो । उदारवाद ल्यायो । तर ठूला पूँजीपतिहरूको निम्ति यति धेरै राहतको प्याकेज ल्याउन सक्ने सरकारले विगत सय दिनमा मजदूर र कृषि मजदूरहरूको लागि कुनै एउटा राहतको प्याकेज ल्याएन । आखिर यो सरकार धनी वर्गको निम्ति मरिमेटिरहेछ भन्ने कुरा यी परिघटनाले निकै उदांगो पारिरहेछ ।

आफू प्रतिपक्षमा हुँदा एमालेको बजेटमा जुन कुराको विरोध गरिएको थियो- वितरणमुखी., पपुलिष्ट भनेर, सत्तामा पुगेपछि सुधारका क्षेत्रमा गठबन्धन सरकारले कार्यक्रमको नाम फेरेर मूलतः एमालेकै पदचिन्हमा हिंड्न खोजेको देखिएको छ । यो अनैतिकताको पराकाष्ठा भएन र ? नक्कलमा गरिएका तिनै सुधारका काम पनि नभएको भए, गठबन्धन सरकारले जनताको लागि 'मैले गरें' भनेर कुर्लिने कुनै ठाउँ बाँकी रहेको छैन । ❑

घटना र प्रवृत्ति

# संसदको नवौं अधिवेशन कस्तो रह्यो ?

संसदले केही गर्ला कि ? यो प्रश्न नेपालीका मनमस्तिष्कमा अझै पूरापूर उठ्न छोडेको देखिएको छैन । तथापि जनताको जीवनमा प्रगतिशील परिवर्तन ल्याउने कुनै एउटा पनि विधेयक पारित नगरीकन करीब चार महिना लामो संसदको नवौं अधिवेशन पुस २१ गते सकिएको छ ।

त्यसो त संसदमा यसपालि १६-१६ वटा विधेयक पास नभएका होइनन् । तर तीमध्ये कुनै एउटा पनि त्यस्तो विधेयक छैन, जसले नेपाली जनतालाई जीवनको कुनै एउटा क्षेत्रमा सामाजिक अन्याय र शोषणबाट मुक्त गरोस् । यो अधिवेशनले संसदका पदाधिकारी र सदस्यहरूको पारिश्रमिक र सुविधा बढाउन एउटा विशेष विधेयक नै पास गऱ्यो । सांसदहरूको लागि पेन्सन समेतको व्यवस्था गऱ्यो । तर महँगीको मारले इन्तु न चिन्तु भएका अधिकांश श्रमिक वर्गका लागि ज्याला र सुविधा बढाउन भने यसले कुनै रुचि लिएन ।

यो अधिवेशनको सबैभन्दा उल्लेखनीय घटना भनेको कुनै ठोस र जायज कारणबिना नै एमाले सरकारलाई संसदमा अविश्वास प्रस्तावद्वारा पदच्यूत गरेको घटना हो । पूँजीवादी संसद र संसदीय व्यवस्थाको एउटा ठूलो सीमा यो घटनाले उदांगो पारेको छ- संसदमा कसैको बहुमत छ भने त्यो यस्तो तानाशाह हुन सक्छ कि जनमत जेसुकै होस् ऊ बिनाजायज कारण कसैलाई पनि सत्ताबाट हटाउन सक्छ, सत्तामा राख्न सक्छ, सेतोलाई कालो ठहऱ्याउन सक्छ, कालोलाई रातो घोषित गर्न सक्छ । संसदीय व्यवस्था भनेको संसदीय बहुमतको बहुसंख्यक आम जनतामाथिको तानाशाही हो, जुन कुरा यो घटनाले प्रष्ट पारेको छ ।

सरकारले यो अधिवेशनमा भूमिसुधार संबन्धी विधेयक ल्याउने कुरा गरेको थियो । तर त्यो ल्याएन । उसले जग्गा धनीलाई बेलैमा जग्गा लुकाउन सजिलो होस् भनेर कुन क्षेत्रमा कति प्रतिशत जग्गा मोहीको हुने भन्ने सरकारी निर्णय प्रकाशित मात्र गऱ्यो ।

एमाले सरकारले संसदमा ल्याउन तम्तयार पारिसकेको महिलाहरुलाई पुरुषसरह संपत्तिको अधिकार दिने संबन्धी विधेयक पनि गठबन्धन सरकारले यसपालि संसदमा ल्याएन ।

वामपन्थी सांसद नारायणमान विजुक्छेले "कला संस्कृति संरक्षण सम्बन्धी विधेयक, २०५२" र भक्त बहादुर रोकायाले "उपभोक्ता संरक्षण विधेयक, २०५२" प्रतिनिधि सभामा प्रस्तुत गर्नु भयो । तर संसदबाट ती पारित भएनन् । त्यही हविगत थप अरु दुई वटा गैरसरकारी विधेयकहरुको पनि भयो, जस्तो, मानव अधिकार आयोग विधेयक, २०५२ र स्वास्थ्य व्यवसायी परिषद् विधेयक २०५२ को ।

सो संसद अधिवेशनमा पनि एमालेको भूमिका संसदीय व्यवस्थाको सीमालाई पर्दाफास गर्ने नभएर त्यसैमा घुलमिल हुने रह्यो । सशक्त वामपन्थी प्रतिपक्षको भूमिका पनि उसले निर्वाह गरेको देखिएन । पाँचौं पार्टी महाधिवेशनले पास गरे मुताविक सडक र संसदलाई संयोजित गर्ने कार्य यो अधिवेशनमा भएन । समितिको चुनावमा त कांग्रेसलाई निर्विरोध निर्वाचन गर्ने कार्य समेत भए । सांसदहरुको सुविधा बढाउने विधेयकमा कसैबाट विरोध भएन । न त VAT ल्याउँदा नै विरोध भयो । राजेश्वर देवकोटा जस्ता प्रतिवद्ध प्रतिक्रिया-वादीलाई ६-६ वर्षसम्म राष्ट्रिय सभाको सदस्य बनाउने कार्य समेत भए । यी सब घटनाबाट एमालेमा क्रान्तिकारी वर्गदृष्टिकोण बिलकुलै भुत्ते भएको इंगित गरेको छ ।

*यसपालि १६-१६ वटा विधेयक पास नभएका होइनन् । तर तीमध्ये कुनै एउटा पनि त्यस्तो विधेयक छैन, जसले नेपाली जनतालाई जीवनको कुनै एउटा क्षेत्रमा सामाजिक अन्याय र शोषणबाट मुक्त गरोस् ।*

संसदीय व्यवस्थाको पर्दाफास गर्न गएका अन्य वामपन्थी सांसदहरुले यो बीचमा संसदीय व्यवस्थाको सीमालाई पर्दाफास गर्ने काम कम मात्र गर्न सके । सशक्त प्रचारयन्त्र र प्रचार जालोबिना त्यस्तो पर्दाफास संभव नै हुन सक्दैन । तर उनीहरुमा ती दुवैको अभाव देखियो । उनीहरु लडाइँमा गएका गोलीगठ्ठाबिनाका सेना झैं देखिए ।

संसद्प्रति जनताको अभिरुचि निकै घटेको त गएकै संसद अधिवेशनहरुले देखाइसकेका थिए । यसपटक त संसद्प्रति सांसदहरुको अभिरुचि पनि घटेको देखियो । कैयन बैठकहरु सांसदहरुको कोरम नपुगेर स्थगित भए । मन्त्रीहरु समेत संसदमा निकै कम आउन थालेको देखियो ।

यी सबै घटनाहरुले संसद्प्रति जनताको विश्वास घटाउँदै लगेको प्रष्ट देखिएको छ । समाज विकासको लागि यो कुनै नकारात्मक घटना होइन । यो अनुकुल घटना हो, यदि क्रान्तिकारी शक्तिहरुमा यो घटनाहरुबाट भरपूर फाइदा लिने चेतना भए । ❑

## संसदको नवौं अधिवेशनद्वारा पारित विधेयकहरूको सूची

### *प्रतिनिधि सभामा प्रस्तुत र पारित*

**लालमोहर स्वीकृत**

१. आर्थिक विधेक, २०५२
२. विनियोजन विधेयक, २०५२
३. ऋण तथा जमानत (नवौं संशोधन) विधेयक, २०५२
४. राष्ट्र ऋण उठाउने विधेयक, २०५२
५. बीमा (पहिलो संशोधन) विधेयक, २०५२
६. सरकारी रकम असुल फछ्र्योट (दोस्रो संशोधन) विधेयक, २०५२

**दुवै सदनबाट पारित**

१. प्राचीन स्मारक संरक्षण (पाचौं संशोधन) विधेयक, २०५२
२. राजश्व चुहावट (नियन्त्रण) विधेयक, २०५२
३. संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक, २०५२
४. नेपाल नर्सिङ परिषद विधेयक, २०५२
५. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) विधेयक, २०५२
६. महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयक, २०५२
७. मतदाता नामावली सम्बन्धी विधेयक, २०५२
८. विकास बैंक विधेयक, २०५२
९. मूल्य अभिवृद्धि कर विधेयक, २०५२
१०. सार्वजनिक सडक सुधार दस्तुर कोष विधेयक, २०५२

*'मूल्यांकन' को यसै अंकमा यस पेजपछिबको अर्को पेज (पेज ७) मा लेखको शीर्षकमा 'विजय' शब्द प्राविधिक कारणवश पूरा नछापिएकोले सच्चाई पढ्नु हुन अनुरोध छ । साथै, 'पेज ९' को छेऊको बक्स सामग्रीको शीर्षकलाई 'पेज १०' को बक्स सामग्रीको शीर्षकसँग मिलाएर पढ्नु हुन पनि अनुरोध गर्दछौं । –सं.*

## रुसी संसदको चुनावमा वामपन्थीहरूको भारी विजय

# के सोभियत संघ फेरि ब्युँझेला ?

श्याम श्रेष्ठ



"जब अमेरिकामा राष्ट्रपतिको चुनाव हुन्छ, त्यहाँ जनताहरू एक जना नेता रोजिरहेका हुन्छन् । तर जब रुसमा चुनाव हुन्छ, त्यहाँ मानिसहरू एउटा व्यवस्था रोजिरहेका हुन्छन् ।"

एउटा रुसी दैनिक 'इज्भेस्तिया' को यो भनाइ यही डिसेम्बर १७ मा संपन्न रुसी संसदको तल्लो सदन- दूमाको चुनावमा हूबहू चरितार्थ भएको छ ।

हो, यथार्थमा भएको त त्यहाँ संसदको चुनाव हो । तर संसदको चुनावमार्फत् नै बहुसंख्यक रुसी जनताले प्रष्टसित यो अभिमत जाहेर गरेका छन्- उनीहरू येल्तसीनको पूँजीवादी सुधारहरूबाट पाँचै वर्षमा वाक्कदिक्क भइसकेका छन् ।

रुसी जनताले येल्तसीनका पिठ्ठू प्रधानमंत्री भिक्टोर चेर्नोमेर्दिनको पार्टी **'हाम्रो घर रुस हो'** लाई संसदमा नराम्ररी पाखा लगाइदिएको छ। उसले फगत ९.९ प्रतिशत मत मात्र प्राप्त गरेको छ र मतसंख्याका हिसावले त्यो पार्टी तेस्रो स्थानमा धकेलिन पुगेको छ। रुसमा १९९१ का पूँजीवादी परिवर्तनका अर्का प्रणेता- एगोर गैदारले त फगत ४ प्रतिशत मत मात्र पाएकाले पार्टी सूचीका आधारमा उनको पार्टी दूमामा छिर्न समेत पाएन। अर्को सुधारवादी पार्टी **'याब्लोको ब्लक'** लाई पनि रुसी जनताले ७ प्रतिशत मत मात्र प्रदान गरे।

रुसी जनताहरू येल्तसीनको पूँजीवादी सुधारहरूप्रति के दृष्टिकोण राख्छन्? त्यो कुरा यो चुनाव परिणामले निकै राम्ररी छर्लंग पारेको छ। पुरानो दूमामा प्रतिवद्ध सुधारवादीहरूले ३० प्रतिशत स्थान ओगटिरहेका थिए। अहिलेको चुनावले उनीहरूलाई २४ प्रतिशतमा झारिदिएको छ।

## रुसी जनताले कुन पार्टीका पक्षमा कति प्रतिशत मतदान गरे ?

| *पार्टीको नाम* | *पाएको पार्टी मत प्रतिशत* |
|---|---|
| **रुसी महासंघीय कम्युनिष्ट पार्टी** | २२.३१ |
| **उदार प्रजातन्त्रवादी पार्टी** | ११.०६ |
| **रुसी जनसमुदायहरूको कंग्रेस** | ४.२९ |
| **रुसी श्रमिकहरू** | ४.५२ |
| **रुस नै हाम्रो घर हो** | ९.८९ |
| **याब्लोको पार्टी** | ६.९३ |
| **एग्रोगियन पार्टी** | ४[x] |
| **रुसका महिलाहरू** | ४[x] |
| **रुसको प्रजातान्त्रिक छनौट** | ४[x] |

स्रोत: रुसी केन्द्रीय निर्वाचन आयोग

[x] The Economist, London को भविष्यवाणी, डिसेम्बर २३, जनवरी ५, १९९६

रुसीहरूले संसदमा पहिलो र सबैभन्दा बेसी स्थान गेन्नाडी जुगानोभले नेतृत्व गरेको रुसी महासंघीय कम्युनिष्ट पार्टीलाई दिएका छन्। गएको चुनावमा फगत १२ प्रतिशत मत मात्र ल्याएको यो पार्टीले अहिले पार्टी सूचीमा सबैभन्दा बेसी अर्थात् २२.३ प्रतिशत मत हासिल गरेको छ। दूमामा यो एक्लैको १ सय ५८



चुनावी प्रचारमा जुगानोभ

सीट छ, जबकि येल्तसीनको कठपुतली प्रधानमंत्रीको पार्टीको ५४ सीट। यस प्रकार, संसदमा त्यो पार्टीलाई रुसीहरूले सबभन्दा ठूलो र बलियो पार्टी तुल्याएका छन्, जसको चुनावमा विघटित सोभियत संघलाई स्वेच्छिक रुपमा फेरि ब्यूँझाउने कुरा प्रमुख मुद्दाको रुपमा थियो।

यो घटनाले एउटा संकेत निकै राम्ररी दिएको छ- रुसी जनताले फेरि पुरानो सोभियत संघलाई संझन थालेका छन्। उनीहरूको अन्तःस्थलमा यो अनुभूति हुन थालेको छ- अहिलेको रुस र पूँजीवादी व्यवस्थाभन्दा पुरानो सोभियत संघ र समाजवादी व्यवस्था कता हो कता जाती थियो।

दूमामा पार्टी सूचीबाट चुनिन ५ प्रतिशत मतभन्दा बेसी ल्याउनु पर्ने संवैधानिक प्रावधान भएकोले अन्य वामपन्थी पार्टीहरू पार्टी सूचीबाट छिर्न नसके पनि हरेक चुनाव क्षेत्रमा प्रत्यक्ष मतदानद्वारा एक जना उम्मेदवार छानिने प्रावधान अनुसार अन्य पार्टीबाट थप २३ जना सांसदहरू चुनिएका छन्। तीमध्ये ल्याशीनले नेतृत्व गरेको एग्रेगियन पार्टीबाट २० जना छन्। कट्टर वामपन्थी मानिने एन्पिलोभले नेतृत्व गरेको दल- रुसी श्रमिकबाट ३ जना।

यी सब मिलाउँदा दूमामा यस पटक कम्तीमा १ सय ८१ जना वामपन्थीहरू पुग्न गएका छन्। गएको दूमामा वामपन्थीहरू र राष्ट्रवादीहरू मिल्दा मात्रै दूमाको ४० प्रतिशत स्थान उनीहरूको हातमा हुन्थ्यो। यस पटक वामपन्थी शक्ति एक्लैको मात्र पनि ४० प्रतिशत स्थानमा कब्जा हुन गएको छ। अझ, रुस संबन्धी चुनाव-विज्ञहरूको भनाइ छ- स्वतन्त्र भएर निर्वाचित ७० जना सांसदहरूमध्ये एक तिहाई वामपन्थी समर्थक हुन सक्छन्।

यस प्रकार दूमामा वामपन्थीहरूको झण्डै झण्डै बहुमत हुन सक्ने स्थिति पैदा भएको छ।

१९९३ को चुनावमा २२ प्रतिशत मत ल्याएर पहिलो स्थानमा रहेको ब्लादिमीर झिरिनोभ्स्कीको राष्ट्रवादी पार्टी-उदार प्रजातन्त्रवादी दलले यस पटक आफ्नो आधा मत वामपन्थीहरूको पक्षमा गुमाएको छ। यसले अहिले ११.०६ प्रतिशत मत ल्याएर दोस्रो स्थान ओगटेको छ र दूमामा ५१ सीट हासिल गरेको छ।

अफगान युद्धका प्रसिद्ध नायक जनरल ल्यावेदको राष्ट्रवादी पार्टी- रुसी जन समुदायहरूको कंग्रेसले पनि दूमामा निर्वाचन क्षेत्रबाट प्रत्यक्ष रुपमा निर्वाचितमध्येबाट ५ स्थान हासिल गरेको छ। ५ प्रतिशत मत ल्याउनु पर्नेमा मात्र ४.२९ प्रतिशत मत प्राप्त गरेकाले पार्टी सूचीबाट भने यसले दूमामा कोही पनि पठाउन सकेन। यो पार्टी पनि येल्तसीनको अराजक सुधारहरू र राष्ट्रिय आत्मसमर्पणको विरुद्धमा देखिन्छ।

यस प्रकार, संसदमा वामपन्थीहरू र राष्ट्रवादीहरूले हासिल गरेको कुल सीट जोड्दा २ सय ३७ हुन गएको छ, जबकि रुसी संसदमा स्पष्ट बहुमत ल्याउन २ सय २६ सीट भए पुग्छ। यो चुनावबाट रुसी संसदको शक्ति सन्तुलन बदलिएको छ। अब वामपन्थीहरू दूमामा निर्णायक शक्ति हुन गएका छन्। रुसी जनताले सत्तारुढ पार्टीलाई वामपन्थीहरूको सहमति विना

### 'हामी त नराम्ररी पराजित भयौं हैं !'

*प्रम चेर्नोमेर्दिन र राष्ट्रपति येल्तसीन*



### गेन्नाडी जुगानोभ को हुन् ?

*एक संक्षिप्त परिचय*

- **हाल अध्यक्षः रुसी महासंघीय कम्युनिष्ट पार्टी (पार्टी सदस्य संख्या ६,८०,०००)**
- **उमेरः ५१ वर्ष**
- **दक्षिणपश्चिम रुसका एक जना गाउँले शिक्षकका छोरा। पहिले जुगानोभ आफू पनि स्कूल शिक्षक।**
- **सन् १९६७ देखि पूर्णकालीन पार्टी कार्यकर्ता।**
- **सन् १९९० मा पार्टी केन्द्रीय समितिको** Ideology Department **मा सहायक प्रमुख रहँदा मिखाइल गोर्वाचोभको विरोध गर्दै छुट्टै कम्युनिष्ट पार्टी गठन गर्न पहल गरेका।**
- **सन् १९९१ मा गोर्वाचोभ विरुद्ध असफल विद्रोह हुँदा त्यसमा वैचारिक रुपमा नेतृत्वदायी भूमिका खेलेका।**
- **सन् १९९१ मा पार्टी प्रतिवन्धित भएपछि राष्ट्रवादी संगठनहरू र एग्रेगिएन पार्टीमार्फत् क्रियाशील रहेका।**
- **सन् १९९२ मा पार्टी फुकुवा भएपछि पुनः पार्टी गठन गरी यसको केन्द्रीय समितिको अध्यक्ष।**
- **१९९३ को येल्तसीन विरोधी सांसदहरूको विद्रोहमा क्रियाशील।**
- **वर्तमानमा मिश्रित अर्थतन्त्र र संसदीय गणतन्त्रको वकालत गर्ने।**
- **आगामी असारमा हुने राष्ट्रपतिको चुनावमा एक प्रमुख उम्मेदवार।**

*स्रोत: Time, January 8, 1995*

# रुसी महासंघीय दीर्घकालीन र ता

दीर्घकालीन कार्यक्रम

*पहिलो चरण*

❑ 'सुधारहरू' को विनाशकारी प्रभावमाथि नियन्त्रण गर्नका लागि,

❑ उत्पादनको गिर्दो क्रमलाई रोक्नका लागि,

❑ मेटेनटकश जनताका आधारभूत सामाजिक र आर्थिक अधिकारहरूको ग्यारेन्टीका लागि र,

❑ राज्यको सम्पदा र स्रोत-साधनमाथि जनताको नियन्त्रणलाई सुनिश्चित गर्नका लागि

कम्युनिष्टहरूले आफ्ना अन्य सहयोगीहरूसँग मिलेर राष्ट्रिय सहमतिको सरकार गठन गर्ने !

❑ त्यस्तो सरकारले सोभियत संघको विघटनले ध्वस्त पारेका क्षेत्रहरू, देशको स्वतन्त्रता र सुरक्षाको ग्यारेन्टी गर्ने छन् र ?

❑ राजनीतिक एकजुटताका लागि काम गर्नेछन् ।

*दोस्रो चरण*

❑ राजनीतिक स्थायित्व स्थापित गरेपछि, मजदूर वर्गको सहभागिता हुने स्वशासन र जनशक्तिको संगठनको निर्माणमा धेरै सक्रियतापूर्वक भाग लिने

❑ संक्रमणको यो कालमा समाजवादी स्वरुपको अर्थव्यवस्थाको नेतृत्वकारी भूमिका बनाउने ।

*तेस्रो चरण*

❑ चरणबद्ध ढंगले अर्थ-व्यवस्थामाथि समाजवादी मजदूरहरूलाई प्रभावशाली बनाउने र उत्पादनका साधनहरूमाथि जनताको नियन्त्रणको आधिपत्य कायम गर्ने ।

❑ समाजवाद अन्तर्गत कम्युनिष्ट समाजको लागि जरुरी पूर्वाधारहरू निर्माण गर्ने, जहाँ प्रत्येक व्यक्तिको स्वतन्त्र विकास हुनेछ, सबैको सिर्जनशीलताको अभिवृद्धि हुनेछ ।

तात्कालिक कार्यक्रम

यो कार्यक्रम कार्यनीतिक लक्ष्यहरू हासिल गर्ने दिशातर्फ उठाइने कदमहरूसँग सम्बन्धित छ । वर्तमान जनविरोधी शासन व्यवस्था अन्तर्गत सामाजिक, आर्थिक र राजनीतिक स्थायित्त्व प्राप्त नहुने भएकाले समाजवादी विकासतर्फ



*'यो जित जनताको जित हो !'*

**रूसी महासंघीय कम्युनिष्ट पार्टीका अध्यक्ष क. जुगानोभ**

संसदमार्फत् केही पनि गर्न गाऱ्हो पर्ने स्थितिमा पुऱ्याएका छन् ।

**कारणः**

किन यति छिटै येल्तसीनका पूँजीवादी सुधारहरू यति धेरै अलोकप्रिय भए त ? किन रुसी जनताहरू फेरि सोभियत संघकै स्मरण गर्न लागे ?

पूँजीवादी संचार माध्यमका विश्वप्रसिद्ध समाचार संस्थाहरूमध्ये एक एशोसिएटेड प्रेस (AP) स्वयंले यस सम्बन्धमा यसरी लेखेको छ- "सुधार सारै नै अलोकप्रिय भएको छ । थुप्रै रुसीहरूले आफ्नो जीवनस्तरमा चर्को ह्रास आएको देखेका छन् । मजदूरहरू र पेन्सनवालाहरूलाई एकै खेपमा महिनौं दिनसम्म कुनै पैसा भुक्तान गरिएको छैन, अपराध र भ्रष्टाचार चरम भएको छ र आयुदर समेत घट्न थालेको छ । देशका यी समस्याहरूको निम्ति मुख्य आरोप येल्तसीनमाथि एवं उनीद्वारा मनोनित प्रधानमंत्री चेर्नोमेर्दिनमाथि लगाइँदैछ । (The Economic Times, 19 December 1995)

प्रसिद्ध अमेरिकी समाचार पत्र The NewYork Times ले यसैबारे यसरी लेखेको छ- "रोटी सस्तो थियो, रोजगारीहरू प्रशस्त थिए, शिक्षा सार्वजनिक थियो, स्वास्थ्य सेवा निःशुल्क थियो र विदाहरू अनुदानयुक्त थिए ।

तर अहिले जनताहरू बेरोजगारीको, मुद्रास्फीतिको, अपराधको र अरु समस्याहरूको स्वाद चाख्दै छन्, जुन प्रजातन्त्र सँगसँगै आएका छन् । नयाँ कम्युनिष्टहरूको निम्ति पुराना दिनहरू साँच्चै नै निकै राम्रा थिए भन्नका लागि यो बुद्धिमानीपूर्ण राजनीतिक अवसर हो ।"

यस पत्रिकाले अगाडि लेखेको छ- "धेरै रुसीहरू, खास गरी वृद्धहरू र अझै ग्रामीण क्षेत्रमा रहिरहेकाहरू साम्यवाद सँगसँगै आएको सुरक्षा कम्बलप्रति साँच्चै नै आकर्षित देखिन्छन् । सोभियत साम्यवादले त्यस्तो कोरा सुरक्षाको जालो प्रदान गरेको थियो कि त्यसले नागरिकहरूलाई के भ्रम पार्थ्यो भने, कम्युनिष्ट पार्टीले उनीहरूको स्वार्थमाथि ध्यान दिइरहेछ । खुला बजार अर्थतन्त्रले त्यो सुरक्षाको जालो खत्तम पारिदिएको छ ।" (Herald Tribune, December 22/1995 बाट)

लण्डनबाट प्रकाशित हुने विश्वप्रसिद्ध पूँजीवादी पत्रिका "The Economist" ले ठीक यस्तै धारणा प्रस्तुत गरेको छ । त्यसले लेखेको छ- "सुधारको असफलताले कम्युनिष्टहरूलाई फिर्ता ल्याउने होइन, बरु सोभियतकालको संझना र गिर्दो जीवनस्तरप्रतिको आक्रोशले उनीहरूलाई फिर्ता ल्याएको हुन सक्छ ।" (The Economist, 23 December- 5 January 1996 बाट)

यस्तै धारणा मिखाइल गोर्वाचोभले पनि व्यक्त गरेका छन् । चुनाव

## रुसी संसद अब कस्तो देखिनेछ ?

| *पार्टीको नाम* | *सीट* | *सीटको प्रतिशत* |
|---|---|---|
| रुसी महासंघीय कम्युनिष्ट पार्टी | १५८ | ३५.११ |
| एग्रेगियन पार्टी | २० | ४.४४ |
| उदार प्रजातन्त्रवादी पार्टी | ५१ | ११.३३ |
| रुसी जनसमुदायहरूको कंग्रेस | ५ | १.११ |
| स्वतन्त्रहरू | ७७ | १७.११ |
| याब्लोको पार्टी | ४५ | १०.० |
| हाम्रो घर रुस हो | ५४ | १२.० |
| रुसको प्रजातान्त्रिक छनौट | ९ | २.० |
| जनतालाई शक्ति | ८ | १.७७ |
| रुसका महिलाहरू लगायत अन्य साना पार्टीहरू | २३ | ५.११ |
| जम्मा - | ४५० | |

स्रोत रूसको केन्द्रीय निर्वाचन आयोग

## कम्युनिष्ट पार्टीको त्कालीन कार्यक्रम

जानु पर्दछ ।

त्यसको लागि विपक्षमा रहेर पनि पार्टीले उपलब्ध सबै कानूनी तरीकाहरूबाट निम्न लक्ष्यहरू हासिल गर्नका लागि काम गर्ने छ–

❑ राजनीतिक संकटको शान्तिपुर्वक समाधानको लागि तुरुन्त नै राष्ट्रपति पदको चुनावको माध्यमले राष्ट्रिय सहमतिको सरकार गठन गर्ने ।

❑ गणराज्यहरूको आपसी संघर्ष रोक्ने ।

❑ जनतामा सहयोग र भाइचारालाई मजनूत गर्ने

❑ सत्तामा मजदूर वर्गकका प्रतिनिधिहरूलाई अधिकतम हिस्सेदारीको ग्यारेनटी गर्ने

❑ मजदूरहरूको सहभागितामा स्वशासन स्थापना गर्ने ।

❑ भूमि र प्राकृतिक स्रोत-साधनहरूको व्यक्तिगत स्वामित्वको हकमाथि प्रतिवन्ध लगाउने र त्यसको खरीद-बिक्रीमाथि रोक लगाउने ।

❑ बेरोजगारीको विरुद्ध संघर्ष गर्ने ।

❑ जिउनका लागि अत्यावश्यक न्यूनतम स्तरको रोजगारीको ग्यारेन्टीको लागि कानून बनाउने ।

❑ रुसी तथा सोभियत संघको इतिहास र लेनिन स्मृति एवं उहाँका शिक्षाहरूको विरुद्ध चलाइने निन्दा अभियानहरूमाथि रोक लगाउने ।

❑ सोभियत संघको विघटनको संझौतालाई नकार्ने ।

❑ स्वेच्छाको आधारमा एकीकृत राष्ट्रको पुनर्गठन गर्ने ।

❑ नयाँ संविधान बनाउने ।

❑ कानून अनुसार काम गर्ने सबै राजनीतिक शक्तिहरू र जनताका लागि जनसंचार माध्यमहरू खोल्ने ।

❑ सरकारका जनविरोधी गतिविधिहरू रोक्नका लागि ठूला ठूला नागरिक अवज्ञा आन्दोलनसहित संसदीय र गैरसंसदीय संघर्षका कार्यक्रमहरू संचालन गर्ने ।

(गत जनवरी १९९५ मा मस्कोमा सम्पन्न रुसी महासंघको कम्युनिष्ट पार्टी (CPRF) को तेस्रो महाधिवेशनद्वारा पारित)

*—स्रोत: लोक लहर, फरवरी ५, १९९५, CPI (M) को मुखपत्र*

परिणामको लगत्तैपछि टिप्पणी गर्दै उनले भनेका छन्- "कम्युनिष्टहरूले सामाजिक ग्यारेण्टीहरूका संझनाहरूबाट फाइदा उठाएका छन्, जुन अहिले विद्यमान छैन । (Herald Tribune, December 19,1995)

यी चार वटै भनाइहरूले एक साथ एउटै धारणा अघि सारेका छन् । त्यो के भने, सोभियतकालमा रुसी जनताको जीवनस्तर अहिलेभन्दा धेरै उँचो थियो । त्यतिखेर जनतालाई धेरै कुराको सामाजिक ग्यारेण्टी थियो, जुन अहिले खत्तम भएको छ । यही कारणले येल्तसीनको पूँजीवाद अहिले निकै अलोकप्रिय भएको छ ।

यी भनाइहरू प्रसिद्ध पूँजीवादी संचार माध्यम आफैले र रुसमा अन्ततः पूँजीवादलाई नांगो रुपमा स्थापित गर्ने रुसी नेता आफैले भनेका भनाइहरू हुन् र यी भनाइमा प्रशस्त सत्यता पनि छ । उनीहरू स्वयं यो कुरा स्वीकार्न बाध्य छन् कि सोभियतकालमा जनतालाई अहिलेभन्दा निकै सुरक्षा र सुख थियो ।

सरकारी तथ्याङ्कहरू स्वयंमले देखाइरहेका छन्- रुसमा अहिले महँगी वर्षेनी १८५ प्रतिशतका दरले बढिरहेछ । रुसी रुबल, जसको भाउ सोभियत-कालमा स्थिर थियो र एक रुबल बराबर डेढ अमेरिकी डलर मूल्य थियो, अहिले यति धेरै अवमूल्यन भएको छ कि एक अमेरिकी डलर किन्न ४हजार ६ सय ३२ रुबल तिर्नुपर्छ । एक डालो रुबल लिएर गयो भने एक जोर असल जुत्ता पनि नपाइने स्थिति रुसमा पैदा भएको छ । रुसी जनताको सबैभन्दा बेसी विजोग यही महँगीले पारेको छ । (हेर्नुहोस् आँखीझ्याल) ।

गएको चार वर्षमा राज्यको स्वामित्व भएको ६० प्रतिशत अर्थतन्त्रलाई निजीकरण गरिएको छ । उद्योग, व्यापार र पूरै अर्थतन्त्र माफीया र विदेशका ठूला पूँजीपति वर्गको हातमा थुप्रिन पुगेको छ । असंख्य कारखानाहरू बन्द हुन पुगेका छन् । यी सबैले बेरोजगारीको समस्यालाई विकराल बनाइदिएको छ । महँगी र वेरोजगारीले गर्दा वेश्यावृत्ति व्यापक हुन गएको छ ।

यसबाट सबैभन्दा बेसी विजोग बूढा र केटाकेटीहरूको हुन गएको छ । (हेर्नुहोस् आँखीझ्याल) ।

रुसमा पेन्सनमा बाँचेका वृद्धहरू नै ३ करोड छन् । उनीहरूमध्ये धेरैले महिनौसम्म पेन्सनको एक फुट्टी रकम पनि पाएका छैनन् । महिनौंसम्म मजदूरहरूको ज्याला दिइएको छैन । उनीहरू यो स्थितिमा कसरी बाँचे होलान् ?

अभाव र लोभले अपराध जन्माउँछ । रुसमा, त्यसैले, अहिले अपराध सामान्य कुरा भएको छ । चोरी, डकैती आम भएको छ । भ्रष्टाचार खुलेआम भएको छ ।

जतिखेरदेखि रुसमा बजार-अर्थतन्त्र हावी भयो, रुसको कुल घरेलु उत्पादन पनि लगातार घटिरहेछ । १९९१ मा, सरकारी तथ्यांक समिति- गोस्कोम स्ट्याटका अनुसार, कुल घरेलु उत्पादन १२.८ प्रतिशतले घटेको थियो । १९९२ मा यो अझ १९.२ प्रतिशतले घट्यो, १९९३ मा १२ प्रतिशतले र १९९४ मा १५ प्रतिशतले घट्यो । १९९५ को पहिलो ६ महिनामा यो ६ प्रतिशतले घटिरहेको दावी "एशिया वीक" को छ । रुस पूँजीवाद अन्तर्गत कसरी लगातार ओरालो लागिरहेछ, त्यसको ज्वलन्त उदाहरण यही तथ्यांक एक्लैले पनि प्रस्तुत गरेको छ ।



*क. स्तालिनका ११६ औं जन्मदिवस मनाउने क्रममा कम्युनिष्ट-हरुद्वारा गरिएको प्रदर्शनको एक झलक*




**यो रुसी हतियार, जो फ्याक्नेमाथि नै आएर ठोकियो**

त्यसैले सोभियतकालमा भन्दा गएको ५ वर्षमा रुसी जनताको जीवनस्तर निकै घट्नु र रुसी जनतालाई पुरानो सोभियत संघको संझना हुनु बिलकुलै स्वाभाविक छ ।

येल्तसीनको शासन व्यवस्थाको अलोकप्रियताको अर्को प्रमुख कारण थियो- रुसी जनताको घाइते र अपमानित राष्ट्रिय भावना ।

यो कारक तत्वलाई पूँजीवादी संचार माध्यमहरूले भने उल्लेख गर्न छुटाउने गरेको पाइएको छ । सोभियत संघ हुँदा विश्वकै एउटा सबैभन्दा सबल र शक्तिशाली राष्ट्रका रुपमा संसारसामु चिनिरहेको एउटा राष्ट्र अहिले अमेरिकाको कठपूतलीको रुपमा

# रूसी महासंघीय कम्युनिष्ट पार्टी संबन्धी केही महत्त्वपूर्ण तथ्यहरू

❑ २४ वैकल्पिक सदस्यहरू सहित १ सय ४० सदस्यीय केन्द्रीय समिति

❑ १९ सदस्यीय अध्यक्ष मण्डल

❑ अध्यक्ष मण्डलका अध्यक्ष- गेन्नाडी जुगानोभ

❑ प्रथम उपाध्यक्ष- कुत्पसोभ, जो १९९१ मा सोभियत संघको कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाइँदा रुसी महासंघीय कम्युनिष्ट पार्टीका सचिव थिए ।

❑ पाँच सदस्यीय सेक्रेटारियट, जसमा पूर्व सोभियत संघको सर्वोच्च सोभियत संसदका सभामुख- लुक्यानोभ पनि एक मात्र सदस्य छन् ।

❑ यो पार्टीले मार्क्सवाद-लेनिनवादको सिद्धान्तमा आफू कायम रहेको दाबी गर्दछ ।

❑ सर्वहारा अन्तर्राष्ट्रवादका परम्पराहरूप्रति वफादार हुने संकल्प गर्छ ।

❑ बदलिएको विश्व परिस्थितिमा अन्तर्विरोध नयाँ-नयाँ रुपमा अगाडि आइरहेको र त्यसलाई नयाँ तरीकाले नै हल गरिनु पर्ने विचार व्यक्त गर्छन् ।

❑ साम्राज्यवादसँगको संघर्ष मध्यपूर्वमा, बाल्कन र ककेशसमा (चेचेन्या भएको क्षेत्र) सबैभन्दा तीखो ढंगले अभिव्यक्त हुँदैछ । यो पार्टी सर्वहारा अन्तर्राष्ट्रवादलाई बहुराष्ट्रिय निगमविरुद्ध र साम्राज्यवाद विरोधी कठोर संघर्षको क्रममा सबै देशभक्तहरूको एकताको रुपमा हेर्दछ ।

## रूसको कुल घरेलु उत्पादन कसरी घट्दैछ ?

**पूँजीवाद अप्नाएपछि रुसमा अघिल्लो बर्षको तुलनामा कुल घरेलु उत्पादनमा भइरहेको ह्रास**

**सरकारी तथ्यांक**

| | | |
|---|---|---|
| १९९१ | मा | -१२.८ |
| १९९२ | मा | -१९.२ |
| १९९३ | मा | -१२.० |
| १९९४ | मा | -१५.० |
| १९९५ | मा | - ६.०* |

*१९९५ को पहिलो छ महिनाको तथ्यांक

स्रोत: *Goskomstat*

*(रुसी सरकारी तथ्यांक समिति)* १९९५

*Asia Week, Dec 8, 1995*

चिनिरहेको र हर क्षण सारा पूँजीवादी राष्ट्रसामुन्ने भीख मागिरहेको दृश्यले रुसी राष्ट्र निकै अपमानित र आहत महसुस गरिरहेको देखिन्छ । रुसी जनताको यो घाइते र अपमानित राष्ट्रिय भावनाले पनि उनीहरूलाई पुरानो महान सोभियत संघको स्मरणतिर डोऱ्याइरहेको छ ।

गेन्नाडी जुगानोभको कम्युनिष्ट पार्टीले दूमाको चुनावमा रुसी जनताका यिनै समस्याहरू र भावनाहरूलाई पक्रन खोजेको देखिएको छ । त्यसैले त उनको पार्टीले पुरानो सोभियत संघलाई व्युँझाउने नारालाई प्रमुख चुनावी नाराको रुपमा प्रस्तुत गरेको छ र त्यस नाराले रुसी जनतालाई छोएको देखिएको छ ।

चुनावी घोषणा पत्रमा उनको पार्टीले रुसको इज्जत र शक्तिलाई पुनर्स्थापित गर्ने वाचा पनि अघि सारेको छ ।

जुगानोभको पार्टीका अन्य प्रमुख चुनावी वाचाहरू छन्- जनताको जीवनस्तर माथि उठाउने, खाद्य पदार्थमा राज्यले अनुदान दिने, सामाजिक सुरक्षा खर्चमा भारी वृद्धि गर्ने , अर्थतन्त्रको व्यवस्थापन राज्यले नै गर्ने र प्रमुख उद्योगहरू राज्यको मातहतमा ल्याउने, आफ्नो संपत्तिको वैध स्रोत देखाउन नसक्नेहरूको संपत्ति जफत गर्ने आदि ।

राजनीतिक रुपमा उनको पार्टीको कार्यक्रम रहेको छ- राष्ट्रपतिको विशेषाधिकारको अन्त गर्ने र रुसमा संसदीय गणतन्त्र स्थापित गर्ने ।

आर्थिक रुपमा उनको पार्टीले मिश्रित अर्थतन्त्रको वकालत गरेको छ । उनको पार्टीले निजीकरणको विरोध गरेको छ, तर विदेशी बहुराष्ट्रिय कंपनीको निजी लगानीको भने स्वागत गरेको छ ।

जम्माजम्मीमा हेर्दा, उनको पार्टीका कार्यक्रमहरू विद्यमान पूँजीवादी व्यवस्थामा आमूल परिवर्तनतिर उन्मुख भने देखिन्नन् । उनका कार्यक्रमहरू अहिलेको व्यवस्थाकै सीमाभित्र सुधारहरू गरेर गर्न सकिने चरित्रका देखिन्छन् । त्यसैले, उनको चुनावी कार्यक्रमको चरित्र सामाजिक जनवादी देखिन्छ, सुधारवादी देखिन्छ ।

रुसी जनताको अहिलेको चेतनास्तरसँग मिल्दोजुल्दो भएकाले नै जुगानोभको पार्टीको कार्यक्रम सर्वाधिक लोकप्रिय भएको छ । दूमामा सबैभन्दा बलियो पार्टीका रुपमा उनको पार्टी आउन सक्नुका पछाडि यिनै कारणहरू विद्यमान देखिन्छन् ।

**असरहरू**

के अब त्यसो भए सोभियत संघ व्युँझला त ? के जुगानोभले आफ्ना चुनावी वाचाहरू पूरा गर्न सक्लान् ? के रुसमा समाजवाद फर्केला ?

यस्ता प्रश्नहरू अहिले विश्वभरि उठिरहेछन् ।

तीन वटै प्रश्नमा सकारात्मक जवाफ दिन सक्ने स्थिति भने अहिले रुसमा विद्यमान भएँको चाहिं देखिंदैन ।

दूमामा दुई तिहाई बहुमत कायम

## आगामी असारमा हुने राष्ट्रपतिको चुनावका संभावित उम्मेद्वारहरू

राष्ट्रवादी जनरल ल्यावेद



वामपन्थी नेता क. जुगानोभ



नभइकन रुसी संसदमा खालि साधारण बहुमत ल्याएर केही पनि गर्न सक्ने व्यवस्था रुसको नयाँ संविधानले गरेको छैन । रुसी संसदले पास गरेको कुनै पनि विधेयकलाई राष्ट्रपतिले भिटो प्रयोग गरेर खतम गर्न सक्छन् । राष्ट्रपतिको भिटोलाई निशस्त्र पार्न संसदमा दुई तिहाई बहुमत हुनु अनिवार्य छ । दुई तिहाई बहुमत नभइकन राष्ट्रपति विरुद्ध महाअभियोग प्रस्ताव पनि पारित गर्न नसकिने व्यवस्था रुसको नयाँ संविधानले गरेको छ ।

**जुगानोभका सुधारहरू तब मात्रै कार्यान्वयन हुन संभव हुने छन्, जब राष्ट्रपतिमा उनी आफैं वा उनको पार्टीको उम्मेदवार निर्वाचित हुनेछ।**

रुसको वर्तमान संविधानले संसदलाई निकै अधिकारविहीन बनाएको छ । सबैभन्दा अधिकारसंपन्न स्थितिमा राखिएका छन्- रुसका राष्ट्रपति ।

अहिलेको संविधान अनुसार संसदमा बहुमतमा कुनै पार्टी आउँदैमा त्यसले त्यहाँ सरकार गठन गर्न पाउँदैन । सरकार राष्ट्रपतिले गठन गर्छ र राष्ट्रपतिप्रति नै उत्तरदायी हुन्छ । राष्ट्रपतिले चाहे भने कुनै पनि बेला संसद विघटन गर्न सकिने व्यवस्था छ । रुसका राष्ट्रपति संसारका सबैभन्दा शक्तिशाली राष्ट्रपतिमध्ये प्रमुख एकका रुपमा विद्यमान छन् ।

यो स्थितिमा जुगानोभको पार्टी, जसले संसदमा सबैभन्दा बेसी मत हासिल गरेको छ, त्यसको मनोवैज्ञानिक र सामाजिक महत्त्व त निकै छ, तर वैधानिक र राजनीतिक महत्त्व भने निकै कम छ । जुगानोभको पार्टीको अहिलेको बहुमतले न विघटित सोभियत संघ नै फेरि ब्युँझाउन सक्ने छ, न आफ्ना चुनावी वाचा पूरा गर्न नै । त्यसले येल्तसीनले चाहेका कानून पारित गर्न नदिने स्थिति भने खडा गर्न सक्ने छ । जुगानोभको पार्टीको सहमति विना अब कुनै पनि विधेयक दूमाबाट पास हुन मुश्किल छ । उनको पार्टीले चुनावी वाचा पूरा गर्न खोज्नासाथ सबैभन्दा ठूलो व्यवधानको रुपमा खडा हुनेछ- राष्ट्रपतिको विशेषाधिकार ।

त्यसैले राष्ट्रपतिको विशेषाधिकार र रुसी संसदका् बीचमा टकरावको घटना अब रुसमा बारंबार घट्नसक्ने संभावना छ । संसदको बहुमतले केही निर्णायक कुरा गर्न खोज्यो भने संसद विघटन गर्ने घटना जुनसुकै बेला घट्न संभव छ ।

येल्तसीनले ल्याएको पूँजीवादी सुधारको प्रक्रिया यो चुनावको परिणामपछि पनि रोकिन सक्ने छैन, यो केही धीमा मात्र हुनेछ । येल्तसीनले चुनावको लगत्तैपछि घोषणा पनि गरिसकेका छन् - "रुसले सुधारको बाटो छोड्ने छैन ।"

मुटुको रोगबाट पीडित येल्तसीनले अस्पतालबाट निस्कने वित्तिकै क्रेम्लिनको सडकमा रुसी पर्यटकहरू र पत्रकारहरूलाई बताए- "यसबारे चिन्ता नगर्नुस्, सबै कुरा ठीकठाक हुनेछ । हामी कसैलाई पनि पछाडि फर्कने अवसर दिने छैनौं" । उनले चेतावनी पनि दिए- "यदि कसैले स्थितिलाई पछिल्तिर लाने प्रयत्न गऱ्यो भने, दुर्दशा हुन सक्छ" ।

यो स्थितिमा सबैको ध्यान आगामी जून १६ (असार २ गते) मा हुने राष्ट्रपति चुनावमा केन्द्रित भएको छ । जुगानोभका सुधारहरू तब मात्रै कार्यान्वयन हुन संभव हुने छन्, जब राष्ट्रपतिमा उनी आफै वा उनको पार्टीको उम्मेदवार निर्वाचित हुनेछ । अहिले त येल्तसीनले मंत्री मण्डलमा साधारण पुनर्गठन मात्र गर्न संभव छ, बाहिर अनुहार फेरिएको भ्रम दिनका लागि । यसैका लागि उनले आफ्ना विदेश मंत्री आन्द्रेइ कोजिरेवलाई बदलिसकेका पनि छन् । किनकि उनी अमेरिकाको दलालका रुपमा जनसमक्ष सारै बदनाम छन् ।

अहिलेको चुनाव असारमा हुने राष्ट्रपति चुनावका लागि ग्रायण्ड रिहर्सल जस्तो भएको छ । चुनाव परिणामले के देखाएको छ भने यदि रुसका वामपन्थीहरूले त्यहाँका राष्ट्रवादीहरूसित एकतावद्ध भएर राष्ट्रपति पदमा एउटा मात्र उम्मेदवार खडा गरे भने उनीहरूको विजय सुनिश्चित छ । उनीहरू अहिले त्यही गर्न लाग्दैछन् । जुगानोभले भनेका छन्- हामी जोसित पनि एकता गर्न तयार छौं ।

अहिले राष्ट्रपतिका उम्मेदवारका रुपमा जुगानोभको नाम अगाडि आइरहेको छ । राष्ट्रवादी जनरल ल्यावेदले वामपन्थीहरूको समर्थन प्राप्त भएमा आफू उम्मेदवार हुने घोषणा गरेका छन् ।

अब अमेरिका र सारा पश्चिमेली पूँजीवादी विश्व पनि रुसी राष्ट्रपतिको "सही उम्मेदवार" को छनौटमा केन्द्रित भएको छ । उनीहरू अब येल्तसीन सारै बदनाम भइसकेकाले अर्कै कुनै बदनाम नभएको अनुकुल व्यक्ति खोज्दैछन् । उनीहरूको नजर दुई जनामाथि परेको बुझिएको छ । अमेरिकाको प्रसिद्ध पूँजीवादी पत्रिका TIME ले राष्ट्रवादी झिरिनोभ्स्कीको नाम राष्ट्रपतिको उम्मेदवारको लागि उपयुक्त हुने सुझाएको छ । अरु केहीले राष्ट्रवादी जनरल ल्यावेद र हालका प्रधानमंत्री चेर्नोमेर्दिनको नाम सुझाएका छन् ।

पूँजीवादी खेमामा अहिले नेतृत्वको

## कसले के भने ?

**"कम्युनिष्टहरूले मतदाताहरूको सामाजिक सुरक्षाका ग्यारेण्टीहरूको संझनालाई उपयोग गरेका छन्, जुन अहिले विद्यमान छैन ।"**

*-मिखाइ, एस्. गोर्बाचेभ*
*अन्तर्राष्ट्रिय Herald Tribune बाट*

**"यस बारे चिन्ता नगर्नोस् । सबै कुरा राम्रो हुनेछ । हामी कसैलाई पनि पछिल्तिर फर्कन अवसर दिने छैनौं । अहिले रुसको परिस्थिति यस्तो छ कि यसलाई पछिल्तिर धकेलियो भने दुर्दशा हुन सक्छ ।"**

*-राष्ट्रपति बोरीस येल्तसीन*
*The Economic Times बाट*

**"यो चुनाव सरकारप्रतिको अविश्वासको प्रस्ताव हो । विश्वासको स्तर त्यति न्यून भएपछि उनीहरू वर्तमान नीतिलाई जारी राख्न असमर्थन् हुनेछन् ।**

*-अध्यक्ष गेन्नाडी जुगानोभ*
*रुसी महासंघीय कम्युनिष्ट पार्टीका नेता*

**"जनताहरू सरकारलाई यति घृणा गर्छन् कि उनीहरू यसका कट्टर दुश्मनहरूलाई समेत समर्थन् गर्छन् ।**

*ग्रीगोरी यालिस्क*
*रुसको एउटा पूँजीवादी सुधारवादी पार्टी याब्लोको ब्लकका नेता*

## विश्वको पूँजीवादी साम्राज्यवादी खेमाले उठाउन सक्ने संभावित उम्मेदवारहरू



प्रम चेर्नोमेर्दिन

राष्ट्रवादी नेता झिरिनोभ्स्की



संकट परेको टड्कारै देखिएको छ। त्यसैले, को उठाउँदा पूँजीवादी विश्वको स्वार्थअनुकुल हुन्छ भनेर तय गर्न फेब्रुवरी महिनासम्मको समय लिन लागिएको छ। येल्तसीनले आफू उठ्ने वा नउठ्ने कुरा त्यतिखेर मात्र घोषणा गर्ने बताएका छन्। उपयुक्त उम्मेदवार भेटिएन भने जुन महिनाको चुनाव नै पछि सार्ने संभावना पनि विद्यमान छ।

राष्ट्रपति पदमा जुगानोभको नै विजय भएको स्थितिमा पनि सोभियत संघलाई पुनर्जिवित गर्नु असंभव छैन, तर असाध्य गाह्रो भने अवश्य छ। अहिले अमेरिकी परराष्ट्रनीतिको मुख्य उद्देश्य नै विश्वमा अर्को कुनै महाशक्तिको उदय नै हुन नदिने रहेको छ। यो उद्देश्य पूरा गर्न उनीहरू हरसंभव कुराहरू गर्न तयार देखिन्छन्। यतिसम्म कि- युद्ध पनि। त्यसैले, यो सबै व्यवधानसँग जुधेर मात्र सोभियत संघको पुनर्स्थापना हुन सक्छ, त्यो पनि संबन्धित घटकले इच्छायो भने मात्र।

समाजवादको पुनर्स्थापना भने जुगानोभले जिते भने पनि हुने छैन। किनभने, त्यो उनको पार्टीको तात्कालिक कार्यक्रम नै हैन। उनको पार्टीको राजनीतिक कार्यक्रम संसदीय गणतन्त्रमा पुग्ने मात्रै छ। उनको पार्टीले अहिले बढी भन्दा बढी, राष्ट्रपतिको विशेष अधिकार खत्तम गर्नेछ र देशमा मिश्रित अर्थतन्त्र लागू गर्नेछ।

**आवश्यकता**

रुसी जनताको अहिले जुन मनस्थिति छ, त्यो सोभियत संघको र समाजवादको पुनर्स्थापनाको लागि निकै अनुकुल देखिएको छ। यस्तै मनस्थिति छिमेकी देश युक्रेन, वेलारुस र उज्बेकिस्तानमा पनि देखिएको छ, जो पहिले सोभियत संघका संघटक राज्यहरू थिए। त्यहाँ आवश्यक देखिएको छ- सही कम्युनिष्ट नेतृत्वको। सचेत रुसी जनताहरू स्वयंमले त्यस्तो नेतृत्व विकास गर्न पहल गर्नु अहिलेको प्रमुख आवश्यकता हो।

अहिलेको वामपन्थी विजय मात्रात्मक प्रगतिको हिसावले निकै राम्रो कुरा हो। तर रुसी जनताले चाहेको त अहिलेको दुर्दशाग्रस्त स्थितिमा सुधार मात्र होइन, आमूल परिवर्तन हो। काम सुधारबाटै थालियोस्, तर त्यो कुनै पनि हालतमा सुधारमा मात्रै सीमित नहोस्, आमूल परिवर्तनतिर लक्षित होस्। यस्तो क्रान्तिकारी पहलको आवश्यकता अहिले रुसमा खट्किएको छ।

के जुगानोभको कम्युनिष्ट पार्टीले यो आवश्यकता पूरा गर्न आफूलाई तम्तयार पार्न र बदल्न सक्छ ?

अहिलेको मूलभूत प्रश्न यही भएको छ। ❑



## मूल्यांकन मासिकलाई रूसी कम्युनिष्ट पार्टीको शुभकामना

*Happy New Year*

*Our Best Wishes To You*

*Центральный Комитет Всесоюзной Коммунистической партии большевиков поздравляет с наступающим Новым 1996 годом.*
*Мы желаем Вам, всем членам редакции Вашего журнала успехов в нашей общей борьбе за интересы человека труда.*
*Счастья, здоровья, благополучия всем вам в Новом году!*

*Нина Андреева*
*Генеральный секретарь ЦК ВКПБ*
*5 декабря 1995 года*

**नव वर्ष १९९६ को उपलक्ष्यमा**
**अखिल संघीय बोल्शेभिक कम्युनिष्ट पार्टीको केन्द्रीय समिति शुभकामना व्यक्त गर्दछ।**
*तपाईंको पत्रिकाको सम्पूर्ण परिवारलाई श्रमजीवी जनताको हितमा गरिने संघर्षमा सफलता मिलोस्। सुख, संवृद्धि, सुस्वास्थ्य, प्रगतिको शुभकामना।*

**निना आन्द्रेएभा**
महासचिव, केन्द्रीय समिति
अखिल संघीय बोल्शेभिक कम्युनिष्ट पार्टी
५ डिसेम्बर, १९९५

# रुसी संसदको तल्लो सदन दूमाको चुनाव कसरी हुन्छ ?

रुसी संसदको तल्लो सदन दूमामा जम्मा ४ सय ५० सीट छन्। तीमध्ये २ सय २५ सीट पार्टीहरूको लागि विशेष रुपमा छुट्याइएको छ। पार्टीले पाएको कुल मतलाई आधार मानेर पाएको मतको अनुपातको आधारमा कुन पार्टीले कति सीट पायो, त्यो तय गरिन्छ र त्यसमा को पठाउने भन्ने कुरा पार्टीले छनौट गर्दछ। यसरी २ सय २५ सीट भरिन्छ। पार्टीले यसरी दूमामा मतको अनुपातको आधारमा आफ्ना मानिस पठाउन उसले घटीमा ५ प्रतिशत मत पाएकै हुनुपर्छ। नत्र पार्टीले पाएको मत खेर जान्छ, दूमामा उसले कोही पनि पठाउन पाउँदैन।

अर्को २ सय २५ सीट चाहिं एक जिल्ला, एक चुनाव क्षेत्र, एक उम्मेदवारको सिद्धान्तको आधारमा मतदाताहरूबाट सिधै निर्वाचित हुन्छन्।

यसको तात्पर्य- हरेक जिल्ला चुनाव क्षेत्रमा प्रत्येक नागरिकलाई दुई वटा मत हाल्न भनिन्छ- एउटा आफूलाई मन परेको पार्टीलाई, अर्को आफूलाई मन परेको स्थानीय उम्मेदवारलाई। त्यसैबाट कुन पार्टीले कति प्रतिशत मत पायो र कुन उम्मेदवार चुनाव क्षेत्रबाट जित्यो भन्ने कुरा तय गरिन्छ।

यसपल्ट रुसका चार वटा पार्टीले मात्र ५ प्रतिशत वा त्योभन्दा बेसी मत प्राप्त गर्न सके। कुल ४३ वटा पार्टीमा बाँकी पार्टीहरूले ५ प्रतिशत मत प्राप्त गर्न सकेनन्। त्यसैले उनीहरूले पार्टीको सूचीका आधारमा दूमामा आफ्ना मान्छे पठाउन पाएनन्। उनीहरूलाई दिइएको मत खेर गयो। यसपटक ५ प्रतिशत मत नघाएका पार्टीहरू रुसी महासंघीय कम्युनिष्ट पार्टी (२२ प्रतिशत मत), उदार प्रजातन्त्रवादी पार्टी (११ प्रतिशत मत), हाम्रो घर रुस हो पार्टी (९.९ प्रतिशत मत) र याब्लोको पार्टी (६.९ प्रशित मत) हुन्। अरुले निर्वाचन क्षेत्रबाट प्रत्यक्ष चुनावद्वारा मात्र दूमामा मान्छे पठाउन सके। ❑

# रूसमा बच्चाहरूको बिल्लीबाठ

मुक्ता श्रेष्ठ




*'हामी रूसका बेसहारा बच्चाहरूको जीउने हक कसले खोसेको, पूँजीवादी प्रजातन्त्रले कि समाजवादले ?'*

फोटो साभार : 'सरिता पाक्षिक'

के मानिसहरू विश्वास गर्न सक्छन्– कुनै आमाबाबुले आफ्ना छोराछोरीहरूलाई बेवारिसे अवस्थामा रेलवे स्टेशनमा छाडेर जान्छन् भनेर ? तर त्यो विश्वास गर्न नसकिने कुरा पनि घटित भइरहेकै छ, त्यो पनि रुसमा, जो अझै पनि विश्वको एउटा महाशक्ति हो । नयाँ पूँजीवादी रुसमा कैयौं आमाबाबुहरू आफ्ना छोराछोरीहरूलाई रेलवे स्टेशनमा छोड्न थालेका छन् । त्यसैले उनीहरूलाई "रेलको बच्चा" भनेर नामाकरण गरिएको छ ।

रूसको वर्तमान दयनीय आर्थिक स्थितिको उपहासको प्रतीक हो, यो गरीब बच्चा !



समाजवादी सोभियत सत्ता ढलेपछि अहिलेसम्म हजारौं बच्चाहरू विभिन्न रेलवे स्टेशनहरूमा लावारिस अवस्थामा छाडिएका छन् । ती बेसहारा छाडिएका बच्चाहरू आ-आफ्नो जीउ पाल्नको लागि विभिन्न अपराधिक कार्यहरू गर्दछन् । स-साना केटीहरू देहव्यापार गर्नसम्म मजबूर भएका छन् ।

समाजवाद ढलेपछि त्यहाँ बढ्दै गएको महँगी र बेरोजगारीले आफ्ना छोराछोरीहरू पाल्न नसकेपछि रुसका ती आमाबाबुहरू परिस्थितिको भरमा तिनलाई छाड्न मजबूर भएका हुन् । ती लावारिस छाडिएका बच्चाहरू स्टेशन, हवाई अड्डा, सडक वा जेल, जहाँ ठाउँ मिल्छ त्यहीं रात काट्छन् । खानको लागि उनीहरू भीख माग्ने, चोरी गर्ने, पकेट मार्ने, बोतलहरू बटुलेर बेच्ने जस्ता कामहरू गर्नुको साथै बेश्यावृत्ति गर्नेसम्म काम गर्छन् ।

मस्कोमा "माग्ने बच्चाहरूको स्वागत केन्द्र" का निर्देशक वेजीली कुशीनीरको भनाइ अनुसार हरेक वर्ष यसरी आउने ३ वर्ष देखि १८ वर्ष सम्मका करीब ६ हजार बच्चाहरू उनको केन्द्र भएर जान्छन् ।

पछिल्लो वर्ष पिटर्सवर्गबाट मात्रै २० हजार बच्चाहरू हराएको खबर मिलेको थियो । रसियन पुलिसले दुई दिनभित्र मस्कोको रेलवे स्टेशनमा मात्रै २ सय ७० जना बच्चाहरूलाई समातेका थिए । तिनीहरूमध्ये कुनै नशामा धूत थिए भने कुनै भोकभोकै थिए ।

यस सन्दर्भमा मैले सोभियत संघ ढल्नुभन्दा अगाडि त्यहाँका बच्चाहरूको स्थिति कस्तो थियो भनेर रुसमै इन्जिनीयरिङ्ग विषयमा अध्ययनको सिलसिलामा १९८४ देखि १९८९ सम्म बसेर आउनु भएका इन्जिनीयर पद्म खड्कासँग कुराकानी गरेकी थिएँ ।

उहाँले भन्नु भयो– पहिलेको रुस त बालबालिकाहरूको स्वर्ग थियो । बालबालिकाहरूको सुविधाको लागि र उनीहरूको उचित विकासको लागि त्यहाँ आवश्यक सम्पूर्ण सुविधाहरू प्राप्त थिए । 'भोलिको विश्व नै बालबालिकाहरूको हो' भन्ने अवधारणा रुसमा व्याप्त थियो ।

उहाँका अनुसार बच्चाहरूको पालनपोषणको लागि बच्चाको आमालाई बच्चा ३ वर्ष नभएसम्म तलबी बिदा दिइन्थ्यो, ताकि हरेक आमाले आफ्नो बच्चाको आफैले स्याहार गर्न सकून् । बच्चा ३ वर्ष भएपछि किन्डर गार्टेनमा राख्ने व्यवस्था थियो । त्यहाँ बच्चाहरूलाई निःशुल्क खाना, खेलकूद, शारीरिक र मानसिक विकासका सामानहरू तथा घरमा जत्तिकै हेरचाहको सुविधा प्रदान गरिन्थ्यो ।

६ वर्ष भएपछि आमाबाबुले आफ्नो बच्चाहरूलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नु पर्थ्यो । प्राथमिकदेखि विश्वविद्यालयसम्मको शिक्षा निःशुल्क थियो । माध्यमिक विद्यालयसम्म विद्यार्थीहरूलाई कापी, कलम वा सम्पूर्ण स्टेशनरी सामान, पुस्तक र दिउँसोको खाजा निःशुल्क प्रदान गरिन्थ्यो । विश्वविद्यालय स्तरमा बेड, स्टोभ, ग्याँस, टावेल, पुस्तकहरू सहित निःशुल्क होस्टेलको व्यवस्था थियो । अथवा विद्यार्थीहरू आफू होस्टेलमा जाँदा एउटा झोलामा आफ्नो लुगा मात्र लिएर गए पुग्थ्यो । विश्वविद्यालय स्तरीय विद्यार्थीहरूलाई ३० रुबल छात्रवृत्ति पनि दिइन्थ्यो ।

बच्चाहरूकै लागि भनेर पार्कहरू निर्माण गरिएको हुन्थ्यो । हरेक पसल र डिपार्टमेण्टल स्टोरहरूमा बच्चाहरूको लागि अलग्गै पसलहरू खोलिएका हुन्थे । ती पसलहरूमा परल (परेको) मूल्यभन्दा चौथाई मूल्यमा बच्चाहरूको सामान किन्न पाइन्थ्यो ।

सानै बेलादेखि बच्चाहरूको क्षमता र रुचि हेरिन्थ्यो र त्यसै अनुसार शिक्षा र विकासको अवसर प्रदान गरिन्थ्यो ।

यसरी समाजवादी सोभियत संघ ढल्नुभन्दा अगाडि त्यहाँ बच्चाहरूको जीवन अहिलेजस्तो असुरक्षित र नारकीय थिएन । कुनै एउटा मात्र बच्चाले पनि आज जस्तो बेवारिसे अवस्थामा सडक-सडकमा भाग्दै भौंतारिनु परेको थिएन । उनीहरूलाई देशको कर्णधारको रुपमा व्यवहार गरिन्थ्यो र भविष्यको एउटा जिम्मेवार नागरिकको रुपमा विकास गरिन्थ्यो ।

तर पूँजीवाद आएपछि रुसको स्थिति पूरापूर बदलिएको छ । बुढा र बच्चाहरूको लागि त रुस अब नरकमा नै परिणत भएको छ । त्यहाँ अपराध र असुरक्षा दिनानुदिन वृद्धि हुँदै गइरहेको छ । यसको प्रभाव सबभन्दा बढी वृद्ध र बच्चाहरूमा परेको छ । यस स्थितिलाई सहन नसकेर नै त्यहाँका जनताहरूले आफ्नो आक्रोश चुनावमार्फत् व्यक्त गरेका छन् ।

अहिलेको चुनावमा त्यहाँको सत्तारूढ दलको शर्मनाक हार र वामपन्थीहरूको शानदार जीतका पछाडि रुसी जनतामा हिजोको समाजवादी व्यवस्थाको संझनाले मुख्य रुपमा काम गरेको देखिएको छ, जुन बच्चा र वृद्धहरूको लागि भू-स्वर्ग थियो । □



फोटो साभार : 'सरिता पाक्षिक'

# जापानमा घरबार बिहीनहरूको विजोग

दीपक वैद्य

विश्वको दोस्रो सबैभन्दा धनी देश जापानमा पनि गगनचुम्बी महलको छेवैमा घरबारबिहीन गरीब जापानीहरू जाडोले कठ्यांग्रिएर भटाभट मर्दैछन् भन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ ।

तर फ्रान्सेली समाचार एजेन्सी ए. एफ. पी. ले बताएको छ– गएको डिसेम्बर महिनामा मात्र टोक्योको सबैभन्दा धनी जिल्ला शिन्जुकुमा ६ जना यस्ता गरीब जापानीहरू जाडोमा कुनै ओत नपाएर सडकमै थुरुर काम्दै कठ्यांग्रिदै मरे । गजबको विरोधाभाष के भने जतिखेर सडकमा ती गरीबहरू विजोगसाथ मरे, त्यतिखेर त्यही सडकमा न्याना झल्झलाउँदा नाइट क्लबहरूभित्र हज्जारौं धनी जापानीहरू मोजमस्ती मनाइरहेका थिए, नाच्दै, झुम्दै, गाउँदै र खाँदै !

यसरी जाडोले चिसिएर प्राणहीन हुनेहरू उएनो जिल्लामा तीन जना भेटिए त सान्या क्षेत्रमा ६ जना । प्रहरीहरूले जनाए अनुसार यी जम्मै शीतलहर चल्दा बस्ने, घुस्ने कुनै घर नपाएर मरेका थिए ।

सान्याका एक प्रहरी अधिकृतले बताएका छन्– यो जिल्लामा पोहोर झैं यस हिउँदमा पनि जाडोले मर्नेहरू ४० जनाभन्दा बढी हुनेछन् ।

यसरी घरबारबिहीन भएर सडकमै सुत्नु पर्ने, सडकमै मर्नु पर्ने गरीब जापानीहरू पूरै जापानमा कति छन्– त्यसको कुनै आधिकारिक तथ्यांक त उपलब्ध छैन । तर ए. एफ. पी. का अनुसार जापानको राजधानी टोक्योमा मात्रै यस्ता घरबार नहुनेहरूको संख्या तीन हजारदेखि पाँच हजार छ । उनीहरू कोही पार्कमा सुत्छन्, कोही सबवेमा, कोही जमिनबाट माथि उठाएर बनाइएका एक्सप्रेस वेमा ।

उनीहरूसित जिउ ढाक्नका लागि केही पनि हुँदैन । कोही कोहीसित एकाधवटा ब्ल्यांकेट हुन्छ, धेरै त त्यत्तिकै सडकमा पडिरहेका हुन्छन् । शिन्जुकु जिल्लामा यस्ता घरबारबिहीनहरू ४३० जना भएको देखिएको छ । उएनो स्टेशनमा २७० जना पार्कमै सुत्न थालेका छन् । ३०० देखि ४०० जनाको एउटा बगाल त सान्याको सडकमै त्यत्तिकै कुनै ओढ्ने बिना चिसो सिमेण्टमै ढलिरहेको भेटिन्छ ।

अक्सरतया यी घरबारबिहीनहरू कामबाट निकालिएका वा पारपाचुकेपछि घरबाट निकालिएका मजदूर वा कर्मचारी हुन्छन् । एउटा फ्रेञ्च परोपकारी संस्थाका स्वयंसेवक डेमियन पियेरे लेस्सोट भन्छन्– "शुरुमा उनीहरू विजीनेश सूट लगाएर सडकमा यताउता लक्ष्यहीन भएर भौंतारिरहेका देखिन्छन् । केही दिनपछि उनीहरू सडकको पेटीमा सुत्न बाध्य हुन्छन् ।

बेरोजगारहरूको संख्या जापानमा बढ्दैछ । यो सँगसँगै जापानी शहरहरूमा घरबारबिहीनहरूको संख्या पनि झन् झन् बढ्दैछ । स्मरणीय छ, जापानमा १९९१ सम्म २% को वरपर मात्र भएको बेरोजगारीको दर पोहोर १९९४ मा ३% पुगेको छ र अहिले ३.२% । यिनै बेरोजगारहरूमध्ये धेरैजसो बर्वाद भएर सडकमा पुगेका हुन् ।

जापानका शहरहरूमा घरबार–बिहीनहरू सडकमा मर्नु साधारण घटना भएको छ । प्रेस र टेलिभिजनले यसको कुनै रिपोर्ट नै गर्दैन । सरकारले त्यसको कुनै लेखाजोखा राख्दैन । यही कारणले जापानभरिमा कति घरबारबिहीन छन् भन्ने तथ्यांक जापान सरकारसित उपलब्ध नभएको बताइन्छ ।

"यति विघ्न धनी देशमा उनीहरूप्रति देखाइएको बेवास्ता र बेसरोकारबाट म स्तब्ध हुन्छु"– लेस्सोट छक्क हुँदै बताउँछन् ।

*स्रोत: AFP को जनवरी १ को रिपोर्ट*

## रुस र पूर्वी यूरोपमा

# पूँजीवादी बजार अर्थतन्त्रको परिणाम कति दर्दनाक भइरहेछ ?

समाजवादी व्यवस्था ढालेर पूँजीवादी उदार बजार अर्थतन्त्र ल्याएपछि के के न होला भन्ठानेका रुस र पूर्वी यूरोपका मुलुकका जनतालाई पाँच छ वर्षमै त्यहाँको पूँजीवाद निल्नु न ओकल्नु भएको छ । त्यसले उनीहरूको जीवन दुर्दशाग्रस्त पार्न थालेको देखिएको छ । हालैका चुनावहरूले प्रष्ट देखाएका छन्– उनीहरू त्यहाँको नयाँ सरकार र व्यवस्थाबाट निराश भएका छन् र पुरानै स्थितिमा फर्कन चाहेका छन् ।

उनीहरूको जीवनलाई सबैभन्दा बर्वाद पारेको छ– आकाशिदो महँगीले । हाम्रो नेपालमा वार्षिक ९% महँगी बढ्दा हाम्रो महिनावारी आम्दानी खर्च डाँवाडोल हुन्छ । हामी इन्तु न चिन्तु हुन्छौं । कल्पना गरौं त– रुसका जनतालाई कस्तो भयो होला ? जहाँ अहिले वार्षिक १८७.२% का दरले बजारभाउ महँगो हुँदैछ । ६ वर्ष अघिसम्म त्यहाँको एक रुबलले डेढ डलर बराबरीको सामान किन्ने क्षमता राख्थ्यो । अहिले एक अमेरिकी डलर बराबरीको सामान किन्न ४५८.३ रुबल खर्च गर्नुपर्ने भएको छ । डलरभन्दा पनि डेढ गुना महँगो रुबल अहिले नेपाली रुपियाँभन्दा पनि ८३ गुणा सस्तो हुँदा त्यहाँ बजारभाउ कति किनी नसक्नुको भयो होला, सजिलै लख काट्न सकिन्छ ।

**रुस र पूर्वी यूरोपमा बजार मूल्य वृद्धिको एक चित्र**

| गएको एक वर्षमा वृद्धि प्रतिशत | |
|---|---|
| रुस | १८७.२% |
| रोमानिया | ३२.०%* |
| बुल्गेरिया | ६०.०% |
| पोल्याण्ड | २२.४% |
| हँगेरी | २९.०% |
| चेक गणतन्त्र | ८.१% |

*पूर्वानुमान मात्र

*तथ्याङ्क स्रोत: The Economist London, December 9, 1995*

रुमानियाँमा महँगी १९९४ मा १३०% ले बढ्यो । १९९५ मा यो अरु ३२% ले बढ्ने अनुमान छ । बुल्गेरियामा पनि करिब ६०% का दरमा महँगी बढिरहेछ ।

पोल्याण्डमा १९९५ को अक्टोबरसम्ममा बजार मूल्य वार्षिक २२.४% का दरले बढिरहेछ । हँगेरीमा मूल्य वृद्धिदर २९% रहेको छ । पूर्वी यूरोपेली मुलुकमध्ये चेक गणतन्त्र मात्र यस्तो मुलुक हो, जहाँ मूल्य वृद्धिदर नेपालकै बराबर अर्थात् ८.१% रहेको छ । □


*श्री ५ महाराजाधिराजको स्वर्ण जन्मोत्सवको उपलक्ष्यमा मौसूफको चिरायूको कामना गर्दछौं ।*

ध्यानबहादुर राई, मेयर
तथा
धरान नगरपालिका परिवार



उत्तम स्वाद........
भरपूर सन्तुष्टि !

सुशील वनस्पति प्रा. लि.
राजहंस

विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको धारावाहिक जीवनी

६

# क. चेको नेतृत्वमा क्यूबाली शहरहरूमा आक्रमण

**क. चे ग्वेभारा !**

**प्रबुद्ध व्यक्तिहरुमध्ये कमै मानिसहरु मात्र होलान्- यो नाम नसुन्ने ! आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरको संघर्षमय जीवन शैलीका कारण विश्व-प्रसिद्ध हुनु भएका यी क्रान्ति-नायकको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला हामीले थालेका छौं ।**

**अर्जेन्टिनामा जन्मिएका र क्यूबाको क्रान्तिमा निर्णायक योगदान गरेका क. चेले वरपरका अन्य देशहरुका क्रान्तिकारी गतिविधिहरुमा पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरु लगाउनुभएको थियो ।**

**उहाँले क्यूबाको जनक्रान्ति कालमा मेक्सिको प्रवासमा कसरी फिडेल क्यास्त्रोसँग भेट्नु भयो र कसरी क्यूबामा छापामार युद्धको तयारी गर्नुभयो भन्ने प्रसंग पाठकहरुले पढिसक्नु भएको छ ।**

**साथै छापामार युद्धको एक वर्षसम्मको समयावधिभित्रका संघर्षहरुको रोचक विवेचना पनि अघिल्ला अंकहरुमा प्रस्तुत भैसकेको छ ।**

**यसांकमा शहरी संघर्ष र ग्रामीण छापामार संघर्ष सम्बन्धी विवाद, पिनो डेल अगुआमाथि छापामारहरुद्वारा गरिएको दोस्रो सफल आक्रमण एवं देशव्यापी असफल आम हडताल र त्यसपछिका छापामार संघर्षहरुको रिपोर्ट प्रस्तुत गरिसकेका छौं । यस पटक प्रस्तुत छन्- त्यसपछिका घटनाक्रमहरु :**

तर यता छापामार आन्दोलनको भने नैतिक र भौतिक शक्तिमा झन् झन् वृद्धि हुँदै थियो । छापामार आन्दोलनमा सहभागी हुनेहरूमा अब किसानहरू मात्रै भएनन्, मजदूर, विद्यार्थी बुद्धिजीवीहरूदेखि लिएर पुँजीपति वर्गकै विभिन्न तप्काका मानिसहरू पनि देखिन थाले । कतिसम्म भने, बतिस्ताको तानाशाही सरकारको प्रशासनयन्त्रभित्रका कर्मचारीहरू समेतले क. चे र क. क्यास्त्रोलाई तथा छापामारहरूलाई आदर-सम्मान गर्न थाले । यसैबीच, मुक्त लाल, इलाकाहरूमा छापामारहरूले सयौं स्कूलहरू, दर्जनौं अस्पतालहरू, क्रान्तिकारी अदालत र प्रशासनका साथै रेडियो र टेलिफोन

## राजधानी हवानामा बाहेक पूर्व-पश्चिम र मध्य क्यूबामा एक्कै चोटि आक्रमण !

सियरा माइस्त्राका पहाडहरूमाथि अन्तिम विजय प्राप्त गरेपछि १९५८ को अगस्त महिनाको मध्यदेखि क्यूबाली छापामारहरूले ठूलो आक्रमणको तयारी गर्न थाले । छापामार सेनाका प्रधान सेनापति क. फिडेल क्यास्त्रो बतिस्ताको शासनलाई उखेलेर फ्याक्ने अन्तिम आक्रमणको योजना बनाउन व्यस्त हुनु भयो ।

छापामारहरूबीच क. क्यास्त्रोले क्यूबाको तत्कालीन राजनीतिक परिस्थिति, बतिस्ता शासनका सबल र कमजोर पक्षहरू, छापामार आन्दोलन र शहरिया जनसंघर्षको स्थितिको गहन विश्लेषण राख्दै अन्तिम आक्रमणको योजना प्रस्तुत गर्नु भयो । क. क्यास्त्रोको विश्लेषण अनुसार ट्यांक, बमबर्षक विमान, अत्याधुनिक हातहतियारले सुसज्जित २० हजार सैनिक भएको बतिस्ताको सेना त्यस बेलासम्म पनि निकै बलियो नै थियो । त्यसमाथि दर्जनौ गुप्तचर र प्रति-गुप्तचर सेवा, हजारौं हजार प्रहरी र सुराकीहरू, कैयौं हत्यारा दस्ताहरू भएको बतिस्ता सरकारलाई अमेरिकाको सी.आई.ए. साथै एफ.बी.आई. (Federal Bureau of Intelligence) जस्ता गुप्तचर संस्थाको नीति निर्देशन र अरबौं डलर रकमको सहायता पनि प्राप्त थियो ।

यी सबै स्रोत साधन भएर पनि बतिस्ता सेना छापामारहरूसँगको लगातारको संघर्षको कारणले मानसिक र भौतिक रुपले कमजोर हुँदै गइरहेको थियो । त्यसैकारणले बतिस्ताको सेनाले छापामारहरूको युद्धमा अरुचि देखाउन थाल्यो । चर्चले बतिस्ता सरकारलाई असहयोग गर्न थाल्यो । जमिन्दार र स-साना पूँजीपतिहरूले छापामारहरूलाई कर तिर्न थाले । बतिस्ताको तानाशाही सरकार धेरै दिन नटिक्ने स्थिति देखेर उनकै केही पुराना सहयोगीहरू र अमेरिकी साम्राज्यवादभित्रका केही तत्वहरू समेत बिच्किन थाले ।



नेटवर्क संचालन गर्ने कार्य गरे। अगस्त महिनाको शुरुमै क्यूबाको पपुलर सोशलिष्ट पार्टीले आफ्ना पोलिट्ब्यूरो सदस्य कार्लोस राफेल रोड्रिग्वेज र अन्य कम्युनिष्ट नेताहरूमार्फत् छापामारहरूसित सम्पर्क गऱ्यो र साथसाथै बतिस्ता र साम्राज्यवाद विरोधी युद्ध संचालन गर्ने निर्णयलाई क्रियान्वित गर्न थाल्यो।

क्रान्तिको यही विस्तृत भाव-भूमिमा क. क्यास्त्रोको अन्तिम आक्रमणको रणनीतिक योजना प्रस्तावित भएको थियो। त्यस योजना अनुसार क. फिडेल र क. राउलको नेतृत्वमा रहेका छापामारहरूले पूर्वमा रहेको सान्टियागो शहरमाथि आक्रमण गर्ने र क. सिमिलो सियन्फ्यूगोसको नेतृत्वमा रहेका छापामारहरूले पश्चिममा रहेको पिनार डेल रियो प्रान्तमाथि धावा बोल्ने र क. चेको नेतृत्वमा रहेका छापामारहरूले क्यूबाकै मध्य भागमा रहेको महत्वपूर्ण शहर लास भिलास प्रान्तमाथि विजय प्राप्त गर्ने रणनीति थियो। पूर्व-पश्चिम र मध्य क्षेत्रका महत्वपूर्ण शहर र प्रान्तमाथि विजय प्राप्त हुनासाथ लास भिलास प्रान्तको राजधानी-सान्ता क्लाराबाट राजधानी हवानामाथि चारैतिरबाट एक्कै चोटि सम्पूर्ण शक्ति लगाएर आक्रमण गर्ने लक्ष्य राखिएको थियो।

यो लक्ष्य प्राप्तिमा सबैभन्दा कठिन जिम्मेवारी क. चे ग्वेभाराको थियो। उहाँको जिम्मेवारीभित्र हवानाबाट एउटा प्रान्त पनि टाढा नभएको र बतिस्ताका सैनिकहरूको विशाल भीड भएको प्रान्त जित्नेदेखि लिएर बतिस्ताको तानाशाही शासन विरोधी छापामार समूहहरूलाई ऐक्यवद्ध गर्ने काम पर्थ्यो। लास भिलास प्रान्तमा अलग अलग समूहमा विभाजित बतिस्ता विरोधी छापामारहरू आ-आफ्नो क्षेत्र र प्रभाव विस्तार गर्नको लागि आ-आफैबीच लड्न पनि पछि नपरिरहेको स्थितमा क. चेको काँधमा तिनीहरूलाई संयोजित र एकतावद्ध गर्ने जस्तो अहम् भूमिका खेल्नु पर्ने दायित्व थियो। उहाँमाथि अर्को दायित्व पनि थियो- त्यहाँको वामपन्थी पार्टी- पपुलर सोशलिष्ट पार्टीको ठूलो प्रभाव रहेको सो प्रान्तमा उक्त पार्टीका छापामारहरूसँग अन्य छापामार समूहको सहयोग र सम्बन्ध विस्तार गर्ने स्थिति निर्माण गर्नका लागि अन्य समूहका कम्युनिष्ट विरोधी पूर्वाग्रहीहरूलाई हटाउनु।

यी सबै दायित्वहरू बोक्दै क. चेले आफ्ना सहयोद्धाहरूलाई मिनास डेल नामक फ्रियो पहाडी गाउँमा रहेको छापामार स्कूलमा भेला गर्दै सेनापति क. क्यास्त्रोको आदेश सुनाउनु भयो- "हामीले सियरा माइस्त्राबाट मार्च गर्दै लास भिलास प्रान्त पुग्नु पर्छ। त्यहाँ हामीले वीरतापूर्वक लड्दै सान्ता क्लारा शहरमाथि कब्जा जमाउनु पर्छ। त्यसैले आकाशबाट प्लेनको आवाज आउनासाथ डराएर भाग्ने भेडा बाखाहरू जस्ता कमरेडहरू मलाई मन पर्दैन।"

छापामारहरूले पनि पुनः निडर र वीर हुने शपथ खाए। छापामारहरूको मनोवल उँचो पार्ने उद्देश्यले अगस्त २७ मा एल जिबारो गाउँमा छापामार कमाण्डरहरूको अर्को भेला बोलाइ क. चेले युद्धमा एक जना मात्रै छापामार बाँचिरहेसम्म पनि लडिरहनु पर्ने क्रान्तिकारी भावना संचार गर्नु भयो।

## लड्दै-भिड्दै लामो मार्चमा

चारै दिनमा आफ्ना सम्पूर्ण तयारीहरू पूरा गरिसकेपछि क. चेको नेतृत्वमा रहेका छापामारहरूले पनि क. राउलको नेतृत्वमा रहेका छापामारहरूले जस्तै ट्रकमा चढेर चारै दिनमा लक्ष्यसम्म पुग्ने योजना बनाएका थिए। तर अगस्त ३० का दिन पहाडी इलाका छाड्दै ट्रकहरू राखिएको ठाउँ मेन्जानिलो उपत्यकातिर राती झर्दै गर्दा छापामारहरूले देखे- सडक नजिकैको चौरमा बतिस्ताको वमवर्षक विमान पो रहेछ!

हतियार र खर-खजाना लिएर आएको सो बमबर्षक प्लेनका सैनिकहरूले छापामारहरूलाई देख्नासाथ त्यस क्षेत्रको चारैतिर विहान ५ बजेसम्म अन्धाधुन्ध रुपले आक्रमण गर्न थाले। क. चेले प्लेनलाई बमले उठाउने आदेश दिनु भयो, साथै आफ्ना ट्रकहरू पनि शत्रुको हातमा पर्नु अगावै ध्वस्त गर्ने निर्देशन दिनु भयो।

रातभरिको यो अप्रत्याशित युद्धपछि भोलिपल्ट विहानैदेखि छापामारहरू मेन्जालिलोबाट पश्चिमतर्फ रहेको बायामोतिर मार्च गर्न थाले। त्यस यात्रामा बतिस्ताका सैनिकहरू र वमवर्षक विमानहरूको त भेट भएन, तर ३१ सेप्टेम्वरमा डर लाग्दो आँधीबेरीसँग जम्काभेट भयो। त्यसपछि सेनाका पहरा भएका सडकहरूमा ट्रकबाट यात्रा गर्ने विचार नै त्यागेर छापामारहरूले घोडा र आफ्नै खुट्टाको भरमा यात्रा गर्न थाले। यात्राको कठोरतम क्षणहरू गुजार्दै अगाडि बढ्ने क्रममा उनीहरूले आफ्नो परिचित प्रान्त ओरियन्तेमा पनि ठूल-ठूला नदी र झरनाहरूमा आ-आफ्ना हतियार र खर-खजानालाई सुरक्षित गर्दै ७-८ दिनको लामो यात्रा गरे।

यात्राको क्रममा ठूल-ठूला लामखुट्टेहरूको फौजले सहनै नसक्ने गरी आक्रमण गऱ्यो। लामखुट्टेको टोकाइ, कम खाना, अनिंदो हिंडाइ- सबै व्यहोरेर एक हप्ता पछाडि उनीहरूले जोबाडो गाउँ पार गरे। यो गाउँले ओरियन्ते र क्यामागुये प्रान्तलाई छुट्याउँछ। जोबाडो गाउँ पार गरेपछि छापामारहरूमा जुत्ताको अभाव हुन थाल्यो। जुत्ताको अभावमा धेरै जसो कमरेडहरूले नांगै खुट्टाले दक्षिणी क्यामागुयेको जंगलको पहाडी हिलाम्य बाटोमा कष्टप्रद यात्रा गर्न थाले।

यात्रा गर्दागर्दै ९ सेप्टेम्बरको राती जब छापामारहरू ला फेडरल गाउँमा घुस्दै थिए, उनीहरूमाथि बतिस्ता सैनिकहरूले अचानक आक्रमण गरे। आक्रमणमा परी दुई जना होनहार कमरेडहरूले शहादत प्राप्त गरे। ५ जना कमरेडहरू घाइते भए। छापामाहरूले सो आक्रमणको कडा प्रतिरोध गरे। उनीहरूले दुई जना सैनिकहरूलाई मार्नुका साथै ५ जनालाई बन्दी बनाए। सैनिकहरूको आक्रमण कुल्चेर उनीहरू अगाडि बढे। तर उनीहरूको उपस्थितिबारे अब सेना सचेत भयो। त्यसैले उनीहरू निकै सतर्कताका साथ पश्चिमतिर हान्निए।

एक दुई दिनपछि नै उनीहरू लागुना ग्राण्डे पुगे। उनीहरू सरह समानान्तर रुपले अगाडि बढिरहेका क. सिमिलो सियन्फ्यूगोसको नेतृत्ववाला छापामारहरू पनि त्यहीं आई पुगे। विशेष कारणवश ती छापामारहरूले पश्चिमी प्रान्त पिनार डेल रियोमाथि आक्रमण नगरेर सान्ता क्लारामै आक्रमण गर्ने निर्णय गरिसकेका थिए। त्यसपछि ती दुई वटै समूह बतिस्ताको- स्थल र हवाई आक्रमण, डरलाग्दा लामखुट्टेहरूको लखेटाइ र टोकाइ सहँदै निरन्तर रुपमा यात्रा गर्न थाले। छापामारहरू भोक र प्यासको मार खप्दै थकित शरीर र हतियारको भारी लिएर सिमिलोले छोडेका केही नयाँ घोडाहरू सहित अगाडि बढे।

माकारेनो सुगर मिलको नजिक पुगेपछि आफ्नो गाइड बेपत्ता भएकोले उनीहरू अलमल्लमा परे। अनजान बाटोमा यात्रा गर्ने क्रममै उनीहरू काष्ट्रो कोम्पानेरोस नामक सैनिक चौकीमा पुगे। त्यहाँ छापामार र सैनिहरूबीच लगातार भीडन्त शुरु भयो। पहाडको टुप्पोमा पुगेका छापामारहरूले सैनिकहरूमाथि सजिलैसित आक्रमण गरे, केही पछि परेका छापमारहरूलाई रेल मार्ग कटाउन उनीहरूले लामो समयसम्म आफ्नो आक्रमणलाई जारी राखे।

त्यसैबीच, बतिस्ता सरकारको B-26, C-47, C- 38 वमवर्षक प्लेनहरू र अन्य स-साना प्लेनहरूले आकाशबाट पनि छापामारहरूमाथि आक्रमण गर्न थाले।



*छापामार युद्धको क्रममा पनि पढ्ने समय निकाल्दै क. क्यास्त्रो*

**'युद्धमा युद्ध कौशल मात्र होइन, अध्ययन पनि जरूरी हुन्छ !'**

तर छापामारहरूको छापामार शैलीको भीषण आक्रमणका कारणले चौकीका सैनिकहरू पछि हट्न बाध्य भए। उनीहरू अब आफ्ना एक जना साथीको शहादत व्यहोर्दै र केही घाइते साथीहरूको घाउलाई सुमसुम्याउँदै अगाडि बढे। त्यहीं घाइते भएका मेजर सिल्भाले बाँकी सबै संघर्षहरू घाइते हुँदाहुँदै लडे।

अर्को दिन त्यति ठूलो आक्रमण र प्रत्याक्रमण केही भएन। युद्धमा छरिएका छापामारहरू पुनः एकीकृत भए। उनीहरूबाट छुट्टिएर क. सिमिलोको समूहमा मिसिएर उत्तरी लास भिलासको यागुआजेय गएका दश जना छापामारहरू बाहेक सबै अगाडि बढ्न थाले। उनीहरूको यात्राको उद्देश्य थियो- लास भिलास प्रान्त कब्जा गर्ने।

माकारेनो सुगर मील नजिक पुग्दा गाइडविहीन भएका छापामारहरूले अब लगातार किसान गाइडहरूको सहयोग पाउन थाले। क्यामागुये प्रान्तमा छापामारहरूको प्रचार र जनकार्यको कमीले गर्दा किसानहरू ओरियन्ते प्रान्तमा जस्तो संगठित र संघर्षशील भइसकेका थिएनन्। अझ केही किसानहरूले त आफ्ना मालिकहरूबाट दाना-पानी हरिने डरले छापामारहरू आएको सूचनासम्म मालिकलाई पुऱ्याउने गरेको देखियो।

एकदिन अचानक छापामारहरूको सानो रेडियोमा बतिस्ताको सैनिक जनरल फ्रान्सिस्को डोल्जवले क. चेको फौजलाई निमिट्यान्न पारेको घोषणा गर्दै युद्धमा मरेका र घाइते भएका छापामारहरूको सूची पढ्दै गरेको कुरो सुनियो। ती जम्मै नामावलीहरू केही दिन अगाडिको युद्धको क्रममा सैनिकहरूले प्राप्त गरेको कागजपत्रको आधारमा गरिएको थियो र त्यो झूठो थियो।

आफूहरू मारिएको झूठो समाचार सुनेर उत्तेजित छापामारहरू अगाडि बढ्ने क्रममै बारागुआ सुगर मिल पुगे। त्यहाँ पुग्दा त उनीहरू चारैतिर सैनिकहरूको घेराउमा पो फसे।

सैनिकहरूद्वारा गरिएको यो घेराउ तोड्न उनीहरूले धेरै कठिन र कठोर संघर्ष गर्नु पऱ्यो। तर उनीहरू घेराउ तोड्न सफल भए। यस संघर्षपछि



युद्धको मैदानमा क. चे आफ्ना छापामारहरूसँग
(पछाडि अलइदा मार्च)

**'सत्ता बन्दूकको नालबाट निस्कन्छ !'**

स्पेनी साम्राज्यावादी सैनिकहरू र क्यूबाली देशभक्तहरूबीच स्वतन्त्रताको युद्धमा निकै ठूलो भीडन्त भएको ऐतिहासिक सडक- जुकारोबाट मोरोन जाने बाटोसम्म पुग्दा उनीहरू सारै नै गलिसकेका थिए, मनोबल पनि केही घटिसकेको थियो।

तर पश्चिमी क्षितिजमा हिउँले ढाकिएका लास भिलासका पहाडहरूको दृश्य देख्नासाथ छापामारहरूमा नयाँ जोश- जाँगरको संचार भयो। दोस्रो चरणको घेराउलाई सजिलै तोडेर क्यामागुये र लास भिलासको सिमानामा रहेको जुकारो गाउँबाट उनीहरू लास भिलास प्रान्त प्रवेश गरे।

## छापामार आन्दोलन

दुई दिनपछि उनीहरू ट्रिनिडाड साक्तिको पहाडी श्रृंखलाको केन्द्रमा सुरक्षित रुपले आराम गर्न पुगे। यो विश्राम छापामार आन्दोलनको नयाँ चरणको युद्धको लागि थियो, सान्ता क्लारा शहरमाथि कब्जा गरेर हवानामाथि धावा बोल्नका लागि थियो। अलिकति आराम गरेपछि छापामारहरू कति पनि ढिलो नगरिकन ३ नोभेम्बरमा हुने निर्वाचनलाई बन्द गर्न १६ अक्टोबरमा लास भिलासको पहाडमा पुग्नका लागि हिंडीहाले।

यसैबीच मार्च गर्दागर्दै क. चे पुनः दमको रोगले आहत हुनुभयो। छापामारहरूले त "ल अब क. चेको मृत्यु नै भयो कि" भन्ने सम्म सोचेका थिए। साँच्चै क. चे मरेतुल्य नै हुनु भएको थियो। यतिविधि हुँदा पनि उहाँले कसैमाथि बोझ नबन्दै, सबै छापामारहरूको मनोबल र संघर्षशीलतालाई झन् झन् बढाउँदै जानु भयो। यसप्रकार आफ्नो शारीरिक कमजोरीलाई लुकाउँदै क्रान्तिकारी उत्साह र जाँगर प्रदर्शन गर्न सफल क. चे छापामारहरूबीच परम-आदरणीय हुनुभयो।

क. चेको नेतृत्वमा लड्दै अगाडि बढेका छापामारहरूलाई क्यामागुये प्रान्तमै नष्ट-ध्वस्त गर्ने बतिस्ताको आदेशलाई छापामारहरूले कुल्चे र अन्ततः लास भिलास प्रान्तको इस्काम्ब्रे पहाडमा पुगिछाडे। क. सिमिलोको नेतृत्वमा भएका छापामारहरू सहित जम्मा जम्मी दुई सय जनाको संख्यामा मात्र भएका छापामारहरूले बतिस्ताका हजारौं सेनाको आक्रमणलाई कुल्चेर अगाडि बढ्न सक्नु आफैमा ठूलो विजय थियो।

इस्काम्ब्रे पहाड नजिकैको बेसीमा रहेको एल पेड्रोरो गाउँमा 'जुलाई २६ औं आन्दोलन' का क्रियाशील भूमिगत कार्यकर्ता अलइदा मार्च छापामारहरूलाई निस्वार्थ ढंगले सहयोग गर्नमा व्यस्त थिइन्। यही प्रक्रियामा उनको क. चेसँग भेट भयो। अलइदाले आफूलाई पनि छापामार आन्दोलनमा सहभागी गराउन अनुरोध गरेपछि क. चेले ती उत्साही, क्रियाशील, देशभक्त केटीलाई आफ्नो फौजमा भर्ति गर्नु भयो।

## अन्य छापामार समूहहरूसँग कार्यगत एकता

इस्काम्ब्रे पहाडमा आफ्नो आधार-शिविर खडा गरिसकेपछि क. चेले त्यस प्रान्तमा कार्यरत विभिन्न छापामारहरूसँग सम्पर्क, छलफल र आन्तरिक संघर्ष गर्न थाल्नु भयो।

इस्काम्ब्रे जिल्लामा पपुलर सोशलिष्ट पार्टीको एउटा सैनिक शाखा कम्युनिष्ट नेता फेलिक्स तोरेसको नेतृत्वमा संघर्षरत थियो। स्पेनी साम्राज्यवाद विरोधी संघर्षका एक नायक माक्सिमो गोमेजको नाममा खोलिएको सो सैनिक शाखाको अत्यन्त सुव्यवस्थित क्याम्पमा क. चे. र क. सिमिलो लगायत छापामारहरू सम्पर्कका लागि जाँदा उहाँहरूको हार्दिकतापूर्वक स्वागत गरियो। क. फेलिक्स तोरेसले शुरुदेखि नै क. चेको नेतृत्ववाला

छापामारहरूसँग हरतरहले सहयोग गर्ने बचनबद्धता व्यक्त गरे।

उता, रिभोल्यूशनरी डिरोक्टोरेट समूहको नाममा फाउरी चाउमोनको नेतृत्वमा संचालित छापामार आन्दोलनले क. चेहरूलाई औपचारिक ढंगले मात्रै स्वागत सत्कार गऱ्यो। तर, सेकेण्ड नेशनल फ्रन्ट अफ इस्काम्ब्रेको नाममा स्पेनको गृहयुद्धमा सहभागी भई क्यूबा फर्केका गुतेरेज मेनोयोको नेतृत्वमा संचालित छापामार आन्दोलनले भने द्वेष र शत्रुताभाव नै देखायो।

जमिन्दार र पूँजीपति वर्गबाट आएका त्यस आन्दोलनका कम्युनिष्ट विरोधी नेताहरू र 'जुलाई २६ औं आन्दोलन' कै एक नेता सियराले समेत क. चेहरूको भूमिसुधार कार्यक्रमको कडा विरोध गरे।

लामो बहस-छलफलपछि क. चेहरूको 'जुलाई २६ औं आन्दोलन' र रिभोल्यूशनरी डिरोक्टोरेटबीच कार्यगत एकताको लागि संझौता भयो। पपुलर सोशलिष्ट पार्टीले ९ डिसेम्बरमा खुला पत्र लेखी बतिस्ताको तानाशाही शासन विरोधी बृहद् कार्यगत एकता कायम गर्न सहमति जनायो। त्यसपछि यी तिनै समूहहरूबीच क्रान्तिकारी केन्द्रीय संयोजन समिति निर्माण भयो र तुरुन्तै बतिस्ताद्वारा आह्वान गरिएको राष्ट्रपति, संसद र नगरपालिकाको चुनावमाथि जबर्जस्त बहिष्कार अभियान संचालन गर्न विभिन्न पाइलाहरू चाल्ने निर्णय गरियो।

उक्त समितिले चुनाव बहिष्कार अभियान सफल पार्न छोटो समयमा पनि धेरै कार्य गर्नका लागि आफ्नो सबै शक्तिलाई चारैतिर फैलायो। क. सिमिलोका छापामारहरूले उत्तरतिरबाट तानाशाहका समर्थकहरूबीच 'लाल आतंक' खडा गर्ने, गुइनिया डे मिराण्डा स्थित सानो ग्यारिशनलाई ध्वस्त गर्ने, बानाओस्थित ब्यारेकमाथि आक्रमण गर्ने कार्य गरे। यी सबका बाबजूद पनि बतिस्ताले चुनाव गर्न सक्ने केही ठाउँहरूमा मतदान गराइछोड्यो।

ओरियन्ते प्रान्तमा बहिष्कार सफल भयो। क्यामागुये प्रान्तमा केही मतदान भयो। पश्चिमी प्रान्तहरूमा सामूहिक रुपमा असहभागिता जनाइयो। भोट खसाल्न नजाने काम लास भिलास प्रान्तमा पनि भयो, तर स्वतःस्फूर्त रुपमा। त्यहाँ भएका मौन प्रतिरोधहरू र छापामार गतिविधिहरू त्यति संगठित र संयोजित भएनन्।

## लास भिलासका विभिन्न शहरमा छापामारहरु

निर्वाचनपश्चात् क. चेले लास भिलास प्रान्तमा आगामी समयमा गर्नु पर्ने आक्रमणहरूको खाका प्रस्तुत गर्नु भयो। यस अनुसार १६ डिसेम्बरमा १० हजार जनसंख्या भएको फोमोन्टो शहरमाथि आक्रमण गरियो। दुई दिनसम्मको कठोर संघर्षपछि ग्यारिशनका सैनिकहरूले आत्मसमर्पण गरे। शहर मुक्त भयो। छापामारहरूले १ सय ४१ जना सैनिकहरूलाई बन्दी बनाए। ठूलो मात्रामा हातहतियार, खर-खजाना र सैनिक बाहनहरू कब्जा गरे।

विजयकै क्रममा २१ डिसेम्बरमै १८ हजार जनसंख्या भएको कावाइगाउँ नामक शहरमाथि छापामारहरूले आक्रमण गरे। घर-घरमा लुक्दै आक्रमण गरिएको यस युद्धको क्रममा क. चे. एउटा घरको छानाबाट हाम फाल्दा घाइते हुनु भयो।


इस्काम्ब्रेका पहाडहरूमा क. चे

उहाँको देब्रे हात भाँचियो। टाउकोमा नराम्ररी घाउ भयो। उहाँलाई तुरुन्तै स्थानीय अस्पतालमा उपचार गराइ फर्कदा ग्यारिशन र बतिस्ताका सैनिकहरू कब्जामा परिसकेका थिए। बन्दी सैनिकहरूलाई निशस्त्र पार्दै उपचार गरी पहिले पहिले जस्तै रिहा गरियो।

त्यही दिन गुयायोस शहरमाथि पनि एक्कै चोटि आक्रमण गरिएको थियो। त्यहाँका सैनिकहरूले कडा प्रतिरोध नै नगरिकन आत्मसमर्पण गरे।

स्मरणीय छ, नोभेम्बरदेखि डिसेम्बर महिनाभरि छापामारहरूले सरकारी संचारयन्त्र, यातायात व्यवस्था ठप्प गर्ने सिलसिला अगाडि बढाएका थिए। सबै बाटोहरू बन्द गर्ने क्रममा क्याप्टेन सिल्भाले ट्रिनिडाडदेखि शान्ति जाने बाटो पूर्ण बन्द गर्ने, केन्द्रीय राजमार्गका बाटाहरूमा ठाउँ ठाउँमा गंभीर प्रकारका क्षतिहरू गर्ने, पुलहरू भत्काउने कार्य गरियो।

"सेकेण्ड नेशनल फ्रण्ट" ले केन्द्रीय राजमार्गकै दक्षिणी भागलाई क्षतिग्रस्त पाऱ्यो। क. सिमिलोका छापामारहरूले उत्तरी भाग ध्वस्त गरे। यसरी क्यूबालाई बतिस्ताको सेनाको पहुँचभन्दा बाहिर पार्ने सिलसिलामा फाल्कोनको पुल जलाउने, हवाना र सान्ता क्लारा शहरबीचको संचार प्रणाली काट्ने कार्य गरियो।

यसैबीच क. सिमिलोका छापामारहरूले लास भिलासको उत्तरतिरका सबै गाउँमा निरन्तर आक्रमण गर्दै मुक्ति अभियान संचालन गरे।

### काबाइगाउँ शहरमाथि विजय प्राप्त

गरेको भोलिपल्ट बिहानै छापामारहरूले सान्ता क्लाराबाट ३५ कि.मी. टाढा रहेको ३० हजार जनसंख्या भएको शहर प्लाकेतासमाथि आक्रमण गरे। दिनभरिको युद्धपछि साँझतिर ग्यारिशनका सैनिकहरूले आत्मसमर्पण गरे। शहरमाथि विजय प्राप्त गरिसकेपछि क. चेले छापामारहरूको तर्फबाट प्लाकेतास शहरका जनतालाई धन्यावद दिंदै आफ्नो क्रान्तिकारी कार्यक्रम प्रसारित गर्नु भयो। आफू पराजित भएकोमा बौलाएको बतिस्ताले त्यस शहरमाथि प्लेनहरूबाट बमवर्षा गर्न लगायो। यसले गर्दा धेरै शहरवासीहरूको ज्यान गयो।

त्यसैबीच क. चेको नेतृत्ववाला छापामारहरूले १ लाख १५ हजार जनसंख्या भएको लास भिलास प्रान्तको दोस्रो शहरलाई घेरा हाले। दुई दिनसम्मको युद्धपछि त्यहाँका सैनिकहरूले पनि आत्मसमर्पण नगरी धेरै पाएनन्।

क. चेले अलिकति पनि बढी समय खर्च नगरिकन ट्रक र अन्य सैनिक बाहनहरूमार्फत् छापामारहरूलाई सान्ता क्लारा शहर जाने बाटोमा नै पर्ने रेमेडियोस शहरमाथि आक्रमण गर्न पठाउनु भयो। त्यहाँ नगरपालिका, जेल, प्रहरी चौकी र ब्यारेकहरूमा ब्यारिकेड खडा गरी सैनिकहरू बसिरहेका थिए। छापामारहरूले चारैतिरबाट घेरा हाली गोली वर्षा गर्न थालेपछि त सर्वप्रथम नगरपालिका भवनका प्रहरीहरूले जलेर मर्नुभन्दा अगावै आत्मसमर्पण गरे।

क. चेको प्रत्यक्ष नेतृत्वमा संचालित यस युद्धको क्रममा सैनिक व्यारेकमाथि पनि धावा बोल्नासाथ विस्तारै सबै व्यारिकेडहरू ढल्दै गए। महिला लडाकू अलइदा मार्च र डेथ स्क्वाएड' का क्याप्टेन रोबर्टो रोड्रिग्वेजको पनि सहभागितामा भएको यस युद्धले क्यूबाका स्वतन्त्र शहरहरूको सूचीमा एउटा नयाँ नाम थपिदियो।

त्यही दिन अर्थात् २५ डिसेम्बरका दिन, छापामारहरूले रेमेडियोस शहर नजिकै रहेको काइबारियन बन्दरगाहमाथि जबर्जस्त धावा बोले। केहीबेरको भिडन्तपछि सैनिकहरूले आत्मसमर्पण गर्नुमा नै भलाई देखे। आत्मसमर्पण गरेका सैनिकहरूलाई निशस्त्र पारेर घर पठाइयो।

सोही दिन रिभोल्यूशनरी ट्रिरोक्टो-रेटका छापामारहरूले क्यामाजुआनी शहरमाथि कब्जा जमाए। चारैतिर छापामारहरूको विजयले गर्दा सैनिकहरू शहर छाडेर भाग्न थाले। मुक्ति अभियानलाई छिटो र विस्तृत गर्न क. चेले सान्ता क्लारा शहरभन्दा पश्चिमतिर ७० कि.मी. मात्रको दूरीमा रहेका सान्तो डोमिगो र पूर्वमा १६ कि.मी. को दूरीमा रहेको इस्पराञ्जामाथि तत्काल आक्रमण गर्ने आदेश दिनु भयो। त्यहाँ छापामारहरूले सजिलै जिते र नजिकसम्म पनि छापामारहरूको आक्रमण हुन थालेपछि सान्ता क्लारा शहरमा रहेका बतिस्ताका मतियारहरूको मुटु काँम्न थाल्यो।

डिसेम्बर २७ तारिखमा क. चेले छापामार कमाण्डरहरूलाई सम्बोधन गर्दै सान्ता क्लारा जस्तो क्यूबाको दोस्रो राजधानी मानिने शहरमाथि निर्णायक आक्रमण गर्न आह्वान गर्नु भयो। यो आह्वान देखेर बतिस्ता जस्तो तानाशाहले पनि आफ्नो काल आएको महसुस गऱ्यो।

क्रमशः

**आगामी अंकमा सान्ता क्लारामा गरिएको सफल आक्रमणको रोचक विवरण प्रस्तुत हुनेछ।**

# संसदीय बाटोबाट के गर्न संभव छ के छैन ?

## एमाले सरकारको नौ महिने अनुभवको परिप्रेक्ष्यमा अन्तर्क्रिया

नेकपा (एमाले) को सरकार नेपालको इतिहासमा संसदीय बाटोबाट सत्तामा आएको देशको पहिलो वाम सरकार थियो । एमालेको पहिलो वाम सरकारलाई नौ महिनामै प्रतिक्रियावादी शक्तिहरुले अविश्वासको प्रस्तावमार्फत् अपदस्थ गरे । अहिले एमालेको ठाउँमा कांग्रेस, राप्रपा सद्भावना पार्टीको प्रतिक्रियावादी सरकार सत्तामा आएको छ ।

नेपालको पहिलो वाम सरकारको नौ महिने प्रत्यक्ष अनुभवले के देखायो ? के नेपालमा संसदीय बाटोबाट क्रान्ति संपन्न गर्नु संभव छ ? संसदीय बाटोबाट क्रान्तिको सन्दर्भमा के गर्न संभव रहेछ, के संभव रहेनछ ? यी प्रश्नहरू नेपालका क्रान्तिकारीहरू सामुन्ने अहिले ज्वलन्त सैद्धान्तिक र ब्यवहारिक सवाल भएर तेर्सिएका छन् ।

मूल्याङ्कन मासिकले यसैलाई ध्यानमा राखेर गएको असोज ३० गते यी सवालहरूमा एउटा महत्त्वपूर्ण विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । त्यस कार्यक्रममा नेकपा (मसाल) का शीर्षस्थ नेता तथा महासचिव क. मोहनविक्रम सिंह, नेपाल कम्युनिष्ट लीगका प्रमुख नेता तथा महासचिव क. शंभुराम श्रेष्ठ, नेकपा (एमाले) का प्रमुख नेता तथा महासचिव क. माधवकुमार नेपाल र नेकपा (एकता केन्द्र) का नेता क. सन्देशले आ-आफ्नो पार्टीको तर्फबाट भाग लिनु भएको थियो । प्रा. माणिकलाल श्रेष्ठ, क. पद्मरत्न तुलाधर, डा. चैतन्य मिश्र र डा. कृष्णबहादुर थापा पनि अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुनु भएको थियो ।

त्यही महत्वपूर्ण विचार अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचारहरुका प्रमुख प्रमुख अंशहरु प्रस्तुत गर्ने काम गतांकदेखि हामीले शुरु गरेका थियौं । यस पटक प्रस्तुत छ- त्यही रिपोर्टको बाँकी र अन्तिम अंशः

*मूल्याङ्कन*

नेपालको पहिलो वाम सरकारको नौ महिने प्रत्यक्ष अनुभवले के देखायो ? के नेपालमा संसदीय बाटोबाट क्रान्ति संपन्न गर्नु संभव छ ? संसदीय बाटोबाट क्रान्तिको सन्दर्भमा के गर्न संभव रहेछ, के संभव रहेनछ ? यी प्रश्नहरू नेपालका क्रान्तिकारीहरू सामुन्ने अहिले ज्वलन्त सैद्धान्तिक र व्यवहारिक सवाल भएर तेर्सिएका छन् ।

### 'सामान्य प्रकारको सुधारवादी कार्यक्रम पनि संसदीय प्रणाली अन्तर्गत गर्न सम्भव छैन भन्ने कुरा फेरि सावित भएको छ ।'

**क. मोहनविक्रम सिंह,**
***महासचिव, नेकपा मसाल***

सबैभन्दा महत्वपूर्ण र ऐतिहासिक कुरा के हो भने अहिलेको एमालेसरकारको नौ महिनाको अनुभवले मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी सिद्धान्तको सहीपनालाई पुष्टि गरको छ । जस्तो कि, माधवजीले शुरुमै भनिसक्नु भयो- मार्क्सवाद गलत सावित भयो भनेर आज दुनियाँमा विरोधीहरू व्यापक रुपमा हल्ला गरिरहेछन् । नेपालको अनुभवले त्यसलाई गलत सावित गरिदिएको छ ।

कुरा त्योभन्दा अलि बेसी पनि छ । आज दुनियाँमा क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूको कुनै औचित्य बाँकी छैन भनेर व्यापक आलोचना भइरहेछ । सर्वहारा अधिनायकत्वको सवाल, जनवादी अधिनायकत्वको सवाल अब पुरानो र काम नलाग्ने भयो, संसदीय व्यवस्थाद्वारा देश र जनताको आधारभूत समस्या हल गर्न सकिन्न भन्ने सैद्धान्तिक प्रस्थापना अब थोत्रो भयो, अब नयाँ ढंगले सोच्नु पर्‍यो भनेर हिजो आज खुबै चर्चा वहस भइरहेको छ । अहिले नेपालमा पनि यहाँको विशिष्ट परिस्थितिले गर्दा संसदीय बाटोबाटै पनि शान्तिपूर्ण प्रतिस्पर्धाद्वारा जनताका समस्याहरू हल गर्न र क्रान्तिकारी उद्देश्य हासिल गर्न सम्भव छ भन्ने धारणा र सोच बजारमा आइरहेको छ । यी सोचाइहरू विश्वस्तरमा कुनै नयाँ सोचाइ होइनन् ।

कम्युनिष्ट घोषणापत्रको समयमा मार्क्स, ऐंगेल्सले अमेरिका र पश्चिमी युरोप, त्यसमध्ये पनि खास गरिकन, बेलायतको सन्दर्भलाई लिएर शान्तिपूर्ण प्रतिस्पर्धाको सम्भावना औंल्याउनु भएको थियो । पछि वर्नस्टिन र ट्राट्स्कीहरूले र युरो कम्युनिष्टहरूले त्यसलाई विकृत पारेर यो सोच ल्याएका हुन् । तसर्थ शान्तिपूर्ण प्रतिस्पर्धाबाट पनि क्रान्तिकारी समस्या हल गर्न सकिन्छ भन्ने सोच कुनै नयाँ नभएर विभिन्न समयमा विभिन्न ढंगबाट नयाँ नयाँ रुपमा आएका सोचहरू हुन् । अहिलेको नेपालको सन्दर्भमा नेपालको विशिष्ट ऐतिहासिक परिस्थितिमा यो सोच फेरि अगाडि आइरहेको छ ।

एमाले सरकारको नौ महिनाको अनुभवले के बताइदिएको छ भने- संसदीय व्यवस्थाका सीमाहरू छन् । सीमाको अर्थ के भने- यो व्यवस्थाई क्रान्तिकारी संघर्षको खास चरणमा संघर्षको साधनको रूपमा उपयोग त गर्न सक्छौं तर यसबाट क्रान्ति र जनताका आधारभूत समस्याहरू समाधान गर्न सक्दैनौं भन्ने कुरा अहिलेको अनुभवले प्रष्ट गरेको छ ।

माधवजी स्वयंले पनि यो भनिसक्नु भएको छ कि- एमाले सरकारले ल्याएको कार्यक्रम आमूल परिवर्तनको कार्यक्रम होइन, यो सामान्य सुधारवादी सोचाइबाट आएको हो । देशभित्रका र बाहिरका प्रतिक्रियावादीहरूका स्वार्थमा आधारभूत आघात नपारिकनै सामान्य सुधारवादी कामहरू गर्न खोजिएका थिए । तर प्रतिक्रियावादीहरूले ती सामान्य सुधारहरू समेत गर्न दिएनन् । यदि एमालेले क्रान्तिकारी कार्यक्रम लिएर अघि बढेको भए, नेपालको आधारभूत आर्थिक, सामाजिक संरचनामै आघात पुग्ने कुरा गर्न खोजेको भए त्यो उनीहरूले कदापि गर्न दिने थिएनन् भन्ने कुरा यसैबाट प्रष्ट हुन्छ । प्रतिक्रियावादीहरूले सामान्य प्रकारका सुधार पनि गर्न दिदैनन् भन्ने लेनिनको भनाइलाई यो नौ महिनाको अनुभवले फेरि पुष्टि गरेको छ ।

संघर्षको इतिहासका विशेष चरणहरूमा एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीले चुनावमा बहुमत पनि प्राप्त गर्न सक्छ, खास खास अवस्थामा

# नेपालका प्रमुख वाम नेताहरूबीच अन्तर्क्रिया

## एकै थलोमा !

| वामपन्थी नेताहरू | वाम बौद्धिकहरू |
|---|---|
| क. मोहनविक्रम सिंह, | प्रा. माणिकलाल श्रेष्ठ, |
| क. शंभुराम श्रेष्ठ, | क. पद्मरत्न तुलाधर, |
| क. माधवकुमार नेपाल, | डा. चैतन्य मिश्र, |
| क. सन्देश | डा. कृष्ण बं. थापा |

सरकार पनि बनाउन सक्छ । तर राज्यको जुन स्वरुप र संरचना हो, प्रतिक्रियावादीहरूको हातमा रहेको जुन सत्ता हो, त्यसलाई संसदीय सीमाभित्र रहेर शान्तिपूर्ण तवरले कहिल्यै खत्तम पार्न सकिदैन । त्यसको लागि सशस्त्र संघर्ष नै चाहिन्छ । सर्वहारा वर्गको अधिनायकत्व नै चाहिन्छ अथवा जनवादी क्रान्तिकालमा जनताको जनवादी अधिनायकत्त्व नै चाहिन्छ । लेनिनको यो भनाइ फेरि पनि सही सावित भएको छ ।

यो सत्य हो कि एमाले सरकार अल्पमतमा थियो । त्यसकारण प्रतिक्रियावादी वर्गले सामान्य प्रकारको चालबाजीले पनि यसलाई खत्तम पार्न सक्दथ्यो वा सरकारै बन्न नदिने कुरा पनि हुन सक्थ्यो । एमालेलाई बहुमत नै प्राप्त भएको भए पनि प्रतिक्रियावादी वर्गहरूले यसलाई खत्तम गर्न हरतरहले प्रयत्न गर्थे नै । त्यतिबेला खत्तम गर्ने प्रविधि अर्कै हुन्थ्यो होला । त्यो प्रविधि संसद विघटनको हुन्थ्यो वा २०१७ सालको जस्तो । कसरी सरकार खत्तम पारिन्थ्यो वा पारियो, त्यो मुख्य कुरा होइन । मुख्य कुरा त यो हो कि- यो सरकार खत्तम हुने आधार यसको स्वरुपमै निहित थियो । अल्पमतको सरकार थियो, त्यसैले यो खत्तम गर्न कुनै संवैधानिक वा अस्वाभाविक प्रक्रियाको आवश्यकता भएन ।

यसबाट के प्रष्ट हुन्छ भने जनताको हितको पक्षमा भएका सामान्य प्रकारको सुधार कार्यक्रम पनि विद्यमान संसदीय प्रणालीको सीमाभित्र संभव छैन । नौ महिनाको अनुभवले यही देखाएको छ ।

संघर्षको इतिहासको खास चरणमा एउटा क्रान्तिकारी पार्टीले संसदलाई उपयोग गर्न सक्छ । प्रतिक्रियावादी वर्गहरूबीचको अन्तरविरोधलाई उपयोग गर्न सक्छ । सरकारमा पनि जान सक्छ । गल्ती यसमा भएको छैन । त्यस प्रकारको वातावरणमा आफूलाई सीमित पार्नु, गल्ती चाहिं त्यसमा भएको छ ।

स्टालिनले दोस्रो अन्तर्राष्ट्रियमा अवसरवादीहरू बारेमा भनेका कुराहरू यहाँ सान्दर्भिक छन् । उहाँले भन्नु भएको थियो- उनीहरूले संसदको उपयोग गरे, गल्ती यो थिएन । गल्ती त यो थियो कि उनीहरूले आफूलाई त्यतीमा मात्र सीमित गरे । क्रान्तिकारी प्रवृत्तिलाई छाडीदिए । संसदको प्रधानतालाई स्वीकारे । संसदलाई प्रधान बनाएर क्रान्तिकारी समस्याहरू हल हुँदैनन् । यसले मुलुकलाई ध्वस्त मात्र पार्छ भन्ने सिद्धान्तलाई उनीहरूले अपव्याख्या गरे । गल्ती यस्तो गर्नुमा थियो । संसदमै सीमित हुने कार्यले क्रान्तिलाई नोक्सानी पुऱ्याउँछ, प्रगति अवरुद्ध हुन्छ ।

कम्युनिष्ट आन्दोलनमा दुई प्रकारका भड्कावहरूको जन्म यही प्रश्नबाट भएको छ । रणनीतिक रुपमा नै संसदलाई प्रधान बनाउनेहरू, सुधार र संसदमै सीमित हुनेहरू दक्षिणपन्थी हुन्छन् । उग्र वामपन्थीहरू चाहिं संसदको क्रान्तिकारी उपयोग गर्ने कुरालाई पूरै अस्वीकार गर्छन् । मार्क्सवादी क्रान्तिकारीहरू संसदलाई उपयोग गर्दा संसद बाहिर क्रान्तिकारी संघर्षका कार्यहरू पनि साथसाथै लैजाने कुरालाई कायम राख्छन् र मूल रुपमा संसदीय व्यवस्थालाई ध्वस्त बनाउने कुरालाई ध्यानमा राख्दै संसदको उपयोग गर्छन् ।

जहाँसम्म एमाले सरकारको नौ महिनाको अनुभवको आधारमा के गर्न संभव, के गर्न असंभव भन्ने प्रश्न छ, यो अनुभवले देखाएको छ- संसदीय प्रणाली र प्रतिक्रियावादी राज्यसत्ताभित्र महत्त्वपूर्ण जनपक्षीय सुधारहरु गर्नु समेत संभव देखिएन, आमूल परिवर्तनको कुरा त परै छ । आमूल परिवर्तन वा जनपक्षीय सुधार गर्न अहिलेको राज्यसत्ताको स्वरुप र प्रतिकियावादी नोकरशाहीतन्त्र नै बाधक बनेर उभिदिन्छ । कुनै कम्युनिष्ट क्रान्तिकारी नै त्यहाँ पुगे पनि, यो राज्यसत्तामार्फत् आमूल परिवर्तन त्यसैले संभव देखिएन ।

तसर्थ एमाले सरकारले कुनै क्रान्तिकारी कार्यक्रम गर्न सक्यो कि सकेन भन्ने कुरा मुख्य होइन । प्रतिक्रियावादी राज्यसत्ताभित्रबाट त्यस्तो हुन सक्छ भनेर आशा गर्नु नै बेकार कुरा हो ।

हुनुपर्थ्यो त के भने- सुधारहरू गर्दै, संसदलाई उपयोग गर्दै प्रतिक्रियावादीहरू र संसदीय सीमाको भण्डाफोर गरिनु पर्थ्यो । संसदीय व्यवस्थाबाट जनताको आधारभूत समस्या समाधान हुँदैन, त्यसकारण यसको सीमाभन्दा बाहिर, संसदीय प्रणालीभन्दा बाहिर शक्ति संचय गर्ने र जन आन्दोलन मजबूत पार्ने कुरामा हाम्रो मूलभूत ध्यान जानु पर्थ्यो । यस्तो गरिएको भए संसद उपयोग र सरकार निर्माणको कार्यनीति सही हुन्थ्यो ।

एमाले सरकारको एउटा कमजोरी यही संसदीय सीमा बाहिर जनसंघर्षलाई मजबूत पार्ने र क्रान्तिको निम्ति शक्ति संचय गर्ने पक्षलाई उपेक्षा गर्नुमा देखियो ।

एउटा सानो उदाहरण अघि सारौं । पश्चिम बंगालमा पटक पटक

**संघर्षको इतिहासका विशेष चरणहरूमा एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीले चुनावमा बहुमत पनि प्राप्त गर्न सक्छ, खास खास अवस्थामा सरकार पनि बनाउन सक्छ । तर राज्यको जुन स्वरुप र संरचना हो, प्रतिक्रियावादीहरूको हातमा रहेको जुन सत्ता हो, त्यसलाई संसदीय सीमाभित्र रहेर शान्तिपूर्ण तवरले कहिल्यै खत्तम पार्न सकिंदैन ।**



त्यहाँको सरकारलाई प्रतिक्रियावादीहरूले फाल्न कोशिश गरे । तर त्यस्तो बेला प्रत्येक पटक प्रतिरोधस्वरुप जनआन्दोलनहरू भए । यही कारणले गर्दा उनीहरूको साजिश सफल हुन सकेन । यहाँ कमजोरी कहाँनेर हुन गयो भने, प्रतिक्रियावादीहरूको बीचको द्वन्द्वमा कहाँ कसरी फाइदा उठाउने भन्ने सवालमा बेसी ध्यान गयो । तर संसदीय सीमा बाहिर जनसंघर्ष उठाउने सवालमा कम ध्यान गयो । त्यसैले सरकार गिराउन खोज्दा पनि यहाँ कुनै जनआन्दोलन भएन । सजिलै सरकार ढाल्न संभव भयो ।

संसदीय व्यवस्थाको सीमा र चरित्रलाई जनसमक्ष परिचित गराएर यो प्रणालीबाट होइन, हाम्रा आधारभूत समस्याहरू क्रान्तिकारी परिवर्तनबाट मात्रै हल हुन्छन् भनेर बैकल्पिक क्रान्तिकारी सत्ताको आवश्यकता बोध गराउने काम हुन सकेन । यो कमजोरी हुनुमा आज विश्व कम्युनिष्ट आन्दोलनमा जुन भड्कावहरू आइरहेका छन्, तिनीहरूले काफी हदसम्म असर पुऱ्याएका छन् ।

एमाले सरकारको ९ महिने कार्यकालले देखाएको कुरा के छ भने- यो क्रान्तिकारी सिद्धान्तबाट अलग्ग हट्न लागेको छ । क्रान्तिकारी सिद्धान्त छाडेर विकासका जुन कुरा ल्याइएका छन्, त्यसले काफी नोक्शान पुऱ्याएको छ ।

अब हामी माधवजीले उठाउनु भएको शक्ति संचयको प्रश्नमा जाऔं । संसदीय प्रणालीको उपयोग र शान्तिपूर्ण प्रतिस्पर्धाद्वारा शक्ति संचयमा मद्दत पुग्छ भनिएको छ । शक्ति संचय गरिनु पर्छ । तर प्रश्न उठ्छ- शक्ति संचय केको आधारमा गर्ने ?

क्रान्तिकारीहरूले शक्ति संचय क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी कार्यक्रमकै आधारमा गर्नुपर्छ । त्यस्तो शक्ति संचयले यो संसदीय व्यवस्था विरुद्ध निर्णायात्मक क्रान्तिको लागि आधार तयार पार्दछ । तर हामी क्रान्तिकारी सिद्धान्तबाट पछाडि हटेर, क्रान्तिकारी कार्यक्रमलाई पछाडि हटाएर शक्ति संचय गर्न प्रयत्न गर्छौं भने त्यसले सत्तामा पुग्न त मद्दत गर्ला, तर क्रान्ति वा आमूल परिवर्तनको उद्देश्य प्राप्त गर्नको लागि मद्दत त गर्दैन । त्यसैले, शक्ति संचय गर्न खोज्दा आमूल परिवर्तनको लक्ष्यलाई छोडिदिन्छौं भने त्यो शक्ति संचयको महत्त्व ऋणात्मक हुन जान्छ ।

एमालेको नौ महिने सरकारको अनुभवले हामीलाई यी सबै कुरा बुझ्न मद्दत पुऱ्याएको छ । अहिले नेपालमा र अन्तर्राष्ट्रिय क्षेत्रमा नै कम्युनिष्टहरू क्रान्तिकारी सिद्धान्तबाट पछि हट्ने सिलसिला शुरु भएको छ । फेरि क्रान्तिकारी दिशामा फर्कन यी र यस्ता विषयमा हामीबीच छलफलको आवश्यकता छ ।

**एमाले सरकारको एउटा कमजोरी यही संसदीय सीमा बाहिर जनसंघर्षलाई मजवूत पार्ने र क्रान्तिको निम्ति शक्ति संचय गर्ने पक्षलाई उपेक्षा गर्नुमा देखियो ।**

# 'सरकारमा जानुको उद्देश्य जसरी पनि सरकारमा टिक्नु होइन, संसदीय व्यवस्थाको सीमालाई पर्दाफास गर्नु हुनुपर्थ्यो'

**क. शंभुराम श्रेष्ठ**
*महासचिव, नेपाल कम्युनिष्ट लीग*

एमाले सरकारको नौ महिनाले देखाएको कुरा के हो भने उहाँहरूले जतिसुकै जनवादको कुरा गरे पनि सबैभन्दा ठूलो दोष केमा छ भने- उहाँहरूले भित्रैदेखि संसदवाद पक्रनु भएको छ । संसदीय बाटोबाटै धेरै काम गर्न सकिन्छ भन्ने निष्कर्षमा उहाँहरू पुग्नु भएको छ ।

१९५९ को कुरा हो, रुमानियामा त्यहाँको कम्युनिष्ट पार्टीको आयोजनामा कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय सम्मेलनका लागि एउटा तयारी समिति बनाउन एउटा बैठकको आयोजना गरिएको थियो । सबै ठाउँका कम्युनिष्ट नेताहरू बोलाइएको त्यस भेलामा हामीलाई पनि बोलाइएको थियो । त्यस बैठकमा खुश्चोभले क. माओको अभै पनि हिंसात्मक क्रान्तिको जरुरत छ भन्ने धारणालाई खण्डन गर्दै साम्राज्यवादीहरू कोटको टाँक जत्तिकै सानो भइसकेपछि हिंसात्मक क्रान्तिको कुनै जरुरत छैन भनेर बोलिदिनु भयो । हो, साम्राज्यवादीहरू कोटको टाँक जत्तिकै सानो भइसके भने हिंसात्मक क्रान्तिको जरुरत नहुन सक्छ । तर प्रश्न त के उठ्छ भने- साम्राज्यवादीहरू साँच्चै कम्युनिष्ट शक्तिको तुलनामा त्यति सानो र कमजोर भइसकेका हुन् त ? वास्तवमा त्यो झूठो कुरा हो । तर त्यही झूठ तर्कका आधारमा खुश्चोभले संसदीय बाटोबाट अब अगाडि बढ्न सकिन्छ भन्ने धारणा ल्याए ।

उता यूरो कम्युनिष्टहरू अर्थात् इटाली कम्युनिष्ट पार्टी, फ्रेञ्च कम्युनिष्ट पार्टीले पनि पूँजीपति वर्गलाई खुशी पार्न सर्वहारा अधिनायकत्वको सिद्धान्त छोडिदिए । तर त्यत्तिले मात्र बुर्जुवाहरूले उनीहरूलाई पत्याएनन् । उनीहरूले मार्क्सवादी सिद्धान्त र मार्क्सवादी खेमा नै छाडिदिए । परिणामस्वरुप उनीहरूको पार्टी कम्युनिष्टहरूबाट एक्लियो । त्यसपछि जनताबाट पनि यो एक्लियो । अन्ततः सिंगै पार्टी धराशायी भयो । अहिले नेपालमा त्यही स्थिति दोहरिंदैछ ।

एमालेले संसदीय प्रजातन्त्रलाई नै आफ्नो व्यवस्थाको रुपमा स्वीकार गरेको छ । वास्तवमा कम्युनिष्टहरूको प्रजातन्त्र त जनताको जनवाद हो, संसदीय व्यवस्था त प्रतिक्रियावादीहरूको प्रजातन्त्र हो । हामी संसदमा जाने त यसलाई पर्दाफास गर्न जाने हो । सरकारमा नै जाने हो भने त अरु बढी पर्दाफास गर्न सकिने स्थिति हुन्छ । किनकि सरकारमा भएको पार्टीले विधेयकहरू नै प्रस्तुत गर्न सक्छ र प्रतिक्रियावादीहरू पनि नांगै विरोधमा आउँछन् ।

संसदीय व्यवस्थाको सीमाबारे हामी प्रष्ट छौं । तर आम जनसमुदाय त प्रष्ट छैन । संसदीय व्यवस्थाले हाम्रो लागि काम गर्दैन भन्ने कुरा उनीहरूले व्यवहारद्वारा नै बुझ्नु जरुरी छ । यही बुझाउन हामी संसद र सरकारमा जाने हो । कार्यनीतिक गतिविधिद्वारा हामी यो बुझाउने काम गर्न सक्छौं ।

*— क. शम्भूराम श्रेष्ठ —*



यहाँ के भइदियो भने- एमालेका कामरेडहरू संसदको सीमालाई पर्दाफास गर्नुभन्दा यसैबाट धेरै काम गर्न सकिन्छ भन्न थाल्नु भयो । यो त १९६० मै खुश्चोभले ल्याएको विचार हो ।

हामीले लेनिनबाट सिक्नु पर्थ्यो । लेनिनलाई थाहा थियो कि संविधानसभाको चुनाव गराइयो भने बोल्शेविकहरू त्यहाँ अल्पमतमा मात्र हुन्छन् भनेर । तर त्यो थाहा हुँदाहुँदै पनि उहाँले चुनाव गराउनु भयो । दुई वटा उद्देश्य हासिल गर्नका लागि उहाँले त्यो चुनाव गराउनु भएको थियो- एउटा, वोल्शेविकहरू जे बोल्छन् त्यही गर्छन् भन्ने सावित गर्नका लागि, अर्को त्यहाँका प्रतिक्रियावादीहरू र मेन्शेविकहरू कुन वर्गको पक्षमा छन्, संविधानसभा वास्तवमा कुन वर्गको पक्षमा छ भनेर व्यवहारद्वारा नै पर्दाफास गर्नका लागि ।

संविधानसभाको चुनाव भइसकेपछि त्यहाँ लेनिनले जमीनको राष्ट्रियकरणको प्रस्ताव अनुमोदनका लागि राख्न लगाउनु भयो । त्यसलाई संविधानसभाको बहुमतले फेल ख्वाइदियो । त्यस्तै जातिहरूको आत्म निर्णयको अधिकार संबन्धी प्रस्ताव त्यहाँ राखियो । त्यो पनि अस्वीकृत गरियो । यी कुरा फेल ख्वाइसकेपछि लेनिनले खुलेआम घोषणा गर्नसक्नु भयो जनता समक्ष कि- संविधानसभा क्रान्तिको विरुद्धमा गएको छ भनेर । त्यसपछि उहाँ संविधानसभालाई नै अन्त गर्ने बाटोतिर लाग्नु भयो । जनताले पनि त्यो कुरालाई आफ्नै अनुभवले बुझे ।

एमाले सरकारले यहाँ पनि त्यही रणनीति अप्नाउनु पर्थ्यो ।

एमाले संसदमा बहुमतमा नआए पनि सबैभन्दा ठूलो पार्टीको रुपमा आयो । यो राम्रो कुरा थियो । उसले सरकार बनाउन पायो, त्यो झन् राम्रो कुरा थियो । तर उसको सरकारमा जानुको रणनीति जसरी पनि सरकारमा टिक्नु होइन, यो संसदीय व्यवस्थाको सीमालाई पर्दाफास गर्ने हुनु पर्थ्यो । उसले संसदमा जनपक्षीय र आमूल परिवर्तनको पक्षको बिल भटाभट प्रस्तुत गर्नु पर्दथ्यो । प्रतिक्रियावादीहरूले त्यसलाई

**एमालेका कामरेडहरू संसदको सीमालाई पर्दाफास गर्नुभन्दा यसैबाट धेरै काम गर्न सकिन्छ भन्न थाल्नु भयो । यो त १९६० मै खुश्चोभले ल्याएको विचार हो ।**

पास हुन दिन्नथे नै । उनीहरू सरकारलाई अपदस्थ गर्ने प्रयत्न गर्थे नै । त्यो गरेको स्थितिमा हामी संविधान मुताबित निर्वाचित सरकार हौं, तर पनि हामीलाई जनपक्षीय र क्रान्तिमुखी काम गर्दा जबर्जस्ती अपदस्थ गरियो । त्यसैले हामी संघर्षको मैदानमा जान बाध्य भएका छौं, हतियार समात्न बाध्य भएका छौं भनेर जनतासामु जान सकिन्थ्यो । त्यो पर्दाफासको बृहत ठूलो अवसर हुन्थ्यो ।

नेपालमा १९५० को असमान सन्धि खारेज गर्ने प्रस्ताव संसदमा राखेर, अरुण-तेस्रो रद्द गर्ने प्रस्ताव संसदमा राखेर, क्रान्तिकारी भूमिसुधारको प्रस्ताव राखेर, जनजातिको समान हकको, महिलाहरूको समान हकको प्रस्ताव संसदमा राखेर हेरिनु पर्थ्यो । त्यो फेल गरिन्थ्यो । त्यो गरिएको भए भण्डाफोरको निकै ठूलो अवसर हुने थियो । तर एमाले सरकारबाट त्यस्तो गरिएन, जुन बिलकुलै संभव थियो ।

ऊ संसदमै सीमित हुने, जसरी पनि सरकारमा टिक्ने कुरामा सीमित हुने दिशातिर लाग्यो । सारा गडबडी यसैबाट भएको हो ।

नौ महिनाको सरकारले धेरै कुरा गर्न भ्याउँदैनथ्यो । त्यो ठीक कुरा हो । तर ऊ दुई-चार वटा मुख्य सवालमा केन्द्रित हुन सक्थ्यो र हुनुपर्थ्यो । त्यो गरेको भए यहाँका प्रतिक्रियावादीहरूलाई नांगोभार पार्ने राम्रो अवसर मिल्थ्यो । अल्पमतको सरकार त जान्थ्यो, जान्थ्यो । तर नयाँ सरकारले टिक्न खान गाह्रो पर्थ्यो । फेरि चुनावमा हामी नै बहुमतमा आउँथ्यौं ।

वामपन्थी मित्रहरूले हामीलाई एक्ल्याउनु भयो भनेर माधवजीले भन्नु भयो । वास्तविकता के हो भने- उहाँहरूले आफैले आफैलाई वामपन्थी मित्रहरूबाट एक्ल्याउनु भएको हो । उदयपुरमा सुकुम्वासीलाई दवाउने, वामपन्थी नेताहरूलाई थुन्ने, सार्वजनिक ऐन लगाउने काम त उहाँहरूले नै गर्नु भएको हो नि ! बागबजारको भित्ते लेखनमा पनि गल्ती उहाँहरूले नै गरेको हो । बाबुरामजी त्यो केसमा खड्ग ओलीलाई भेट्न जाँदा आधा घण्टा कुराएर भेटै नदिई त्यत्तिकै फर्काइयो । बाबुरामका कार्यकर्ताहरूलाई गुण्डा ऐन लगाएर थुनियो । यस्तो गरेपछि सरकार एक्लिदैन त ?

त्यसैले, एमाले सरकारको पालामा ठूलो गल्ती भएको छ । गर्न संभव कुरा पनि गरिएको छैन । त्यो गल्तीलाई सच्याउनु पर्छ ।

जहाँसम्म सरकार बहुमतमा भएको भए टिक्थ्यो भन्ने सवाल छ, प्रतिक्रियावादीहरूले त्यो स्थितिमा पनि हरतरहले षड्यन्त्र गर्थे नै- उनीहरूको स्वार्थमा आघात परेपछि । केही साधारण सुधार गर्दा केरलाको राज्यसरकार नेहरू जस्तो मान्छेले भंग गरेबाट हामीले सिक्नु पर्दैन र ? केरलाको वामपन्थी सरकारले गरेको भनेको शिक्षकहरूको तलब वृद्धि र उनीहरूको जागिरको स्थायित्व हो, जमीन बेच-बिखन गर्न प्रतिबन्ध लगाएको हो । फगत यति काम गर्दा केरलाको सरकार नै भंग गरियो । त्यो पनि नेहरूबाट ।

यहाँ पनि त सर्वोच्च अदालत पक्षपातपूर्ण ढंगले आयो ।

त्यसैले, यी घटनाबाट सिक्नु पर्छ । एमालेले आफ्नो मूल बाटो सच्याउनु पर्छ अहिले एमालेमा जुन राजनीतिक विचलन भइराखेको छ, त्यो रोकिनु पर्छ ।



क. माणिकलाल श्रेष्ठ

जुनसुकै विचारधाराको पनि आ-आफ्नो खालको व्यवस्था हुन्छ । त्यो व्यवस्था, त्यो विचारधारा सुहाउँदो हुन्छ । पूँजीपति वर्गको विचारधारालाई सुहाउँदो व्यवस्था संसदीय व्यवस्था हो । निजी संपत्ति र वर्गहरूको अस्तित्व र प्रतिस्पर्धा तथा पूँजीपति वर्गको प्रधानता पूँजीवादी व्यवस्थाको सार हो । त्यसको लागि ठीकको व्यवस्था संसदीय व्यवस्था हो । किनकि यो व्यवस्थाले ती सबैको रक्षा गरिदिन्छ ।

समाजवादी विचार-धाराको लागि अनुकुल व्यवस्था संसदीय व्यवस्था होइन । समाजवादी व्यवस्था नै त्यसको लागि अनुकुल व्यवस्था हो । किनकि समाजवादी विचारधारा निजी संपत्तिको उन्मूलन, वर्गहरूको अन्त्य, शोषणको अन्त्यतिर उन्मुख छ । तसर्थ निजी संपत्तिमा आधारित दलहरू र वर्गहरूको प्रतिस्पर्धामा आधारित, पूँजीपति वर्गको हालीमुहाली चल्ने संसदीय व्यवस्था समाजवादी विचारधाराको लागि अनुकुल हुँदैन । त्यस्तो नहुने समाजवादी व्यवस्था नै समाजवादी विचारधाराको लागि उपयुक्त हुन्छ ।

क्रान्तिद्वारा पूँजीवादी संसदीय व्यवस्थालाई अन्त्य गर्न नसकिएको अवस्थामा, जनतामा संसदीय व्यवस्थाप्रति प्रशस्त आशा र भ्रम भएको अवस्थामा यही संसदीय व्यवस्थामार्फत् मार्क्सवादी क्रान्तिकारीहरूले गर्न संभव कुरा भनेको यो संसदीय व्यवस्थाको अधिकतम उपयोग हो । यो संसदीय व्यवस्थामार्फत् जनताको जीवनमा आमूल परिवर्तन किन गर्न सकिन्न भन्ने कुरा प्रत्यक्ष अनुभवद्वारा जनतामा पर्दाफास गर्न संसदको अधिकतम उपयोग गर्नुपर्छ । सरकारमा पनि त्यही उद्देश्यले जानु पर्छ । क्रान्तिको लागि शक्ति संचय गर्न र संसदीय व्यवस्थाका कमजोरीहरूको भण्डाफोर गर्न नै मार्क्सवादी क्रान्तिकारीहरू संसद र सरकारमा जानु पर्छ ।

नौ महिनाको अनुभवले के देखाएको छ भने- संसदीय व्यवस्थाको उपयोग बिलकुलै संभव छ र नेपालमा त सरकारको पनि उपयोग गर्नु संभव छ । यसरी उपयोग गर्दा प्रतिक्रियावादीहरूले कम्युनिष्टहरूलाई सत्तासीन हुनै नदिने स्थिति यहाँ विद्यमान छ । सरकारमा गएर कम्युनिष्टहरूले सानातिना सुधारको काम मात्र थाल्दा पनि, कुनै आमूल परिवर्तनको काम नथाल्दा पनि उनीहरूलाई हरतरहले प्रतिक्रियावादीहरूले सत्ताच्यूत गर्ने स्थिति यहाँ विद्यमान छ । यो नौ महिनाको अनुभवले प्रष्ट देखाएको छ । त्यसैले यो संसदीय व्यवस्थामा भर्खर आमूल परिवर्तनको काम थाल्ने हो भने १७ साल दोहऱ्याउने वा चिलीको घटना दोहोऱ्याउने टड्कारो संभावना यहाँ देखिएको छ ।

यसबाट निकाल्न सकिने निष्कर्ष के हो भने- कम्युनिष्ट क्रान्तिकारीहरूले संसदीय व्यवस्थामार्फत् यसको सीमा र कमजोरीहरूको अधिकतम भण्डाफोर गर्न संभव छ, क्रान्तिको लागि शक्ति संचय गर्नु संभव छ, सरकारमा गएर सानातिना जनमुखी सुधार गर्नु पनि संभव छ । तर यो व्यवस्थामार्फत् आमूल परिवर्तन वा क्रान्ति संभव छैन ।

**कम्युनिष्ट क्रान्तिकारीहरूले संसदीय व्यवस्थामार्फत् यसको सीमा र कमजोरीहरूको अधिकतम भण्डाफोर गर्न संभव छ, क्रान्तिको लागि शक्ति संचय गर्नु संभव छ, सरकारमा गएर सानातिना जनमुखी सुधार गर्नु पनि संभव छ । तर यो व्यवस्थामार्फत् आमूल परिवर्तन वा क्रान्ति संभव छैन ।**

**सरकारमा गएर नेपालमा भएका कुनै पनि तथाकथित प्रजातन्त्रवादी वा प्रजातान्त्रिक समाजवादी भन्दा बढ्ता जनमुखी काम गर्न संभव छ, भन्ने कुरा देखाएको छ ।**

## 'यो व्यवस्थामार्फत् यसको कमजोरीको अधिकतम भण्डाफोर र क्रान्तिको लागि शक्ति संचय संभव छ, तर क्रान्ति संभव छैन'

प्रा. माणिकलाल श्रेष्ठ

*प्रसिद्ध वामपन्थी बुद्धिजीवी*

मलाई लाग्छ, हाम्रो छलफल मूल विषयभन्दा बाहिर गइरहेको छ । एमाले सरकारको नौ महिनाको मूल्याङ्कन हाम्रो छलफलको विषय भइराखेको छ । 'मूल्याङ्कन' ले राखेको छलफलको एजेण्डा त्यो थिएन । नौ महिनाको अनुभवको आधारमा यो संसदीय व्यवस्थाबाट के गर्न संभव छ, के गर्न संभव छैन, मुख्य छलफलको विषय यो थियो ।

## 'त्यहाँ गएर क्रान्तिकारी सरकारको कार्यक्रम लागू गर्न संभव छैन'

क. पद्मरत्न तुलाधर

*चर्चित वामपन्थी सांसद तथा बुद्धिजीवी*

'नौ महिनाको अनुभवले व्यवहारिक रूपमा के देखाएको छ भने कम्युनिष्टहरू शान्तिपूर्ण प्रतिस्पर्धाद्वारा पनि सरकारमा जान सक्छन् ।'संसारका, अरु भागमा कम्युनिष्टहरू, संसदीय बाटोबाट वा क्रान्तिबाट गएकाहरू सत्ताच्यूत भएको अनुभव छ । तर नेपालमा त्यो अनुभव भएको थिएन । यस पटक त्यसको प्रत्यक्ष अनुभव भएको छ ।

सरकारमा गएर केही काम गर्न संभव छ- जनताको पक्षमा, क्रान्तिको पक्षमा, त्यो नौ महिनामा अनुभव भएको छ । बहुमतको सरकार भएको

**ठूलो कमजोरी के रह्यो भने- पार्टीबाट मार्क्सवादी सिद्धान्त अनुसार के के आधारभूत परिवर्तन गर्न संभव छ भन्ने आधारमा नीति र कार्यक्रमको निर्धारण र मार्गनिर्देशन हुन सकेन ।**

भए अझ अरु बढी जनपक्षीय सुधारहरू गर्न संभव थियो ।

सरकार लामो समयसम्म टिक्छ भन्ने भयो भने- नोकरशाहीतन्त्रका मान्छेहरू डराएर पनि सहयोग गर्दारहेछन् । त्यो भएन भने उनीहरू मिच्दा रहेछन् । अटेर गर्दारहेछन् । त्यो पनि अनुभूति भएको छ ।

क्रान्तिकारी काम गर्न वर्तमान नोकरशाहीयन्त्र बाधक छ भन्ने कुरा यो बीचमा थाहा भएको छ । किसान-मजदूरहरूलाई शिक्षित तुल्याउने, जागृत गर्ने कार्यक्रम संचालन गर्न नोकरशाहीयन्त्रकै कारणले संभव भएन ।

सरकारमा गएर नेपालमा भएका कुनै पनि तथाकथित प्रजातन्त्रवादी वा प्रजातान्त्रिक समाजवादीभन्दा बढ्ता जनमुखी काम गर्न संभव छ, सुधार गर्न संभव छ भन्ने कुरा नौ महिनाको एमाले सरकारले देखाएको छ ।

मानव अधिकारको सवालमा त एमाले सरकारको पालामा राम्रो स्थिति रहेको कुरा अमेरिकाले समेत स्वीकार्न बाध्य भएको थियो ।

तर यो नौ महिनामा के पनि अनुभव भएको छ भने त्यहाँ गएर क्रान्तिकारी सरकारको कार्यक्रम लागू गर्न संभव छैन । धेरै भन्दा धेरै संझौता गर्नुपर्ने, कूटनीति गर्नुपर्ने, संझौता र कूटनीतिका आधारमा सरकार टिकाउनु पर्ने स्थिति त्यहाँ हुँदोरहेछ । यो सरकार नौ महिना टिक्न सक्नुमा कूटनीतिकै मुख्य भूमिका छ ।

मेरो व्यक्तिगत अनुभव के पनि छ भने सरकार मार्क्सवादी ढंगले चलेन । कसरी मार्क्सवादी ढंगले सरकार चलाउने ? नौ महिनाको दौरानमा हामीबीच कहिल्यै यो सवालमा छलफल भएन । क्याविनेटमा पनि यो भएन ।



**मेरो श्रम मन्त्रालयको अनुभव नै तपाईहरूलाई जानकारी गराऊँ । देशमा पहिलो चोटि श्रमिकहरूको** सरकार आएको छ, मार्क्सवादीहरूको सरकार आएको छ । त्यो बेलामा श्रमिकहरूमा मार्क्स-वादी चेतना फैलाउन के गर्ने ? उनीहरूको हक हित बढाउन के गर्ने ? मन्त्रालयमा हेऱ्यो, श्रम मन्त्रालयलाई सबैभन्दा थोरै बजेट छुट्याइएको छ । कुनै गतिलो कार्यक्रम ल्याउने बजेट नै छैन । यो स्थिति त्यहाँ देखेर बजेट वृद्धि गर्न लगाइयो । तर श्रमिकहरूको मार्क्सवादी चेतना जागरण र हक हित वृद्धिका लागि कुनै ठोस कार्यक्रम नै ल्याउन नपाई नौ महिना सकियो ।

त्यसैले, ठूलो कमजोरी के रह्यो भने- पार्टीबाट मार्क्सवादी सिद्धान्त अनुसार के के आधारभूत परिवर्तन गर्न संभव छ भन्ने आधारमा नीति र कार्यक्रमको निर्धारण र मार्गनिर्देशन हुन सकेन । मन्त्रीहरूको फुर्सत नै नहुने भएकाले यो काम पार्टी नेताहरूबाट हुनु जरुरी थियो । आधारभूत कामको बारेमा नीति र प्रथामिकता तय हुनु जरुरी थियो; त्यो भएन ।

अरु धेरै कुरा गर्नको लागि त नौ महिनाको अनुभव पटक्कै पर्याप्त छैन । त्यसमाथि यो ४२ (२) अनुसारको अल्पमतको सरकार थियो । सरकारमा गएर क्रान्तिको लागि शक्ति संचय गर्नु संभव छ भन्ने कुरा सही हो भन्ने मलाई पनि लाग्छ ।

**मेरो व्यक्तिगत अनुभव के पनि छ भने सरकार मार्क्सवादी ढंगले चलेन**

**वाम पार्टीहरूसँग समन्वयमा भने कमी भएको हो । एउटा समन्वयको मेकानिज्म तयार गर्न सकेको भए राम्रो हुन्थ्यो ।**

❑ *मूल्याङ्कनका प्रधान सम्पादक श्याम श्रेष्ठको प्रश्न क. माधव नेपाललाई*

**यो सरकार त संसदको अल्पमतको भयो । संसदमा बहुमत भएको भए यो प्रणाली अन्तर्गत के के गर्नु संभव थियो ?**

# 'हामी क्रान्तिकै लागि सत्तामा गएका थियौं'

**क. माधव कुमार नेपाल**

यो सवालबारे पछि छलफल गरौंला । अहिले म के स्पष्ट पार्न चाहन्छु भने जनताबाट कटिएपछि नै कम्युनिष्टहरू सत्ताबाट च्यूत भएका छन् । एमालेको हकमा यो जनताबाट कटेको छैन । यसले प्रतिक्रिया-वादीहरूसँग कुनै संझौता पनि गरेको छैन । वर्ग-दृष्टिकोण पनि छोडेको छैन ।



अरुण-तेस्रोको संबन्धमा हामीले अडान छाड्यौं भन्ने कुरा पनि सत्य होइन । हामीले त्यसमा कुनै अडान छोडेका छैनौं ।

टनकपुरको बारेमा पनि हाम्रो अडान यथावत नै रहेको छ ।

वाम पार्टीहरूसँग समन्वयमा भने कमी भएको हो । एउटा समन्वयको मेकानिज्म तयार गर्न सकेको भए राम्रो हुन्थ्यो ।

हामी क्रान्तिकै लागि सत्तामा गएका थियौं । सत्तामोहका कारणले सत्तामा बसिरहेका थिएनौं ।

❑ *श्याम श्रेष्ठको प्रश्न क. मोहनविक्रम सिंहलाई*

**कार्यनीतिक रुपले सरकारमा क्रान्तिअघि पनि जान सकिन्छ भन्ने धारणा यहाँ प्रस्तुत भयो । त्यस स्थितिमा क्रान्तिको दिशामा के के सुधारका कामहरू गर्न संभव देख्नु भएको छ ?**

# सरकारमा जानु गल्ती होइन

क. मोहनविक्रम सिंह

मूल कुरो स्पीरिटको प्रश्न हो ।

काम त महिला, श्रमिक, भूमिसुधार, असमान सन्धि, जनजाति सबै क्षेत्रमा गर्न संभव छ । तर मुख्य कुरा संसदीय प्रणालीलाई उपयोग गर्ने संबन्धी दृष्टिकोणमा स्पष्ट हुनु जरुरी छ । त्यो स्पष्ट भए एकातिर जनमुखी सुधारहरू गर्न सकिन्छ, अर्कोतिर जनसंघर्ष उठान गर्न सकिन्छ, क्रान्तिको लागि शक्ति संचय गर्न सकिन्छ ।

हाम्रो ठम्याइमा सरकारमा जानु र सुधारहरू गर्नु गल्ती होइन । संसद, सरकार र सुधारमै सीमित हुनु, क्रान्तिकारी लक्ष्य र विचारलाई प्रधानता नदिनु गल्ती हो ।

# 'यो संसदवादमा भास्सिने काम हुन्छ'

**क. सन्देश**

संसदीय संघर्षमा भाग लिने, सरकार बनाउने, संरचना फेर्ने, गुणात्मक फड्को मार्ने विचार यहाँ आयो । तर कसरी ?

क्रान्तिकारी उद्देश्यलाई केन्द्रविन्दुमा राखेर कि संसदीय उद्देश्यलाई केन्द्रविन्दुमा राखेर ?

संसदको उपयोग गर्न सकिन्छ । कुनै विशिष्ट स्थितिमा सरकारमा पनि जान सकिन्छ । तर क्रान्तिकारी उद्देश्यलाई केन्द्रविन्दुमा राखेर यी कामहरू हुनुपर्छ । क्रान्तिकारी उद्देश्य पूरा गर्नका लागि यी कामहरू हुनुपर्छ । यसो गरिएन भने हामी जेसुकै राम्रा कुरा गरौं, यो संसदवादमा भास्सिने काम हुन जान्छ ।

विशिष्ट स्थितिमा सरकारमा जान सकिन्छ भनेपछि हामीले त्यो विशिष्ट स्थिति केलाउनु जरुरी हुन्छ । मलाई लाग्छ- नेपालमा त्यो विशिष्ट स्थिति अहिले छैन ।

**समाप्त**

## सांसद विनोद शाहको एमाले-प्रवेश

# नेमकिपा के सोच्दैछ ?

**क. रोहितज्यू !**

**कुनै जीवित पार्टीमा मतभिन्नता हुनु वा असंतुष्ट भएर कुनै नेता वा कार्यकर्ता पार्टीबाट निस्कनु अस्वाभाविक कुरा होइन । विनोद शाह पनि त्यही प्रक्रियामा तपाईको पार्टीबाट निक्लेका हुन् । यो कुनै आश्चर्यजनक कुरा होइन ।**

**तर विनोद शाह निक्लेको कुरालाई लिएर तपाई निकै आक्रोशित हुनु भएको देखिएको छ । विनोद शाहलाई ठाउँ कुठाउँ कारवाही गर्ने माग गरिरहनु भएको छ । आफ्नो कार्यकर्ता चोर्ने हुनाले कोहीसित पनि कार्यगत एकता नगर्ने कुरा गरिरहनु भएको छ । यतिसम्म कि- यही कारणले राष्ट्रिय सभाको चुनावमा प्रतिक्रियावादीलाई जिताउने काम समेत गर्न थाल्नु भएको छ । यस्तो किन भइरहेछ ? के यो सही काम भइरहेछ ? जवाफ पाउँ ।**

*-रामलाल श्रेष्ठ बनेपा, काभ्रे*

## नेमकिपाका अध्यक्ष क. रोहितको जवाफ

विश्व कम्युनिष्ट आन्दोलनमा गद्दारी र विश्वासघात नयाँ कुरा होइन, त्यस्तै त्यस्ता गद्दारी र विश्वासघातको विरोधमा हरेक क्रान्तिकारी र सच्चा कम्युनिष्टहरू र पार्टीहरूले संघर्ष गर्दै आएका छन् । वर्नस्टिन काउत्स्की, प्लेखानोभ, ट्राट्स्की, चेन तु स्यु, वाङ मिङ, लि लि सान, चांग क्वो ताओ, डाँगे, थ्रोजे, थोग लियाति, ख्रुश्चोभ, रायमाझी आदि आदि अवसरवादी र संशोधनवादीहरूसँग सच्चा माकर्सवादी-लेनिनवादी तथा क्रान्तिकारीहरूले संघर्ष गरेका छन् ।

नेपालको कम्युनिष्ट आन्दोलनमा जसरी रायमाझीको अवसरवादको विरोधमा संघर्ष गरिएको थियो, आज एमालेको संशोधनवादको विरोधमा त्योभन्दा चर्को संघर्ष गर्नु आवश्यक छ भनेर ४ वर्ष अगाडि नै नेपाल मजदूर किसान पार्टीले नयाँ सैद्धान्तिक संघर्षको क्षेत्र खोलेको थियो । तर आफूलाई इमान्दार कम्युनिष्ट भन्ने केही व्यक्तिहरूले पहिलो महानिर्वाचनमा (२०४८) पार्टी निर्णयकै विरोधमा एमालेलाई सघाऊ पुऱ्याई अवसरवाद र संशोधनवादलाई मद्दत गरे । तथाकथित कम्युनिष्ट आन्दोलन अगाडि बढाउने नाउँमा पद र पैसाको लोभ देखाएर नेपालको कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक विचलन ल्याउने, अनुशासन भंग गर्ने र वामपन्थी पार्टीहरूको बीचमा अविश्वास फैलाउने कुकर्महरू गरे । वाचस्पति देवकोटा, कमल चौलागाई आदि आदि प्रकरण यस्तै कोटीमा पर्दछ ।

समाजमा भएका अनेक खराबीहरू पार्टीहरूमा पनि पस्छन् । पार्टीभित्र वर्गीय शिक्षा, सैद्धान्तिक दीक्षा, अनुशासन र जनताको माझमा गरिने कामहरूबाट पार्टी सदस्यहरूलाई अझ शुद्ध बनाउने काम हुन्छ । अनेक प्रकारका शिक्षा, परीक्षणकाल र कामपछि पनि जस्तोसुकै क्रान्तिकारी पार्टीमा मैलिनोभस्की जस्ता फरक फरक तहका गद्दारहरू पसेका हुन्छन् । तिनीहरूलाई पार्टीले अगाडि वा पछाडि तिनीहरूको अपराध अनुसार कारवाही गर्ने गर्छन् । 'गाँसे-गुसे एकै नासे' भने जस्तै केही क्यारिरिष्टहरू (आफ्नो व्यक्तिगत महत्त्वाकांक्षा वा स्वार्थको निम्ति काम गर्ने चरित्रहरू) सबै पार्टीहरूमा देखा परेका हुन्छन् र तिनीहरूको विरोधमा इमान्दार कार्यकर्ता वा क्रान्तिकारी पार्टीहरूले संघर्ष गरेका छन् ।

तर पुँजीवादी पार्टीहरूमा यस्ता संघर्ष कम हुन्छन् वा कम अवधिमा मात्र हुने गर्छन् । किनभने पूँजीवादी पार्टीहरूमा शोषक वर्गको निम्ति वा आफ्नो व्यक्तिगत स्वार्थकै निम्ति काम गर्ने गरिन्छ । तर कम्युनिष्ट पार्टी वा सर्वहारा पार्टीमा व्यापक कामदार जनताको हितमा काम गर्ने गरिन्छ । ती स्वार्थी र विश्वासघातीहरूको गतिविधिले पार्टी र जनतालाई नैतिक, सैद्धान्तिक र वर्गीय रुपले अहित गर्छ । यसकारण त्यसको विरोधमा संघर्ष नगर्नु गलत विचार, गतिविधि र जनताको हित वरोधी कार्यको अगाडि आत्म समर्पण हुन जान्छ । माओ त्सेतुङले हामीलाई उदारवाद र अवसरवादको विरोधमा संघर्ष गर्न सिकाउनु भएको छ । सिद्धान्तहीन एकता र जनताको हित विरोधी कार्यलाई सहेर बस्नुलाई अवसरवाद हो भनी सिकाउनु भएको छ । सबैखाले अवसरवादीहरू यस्तो प्रकारको संघर्षको विरोध गर्छन् र सिद्धान्तहीन एकताको समर्थन गर्छन् । त्यस्ता मानिसहरूले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधाराप्रति आस्था राखेका हुँदैनन् । तिनीहरू नक्कली कम्युनिष्ट हुन् । पार्टीभित्रको सैद्धान्तिक संघर्ष र भित्री पार्टी संघर्ष भिन्न छ ।

क्रान्तिकारी पार्टी र क्रान्तिलाई जहाँ पनि जहिले पनि विश्वासघात गर्नेहरूको कमी छैन । तर त्यो स्वभाविक कुरा होइन, बरु अस्वाभाविक कुरा हो । यसकारण कहिलेकाहीं ठूल-ठूला सैद्धान्तिक र शारीरिक संघर्षहरू समेत हुने गरेको कुराको अनेकौं उदाहरणहरू छन् । यसकारण पद र पैसाको निम्ति पार्टी र सिद्धान्तलाई घात गर्नेहरूलाई पार्टीले अनुशासनको कारवाही गर्नु वा निकाला गर्नु भनेको अस्वाभाविक कुरा होइन ।

त्यति मात्रै होइन ६ महिना अगाडि जनतासँग पार्टीको घोषणापत्र, सिद्धान्त र चिन्हको आधारमा मत मागेर निर्वाचन जित्ने, एमालेलाई कम्युनिष्ट होइन भनेर ठम्याई राख्ने र पार्टी तथा जनताप्रति वफादार रहने प्रतिज्ञा गर्ने, तर ६ महिनापछि विश्वासघात गरी पार्टीको सबै कुरा अन्य पार्टीलाई बुझाउनु र बताउनु निश्चय पनि अस्वाभाविक र विश्वासघात हो । यसकारण यसको विरोध गरिनु पर्छ । त्यसो नगर्नु स्वयं सिद्धान्तबाट पतन हुनु र विश्वासघातलाई सहयोग पुऱ्याउनु हो ।



जनता, पार्टी र सिद्धान्तप्रति घात हुँदाहुँदै आक्रोशित नहुने उदारवादी निश्चय पनि कम्युनिष्ट हुन सक्दैन । विनोद शाहको विश्वासघातलाई सदन, सभा, गोष्ठी, जन-सभा वा पत्रकार सम्मेलनमा उठाउनुलाई "ठाउँ-कुठाउँ" मा कारवाहीको माग गर्नु भनेको के हो ? विश्वासघातको विरोधमा लोकमत तयार गर्न हरेक ठाउँलाई उपयोग गर्नै पर्छ ।

संविधान र प्रतिनिधि सभा नियमावली २०४८ अनुसार दलले सूचना गरेपछि स्थान रिक्त हुने कुरा प्रष्ट भएकोले उठाउनै पर्ने हो र उठाइयो, फेरि फेरि पनि उठाइने छ । सभा, गोष्ठी र जन सभामा जनतालाई स्थिति स्पष्ट पार्नु पार्टीको कर्तव्य हो । पत्रकार सम्मेलनमा पनि प्रश्नको उत्तर दिनु र लोकमत तयार गर्न खोज्नु स्वभाविक हो । पार्टी वा पक्षको विचार प्रचार गर्न र लोकमत तयार गर्न पत्रिका चलाउने काम गरिन्छ । हो, केही पत्रकारहरू खाली पेट पाल्न वा मागी खाने भाँडो बनाउन पनि पत्रकार पेशामा लागेका होलान्, तर सैद्धान्तिक पत्रपत्रिका चाहिं आफ्नो मत प्रचार गर्न चल्छन् र तिनले आफ्नो मत प्रचार गर्छन् ।

जहाँसम्म एमालेसँग हाम्रो सैद्धान्तिक संघर्ष हो, त्यो त झापाकालदेखि र २०४७ सालदेखि नै छ- त्यसमा सबै इमान्दार पक्षलाई दुविधा हुने छैन । तर एउटा मित्र पार्टीले अर्को मित्र पार्टी फुटाउन पद, पैसा, ऋण दिएर षड्यन्त्र गर्छ भने त्यो मित्रघात हो । त्यो सामाजिक र राजनैतिक शिष्टाचार र नैतिकता विरोधी कुरा हो । त्यसको विरोधमा पनि संघर्ष गरिनु पर्दछ । यस अर्थमा एमालेसँग "जस्तालाई तस्तै" को संघर्ष गर्नु आवश्यक छ । होइन भने त्यो पनि आत्म-समर्पणवाद र उदारवाद हुनेछ । एमालेको त्यस फूटपारुवा कार्यले पार्टीहरूको बीचमा अविश्वास बढ्ने, अनुशासन खुकुलो हुने, जनतामा विश्वास घट्ने, संसद सदस्यहरू किनबेचको नराम्रो परम्परा शुरु हुने जस्ता नराम्रा कुराहरूलाई बढावा दिनेछ । यसकारणले पनि त्यस्ता सिद्धान्तहीन र अनैतिक काम कारवाहीको विरोध गरिनु आवश्यक छ ।

त्यसैकारण "कोहीसित पनि कार्यगत एकता नगर्ने" भन्ने कुरो श्रुतिदोष हो । त्यस्ता विश्वासघात र अनैतिक पक्षसँग "कार्यगत एकता" नगर्ने चाहिं साँचो हो । कुनै पनि इमान्दार र स्वस्थ मानिसले विश्वासघाती र अनैतिक व्यक्ति वा पार्टीसँग "कार्यगत एकता" गर्ने सल्लाह दिने छैन ।

राष्ट्रिय सभाको निर्वाचनमा कसले कसलाई जितायो भन्ने कुरा त अन्धो र बहिरो मानिसलाई बाहेक सबैलाई थाहा भइसकेको छ । एमालेले आफ्नो उम्मेदवारलाई खाली गऱ्यो र राजेश्वर देवकोटालाई मत दियो । नेमकिपा र मसालका साथीहरूले आ-आफ्नो उम्मेदवारलाई मत दिए । निर्णायक मत त एमालेसँग थियो र उसले त्यही गऱ्यो । एमालेले आफ्नो साँचो चरित्र देखायो । जो हुनु थियो, त्यो भयो । के अब पनि एमालेको वकालत गर्न बाँकी छ ? मोही माग्ने ढुंग्रो लुकाउने काम धेरै दिन चल्दैन ।

एमालेको चरित्र स्पष्ट हुँदाहुँदै पनि अझ एमालेलाई राम्रो देखाउन खोज्नुको रहस्य के हो ? कति कुराको त उत्तर नआए पनि प्रष्ट छ । जनतालाई सधैं मूर्ख बनाउन सकिँदैन, न त एमालेका पक्षधरहरू नर्सियाली रोगबाट मुक्त हुन सक्नेछन् । ❑

# भारतीय वामपन्थी लेखक-कलाकार शमसुल इस्लामसँगको कुराकानी




फोटो सौजन्य : 'स्टेट्समयान' दैनिक

शम्सुल इस्लाम : निशान्त नाट्य मंचको एक सडक नाटकमा अभिनय गर्दै

## निशान्त नाट्य मंच के गर्दैछ, के सोच्दैछ ?

**❑ निशान्त नाट्य मंच आजकाल के के गर्दैछ ?**

हामी हरेक दिनजसो सडक-नाटक गर्ने गर्छौं। सामाजिक, सांस्कृतिक र राजनीतिक सवालहरूका विषयमा पुस्तक-पुस्तिका प्रकाशन गर्ने काम पनि गरिरहेका छौं। हालै हाम्रो दुई नयाँ कितावहरू प्रकाशित भएका छन्, एक- "तसलिमा नसरीन होनेका मतलब" र दुई- "सरोकार"। तसलिमाको बारेमा लेखिएको कितावमा तसलिमा नसरिनका विद्रोही विचारहरूको विश्लेषण गरिएको छ। "सरोकार" मा चाहिं वर्तमान दिल्लीको सांस्कृतिक जीवनको अधपतनको लेखाजोखा गरिएको छ। कसरी हाम्रो जन-जीवनमा अंग्रेजी भाषा संस्कृतिले प्रवेश गरिरहेछ ? कसरी नयाँ संस्कृतिले घरका सबै मानिसहरूलाई घरबाहिर गरेको छ ? कसरी महिला हत्या र बलात्कार बढ्दैछ, हुँदैछ ? कसरी घरेलु नोकरहरू (खास गरी नेपालीहरू) घरघरमा सताईदैछन् र कसरी उनीहरू पनि घरवालाहरूसँग जुधिरहेछन्, तिनलाई पिटीरहेछन् ?- यी पक्षहरूलाई यस पुस्तकले संगेटेको छ।

यही ३१ डिसेम्बरमा भारत 'विश्व व्यापार संघ'को गुलाम भएको वर्ष दिन पुगेको उपलक्ष्यमा हामी पूरै दिल्लीभरि एउटा अभियान चलाउँदैछौं, त्यस दिन दिल्लीका चौबाटा र चोकहरूमा हामी रातभर सडक-नाटक गर्नेछौं र जनतालाई भन्ने छौं- आजको रात कुनै खुसी मनाउने रात हैन, यो त ठूलो दुःखको रात हो, भारत विश्व व्यापार संघको दास भएको यो कालो दिवस हो, हामीले यो गुलामीका विरुद्ध लड्नु जरुरी छ।

निशान्तका हाम्रा साथीहरू विभिन्न कार्यशाला गोष्ठीहरू गरिरहनु भएको छ। हाम्रा साथीहरूको जोड छ- हामी सिद्धहस्त हुनका लागि अलग अलग इलाकाहरूमा गएर नारीहरूको लागि, बच्चाहरूको लागि, मजदुरहरूका लागि काम गर्नु जरुरी छ। ती अलग अलग ठाउँहरूमा हाल हामी सांस्कृतिक कार्यशालाहरू गरिरहेका छौं। त्यहाँ हामी दिनमा नुक्कड-नाटकको तालिम दिन्छौं र रातमा चाहिं अबेरसम्म बसेर सांस्कृतिक पक्षका विभिन्न प्रश्नहरूमा छलफल गर्छौं।

**❑ आजको भारतीय समाजको सांस्कृतिक स्थितिमा तपाईंहरूका प्रयत्नहरू कति उपलब्धिमूलक भएका छन् ?**

हामीलाई यस्तो लागिरहेछ- आज हाम्रोसामु जुन चुनौतीहरू छन्, हामीले गर्नु पर्ने जुन कामको जरुरत छ, त्यस आधारमा निशान्तका वा यस्तै अरु संगठनहरूका पाँच दश टोलीहरू मात्र आज ज्यादै अपर्याप्त छन्। आज गाउँ गाउँभित्र घर-घरभित्र शासक वर्ग र साम्राज्यवादीहरूको जुन सांस्कृतिक, प्रभूत्व लादिदैछ, यसको मुकावला गर्नका लागि गाउँ गाउँमा टोल टोलमा, बस्ती बस्तीमा ज्यादै गहन काम गर्नु जरुरी छ, व्यापक रुपमा काम गर्नु जरुरी छ। हाम्रा कामहरू निश्चितै रुपमा उपलब्धिमूलक भएका छन्, तिनको अर्थ छ, महत्व छ। तर ती पर्याप्त भने छैनन्।

हेर्नुस्, आजको जुन युग छ, यस युगमा प्रतिक्रियावादी शासक वर्ग र अन्तर्राष्ट्रिय पूँजीवादको सांस्कृतिक प्रभूत्वको ठूलो लहर चलाईदैछ। यसका निम्ति उनीहरू आफूसँग भएको स्याटलाइट च्यानलरुपी माध्यमहरूबाट सबै ठाउँमा पुगेका छन्। तर दुःखको कुरा, यस सांस्कृतिक आक्रमणको मुकावला हामीले जसरी गर्नुपर्थ्यो, त्यसरी गरिरहेका छैनौं। यो सवालमा म आफैं पनि आफूलाई दोषी ठान्छु। हामी र हाम्रा जिम्मेवार भनिएका राजनीतिक-सामाजिक व्यक्तिहरू सांस्कृतिक रुपले बिलकुल निस्क्रिय रह्यौं। शत्रु वर्ग चाहिं माथि आकाशबाट आएर समाजलाई खत्तम गर्दैछन्।

**❑ यो स्थितिमा ठोस रुपमा गरिनु पर्ने काम के हो ?**

यतिखेर, के कुरा पनि निश्चित हो भने- हामीले उनीहरूलाई गाली गरेर मात्र काम चल्नेवाला छैन। उनीहरू हाम्रा वान्धव हैनन्, मित्र हैनन् र उनीहरू जनतालाई माया गर्ने तत्वहरू



**गत पुसको पहिलो हप्ता 'मूल्यांकन' को संपादन टोलीले भारतको नयाँ दिल्लीमा 'निशान्त नाट्य मंच' का सेक्रेटरी, लेखक तथा कलाकार शम्सुल इस्लामसँग उहाँकै निवासमा भेट गरी जन-संस्कृतिका विभिन्न पक्षहरूका बारेमा कुराकानी चलाएको थियो।**

**पच्चीस वर्ष अघि स्थापित भई खासगरी, सडक नाटक (नुक्कड नाटक) एवं गीत-संगीतको क्षेत्रबाट र विभिन्न पुस्तक पुस्तिकाहरूको माध्यमबाट जनतालाई सचेत गराउन सक्रिय 'निशान्त नाट्य मंच' भारतको एक चर्चित् र स्थापित प्रगतिशील कला-समूह हो।**

**हालसम्म यसले पचासवटा भन्दा बढी सडक नाटकहरू तयार गरी प्रदर्शन गरिसकेको छ। यी सडक नाटकहरुमध्ये कुनै त भारतका विभिन्न स्थानमा गरी तीन हजारभन्दा ज्यादा पटक प्रदर्शित भएका पनि छन्।**

**शम्सुल इस्लाम निशान्त नाट्य मंचका एकजना प्रमुख लेखक तथा कलाकार हुनुहुन्छ। हाम्रो भेटको अघिल्लो दिन मात्र पनि उहाँहरूले दिल्लीमा जमुना किनारका बस्तीहरूमा सडक-नाटक प्रदर्शन गर्नु भएको थियो। 'गाउँ गाउँबाट उठ' लगायत अरु प्रगतिशील नेपाली गीतहरू पनि गाएर सुनाउँदै उहाँले कुराकानीको शुरुवात गर्नु भएको थियो। चार पाँच भाषाहरूमध्ये दर्शकहरूले बुझ्ने कुनै एक भाषामा, सामयिक विषयहरूमा कार्यक्रम प्रस्तुत गर्ने क्रममा उहाँहरू नेपाली भाषामा पनि कार्यक्रमहरू प्रस्तुत गर्ने गर्नु हुँदोरहेछ।**

**प्रस्तुत छ, उहाँसँगको कुराकानीको एक अंश**

हरिगोविन्द लुईटेल

**❑ भारतमा इलेक्ट्रोनिक मिडियाहरूबाट आज जुन पूँजीवादी, साम्राज्यवादी सांस्कृतिक हस्तक्षेप भइरहेको छ, त्यसको प्रमुख निशाना के रहेको तपाईहरूले पाउनु भएको छ ?**

आज पूँजीवादी-साम्राज्यवादी सांस्कृतिक आक्रमणको एउटै उद्देश्य रहेको छ- मानिसले मानिस भएर सोच्न नसकोस्, सोच्न छोडोस्। जब मान्छेले मान्छेको तरीकाले सोच्न छोडिदिन्छ, तब ऊ एउटा अतिस्वार्थी व्यक्ति बन्छ। पूँजीवादी-साम्राज्यवादीहरू यही चाहन्छन्- तपाईं अतिस्वार्थी बन्नुहोस्। अरु कसैसँग तपाईंको सरोकार नहोस्, समाजको बारेमा तपाईंलाई वास्तै नहोस्। यसको ठाडो मतलव हो- तपाईंलाई उनीहरू यस्तो व्यक्ति बनाउन चाहन्छन्, जसलाई आफ्नो मुलुकको बारेमा कुनै लिनुदिनु छैन, परिवारको बारेमा सरोकार छैन, छिमेकीको बारेमा मतलव छैन, अर्थात् आफू बाहेक अरुको वास्तै छैन।

साम्राज्यवादी सांस्कृतिक आक्रमणको अर्को उद्देश्य रहेको छ- व्यक्ति एकै तरीकाको बनोस्। उनीहरू चाहन्छन्- तपाईं एकै तरीकाले सोच्नु होस्, एकै तरीकाले खानुहोस्, लाउनु होस्, बाँच्नुहोस्, जुन तरीका उनीहरूले तपाईंको लागि भनेर लादेका छन्।

यी दुवै चीजहरू अत्यन्त खतरनाक छन्। यिनीहरूले सोझै फासीवादलाई जन्म दिन्छन्, हुर्काइ बढाइ गर्छन्।

के कुरा याद गर्नु जरुरी छ भने, साम्राज्यवादीहरूको फासीवादसँग निकै नजीकको संबन्ध रहन्छ। उनीहरू फासीवादको स्थापना गर्न चाहन्छन्।

व्यक्तिले मान्छेको रुपमा हैन, स्वार्थी प्राणीको रुपमा सोचोस् र व्यक्तिले एकै तरीकाले सोचोस्- साम्राज्यवादीहरूका यी दुई चाहनाहरूले उनीहरूको मुख्य लक्ष्यलाई सोझै सघाउँछ। सारा संसारलाई आर्थिक रुपले कब्जा गर्ने र त्यसका निम्ति आफ्नो राजनीतिक डिजाइन अनुसार सारा संसारलाई खेलाउने उनीहरूको दुवै चाहनालाई यसले पूरा गर्न मद्दत गर्छ।

साम्राज्यवादी-पूँजीवादीहरूको यो सांस्कृतिक आक्रमणका विरुद्ध हाम्रा राजनैतिक चुनौतीहरू मात्र पर्याप्त छैनन्। यिनका विरुद्ध व्यापक रुपमा सांस्कृतिक अभियान चलाउनु जरुरी छ। मेरो कुरा गैरकम्युनिष्ट कुराजस्तो तपाईंलाई लाग्ला, तर यो अहिलेको यथार्थ हो। सांस्कृतिक पक्षलाई विशेष रुपले जोड दिनु आजको ठूलो खाँचो हो।

**❑ तपाईहरू जुन कामहरू गर्दै हुनु हुन्छ, त्यसप्रति यहाँको प्रगतिशील राजनीतिक पार्टीहरूको रवैया कस्तो रहेको छ ?**

उनीहरूको रवैया बहुत खराब रहेको छ। यसो भन्नुपर्दा मलाई दुःख लाग्छ कि हाम्रा प्रगतिशील राजनीतिक पार्टीहरूको सांस्कृतिक पक्षप्रतिको रवैया कहिले राम्रो रह्यो र ? उनीहरू जुन जनताका बीच काम गर्न चाहिरहेका छन्, जुन जनतालाई उनीहरू अगाडि बढाउन चाहिरहेछन्, त्यही जनतालाई शत्रु वर्गले बहकाएर, बिगारेर छोड्दैछ- ठूलो स्तरमा। तर हाम्रा यी राजनैतिक पार्टीहरू यसप्रति पर्याप्त रुपमा सचेतसम्म पनि छैनन्। सांस्कृतिक क्षेत्रलाई उनीहरूले ठूलो बढावा दिनु पर्थ्यो तर भइरहेका थोरै गतिविधिलाई महत्व दिने कामसम्ममा पनि उनीहरूको कम ध्यान गइरहेछ।

म स्वीकार्छु- साम्राज्यवादी संस्कृतिको जुन बेलगाम ताण्डव नृत्य मच्चिरहेछ, यस्तो हुनुमा हामी स्वयं पनि जिम्मेवार छौं। हामी इमान्दारीपूर्वक यसो भनीरहेका छौं तर हाम्रो जिम्मेवारी यसमा ज्यादै कम छ। यी राजनीतिक शक्तिहरूले नै तयारी गर्नु जरुरी थियो। उनीहरूले हामी सांस्कृतिक कर्मीहरूलाई यी यी कुराहरू अहिले गर्नु जरुरी छ भनी निर्देश गर्नु हैनन्, उनीहरू त केवल नाफा चाहन्छन्। नाफा लुट्नु नै उनीहरूको अभिष्ठ हो, यसका निम्ति उनीहरू जनतालाई सुताउन, लडाउन, ढाल्न अल्मलाउन जे गर्न पनि पछि पर्दैनन्।

उनीहरूका यी रवैयाहरूको पूर्वानुमान हामीले हिजै गर्न सक्नु पर्थ्यो र ती रवैयाहरूका विरुद्ध हाम्रो पूरा तयारी हुनुपर्थ्यो। तर हामीले धेरै समय बेकारमा खर्च गर्‍यौं। हाम्रो ध्यान यसतिर गएन।

तर पनि आज केही हुँदैछ। हामी केही गर्दैछौं। यो पनि साँचो हो। यतिखेर साम्राज्यवादी सांस्कृतिक हमलाका बारेमा जनताका आँखा खोल्ने काम गर्नु जरुरी छ र हाम्रा आफ्ना वैकल्पिक कलाकर्मको विकास गर्नु पनि उत्तिकै जरुरी छ।



फोटो सौजन्य : इण्डियन एक्सप्रेस

पर्‍यो ।

अर्को कुरा के छ भने- यहाँ प्रगतिशील भन्ने नाममा दलाल प्रगतिशीलहरू पनि क्रियाशील छन् । लाल भण्डा त उनीहरू बोकेर हिंड्ने गर्छन् तर तिनीहरू कति 'लाल' छन्, त्यो भने सोचनीय देखिन्छ ।

प्रगतिशीलहरू भित्रै पनि वैचारिक हमला भयो । त्यसैले लाल भण्डा बोक्नेहरू पनि दुईथरि निस्किए- एकथरिले सोभियतसंघको पतनपछि छाती पिटेर रुँदै भन्न थाले- लौ सबै सकियो । उनीहरूलाई वास्तवमा हिजै पनि आफ्नो संघर्षमा विश्वास थिएन । इन्कलावको नारालाई हिजै उनीहरूले ठण्डा बाकसमा फालिसकेका थिए । त्यसैले उनीहरूले सांस्कृतिक पक्षलाई ध्यान नै दिएनन् । दोस्रोथरि जो थिए, उनीहरू जनताप्रति इमान्दार त थिए, उनीहरूको लाल भण्डा पनि खराब भइसकेको थिएन तर दुःखको कुरा- उनीहरूको पनि प्राथमिकतामा संस्कृति परेको थिएन । पहिले क्रान्ति गरौं, अनि संस्कृतिका कुरा गरौंला भन्ने सोच थिनीहरू लिन्थे ।

सांस्कृतिक पक्षलाई उनीहरू "नौटंकीवालाहरूको सरोकारको विषय" मात्र ठान्दथे । अझै ठान्दैछन् । त्यसैले हाम्रो सांस्कृतिक गतिविधि सीमित दायराभित्र मात्र संचालित हुन वाध्य छ । धेरै भन्दा धेरै मानिसहरूसम्म हामी पुग्नु पर्नेमा त्यसो हुन सकिरहेको छैन ।



दिल्लीको लक्ष्मी बाई कलेजमा सडक नाटक प्रस्तुत गर्दै 'निशान्त नाट्य मंच' का कलाकारहरू

❑ **तपाईहरू टेलिभिजनमा गइरहनु भएको छैन नि ?**

भारतमा पनि एकथरि मानिसहरू हामीलाई एउटा प्रश्न बारम्बार गरिरहेछन्- 'निशान्त' किन टि.भी. मा जाँदैन ?- उनीहरू भनिरहेछन् । कतिले यसो पनि भन्ने गरेका छन्- निशान्तले आफ्ना नाटक र गीतहरूमा अलिकति आफ्नो राजनीति कम गरेर पनि टि.भी. मा पसोस् । खासगरी सि.पी. (एम) का मित्रहरू पनि हामीलाई यसो भन्ने गर्नु हुन्छ- "तपाईहरू साच्चै साँघुरिनु भयो, टि.भी. मा जानु भयो भने एकैसाथ तीस करोड जनतामा पुग्न सकिन्छ ।"

❑ **अनि तपाईहरू किन त्यसमा नजानु भएको त ?**

हेर्नुस्, यसबारे हाम्रो भनाइ छ- अहिले त्यो क्रम टि.भी. हरूमा कायम छ, जसमा तपाई जनतासँग आत्मीयतावाला कला प्रस्तुती गर्न सक्नु हुन्न । ती माध्यमहरू अहिले जुन ढर्रामा संचालित भइरहेका छन्, तिनीहरूमार्फत् तपाई जनतासँग आत्मसात गर्नै सक्नु हुन्न । ती माध्यमहरूबाट तपाईका कुराहरू लैजाने हो भने पनि जनताले तपाईका कुरा सुन्ने छैनन् । कारण टि.भी. जुन शैली लिएर मानिसहरूका बीचमा पुगिरहेछ, त्यो शैली दादागिरीवाला शैली हो । हो, जनताले तिनलाई हेरिरहेको छ, त्यसबाट जनता आतंकित पनि भैरहेको छ । तर जनता ती दादागिरीवाला शैलीमा आएका कुराहरूसँग सहमत भइरहेका चाहिं छैनन् । साम्राज्यवादीहरूका यी व्यापक प्रचारहरूबाट जनता आश्चर्य र आतंक मानिरहेको निश्चय नै छ तर जनता तिनीहरूसँग सहमत छैन । जनतालाई थाहा छ यी माध्यमहरू जनताविरोधी छन् ।

त्यसैले मलाई लाग्छ, हामी जनताका पक्षका मानिसहरूले हाम्रा रचनाहरू वा सृजनाहरू जनतामा लैजाने माध्यमहरू पनि आफ्नै खालका खोज्नु जरुरी छ । हाम्रो एउटा माध्यम हो- जनताका बीचमा गएर जनताको कलाको प्रचार गर्नु, जनताको पक्षको सामाग्री प्रस्तुत गर्नु ।

"निशान्त नाट्य मंच" मार्फत् हामी यही दिशामा थोरै भए पनि यथाशक्य काम गरिरहेका छौं ।

बाँकी आगामी अंकमा


# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.**, वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.**, पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.**, वालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**

# चिकित्सा विज्ञानमा नयाँ चमत्कार

# दूर-चिकित्सा प्रणाली

तुल्सीदास महर्जन

**विज्ञानको चमत्कारले गर्दा अब कुनै टाढाको स्थानमा रहेका डाक्टरले आफू अनुपस्थित भएर नै आफू बसेको ठाउँबाट नै अपरेशन थिएटरभित्रको रोगीको अपरेशन गर्न संभव हुने भएको छ। अमेरिकामा हाल प्रचलनमा बृद्धि हुँदै गइरहेको दूर-चिकित्सा पद्धति (Telemedicine) क्षेत्रका डाक्टर तथा वैज्ञानिकहरूले यस कुरालाई अगाडि सारेका छन्। हाललाई सैद्धान्तिक रुपमा मात्र प्रस्तुत गरिएको यस चिकित्सा पद्धतिले व्यवहारिक रुप लिएपछि चिकित्सा सेवामा एउटा नयाँ क्रान्ति नै हुनेछ।**

अमेरिकामा वैज्ञानिकहरू हाल यस पद्धतिलाई पशु-चिकित्सामा प्रयोग गर्दैछन्। प्रयोगमा पशु चिकित्साका वैज्ञानिकहरूले तीन सय गज टाढा रही रोवोट (यन्त्र मानव) को मद्दत लिएर सफलतापूर्वक जनावरहरूको शल्यक्रिया गरेका छन्। यसबाट वैज्ञानिकहरू यो पद्धति मानवीय चिकित्सा सेवामा लागू हुन अझै धेरै समय लाग्नसक्ने भए पनि यसले भविष्यमा सफलता प्राप्त गर्ने धरणा व्यक्त गर्दछन्।

तर यो पद्धति मानवीय चिकित्सा सेवामा लागू गर्न केही मनोवैज्ञानिक बाधाहरू भएको कुरा ओरेगान स्वास्थ्य विज्ञान विश्वविद्यालयका दूर-चिकित्सा अनुसन्धानका निर्देशक डगलस प्रेडनिया बताउँदछन्। उनको विचारमा बिरामीले दूर-शल्य चिकित्सा सजिलै स्वीकार गर्ने छैन। अपरेशन गर्ने डाक्टरको भौतिक उपस्थिति विनाको अपरेशन कोही पनि बिरामीको लागि निश्चितै रुपमा अप्ठेरो लाग्नेछ।

दूर-शल्य चिकित्सा हाल सैद्धान्तिक रुपमा मात्र अगाडि आएको भएतापनि दूर-चिकित्सा सेवा भने अमेरिकामा विगत १५ वर्ष पहिलेदेखि चल्दै आएको छ। हाल यो चिकित्सा पद्धति झन् झन् लोकप्रिय हुँदै गइरहेको छ। यसको कारण यो पद्धतिमा बिरामी पटकपटक क्लिनिक तथा अस्पतालमा धाइरहनु नपर्ने, घरमै बसी बिरामीले टेलिभिजन-मार्फत् डाक्टरसँग प्रत्यक्ष कुराकानी गरी चिकित्सा सेवा प्राप्त गर्न सक्ने र यो तुलनात्मक रुपमा सस्तो पनि हुनु हो।

टेलिमेडिसिनको सहायताबाट अमेरिकामा अहिले बिरामीले घरमा बसेर नै आफ्नो टेलिभिजनको माध्यमबाट आफ्नो नर्ससँग सम्पर्क राखी कुन औषधि कति मात्रामा कुन कुन समयमा लिने हो सोको जानकारी लिन सक्दछ। यदि कुनै बिरामी कुनै टाढाको शहरको अस्पतालमा अपरेशन गराई घर फर्केको छ भने उसले आफ्नो नजिकको गाउँको क्लिनिकमा राखिएको भिडियो फोनको माध्यमबाट आफ्नो डाक्टरसँग सम्पर्क राखी अपरेशन पछाडिको स्थितिमा के के गर्नुपर्ने हो सोको जानकारी लिन सक्छ। यो दूर-चिकित्सा पद्धतिमा डाक्टरले कम्प्युटर वा भिडियो फोनमार्फत् बिरामीसँग सम्पर्क राख्दछन् र उपचारको लागि सल्लाह दिन्छन्।

आजभोलि अमेरिकामा दूर-चिकित्सा पद्धतिले चिकित्सा सेवा क्षेत्रमा ठूलो लोकप्रियता हासिल गरेको छ। पन्ध्र वर्ष पहिले दूर-चिकित्साका केवल चार वटा परियोजना मात्र सञ्चालन भएका थिए भने हाल यसको संख्या नब्बे पुगेको छ।

अमेरिकी सेनाको 'वाल्टर रीड' अस्पतालका एक डाक्टर रिचर्ड स्टावाले भनेका छन्- "अब आउने समयहरूमा अमेरिकामा कम्प्यूटर र भिडियो जस्ता उपकरणद्वारा सम्पन्न यस्ता स्वास्थ्य केन्द्रहरूले काम गर्नेछन्।" जहाँ रोगीहरूले पठाएका उनीहरूका रोगका लक्षणहरू प्राप्त गरिनेछन् र प्रारंभिक उपचारका जानकारीहरू त्यही पद्धतिमार्फत् रोगीहरूले प्राप्त गर्नेछन्।

यस पद्धतिमा रोगी र डाक्टरका बीच भिडियो कुराकानीको लागि टेलिभिजन पर्दा उपलब्ध गराइन्छ। रोगीले टेलिभिजन पर्दामा देखिने डाक्टरसँग र त्यस्तै डाक्टरले टेलिभिजन पर्दामा देखिने बिरामीसँग कुराकानी गर्छन्। टेलिभिजन पर्दामा देखिने डाक्टरलाई आफ्ना सबै समस्याहरू बिरामीले खुलस्त भन्छ र शरीरका अङ्ग प्रत्यङ्ग देखाउँछ। त्यस्तै डाक्टरले पनि टेलिभिजन पर्दामा देखिने बिरामीले भनेका सबै कुराहरू सुन्छन् र देखाएका सबै अङ्ग प्रत्यङ्गहरू हेर्छ र रोगीलाई आवश्यक औषधि उपचारका जानकारीहरू दिन्छ। रोगीले आफ्नो टेलिभिजन पर्दामार्फत् ती जानकारीहरू प्राप्त गर्दछ।

टेलिमेडिसिन पद्धतिमा रोगीले डाक्टरसँग र डाक्टरले रोगीसँग कुनै पनि बेला भिडियो फोनमार्फत् सम्पर्क गर्न सक्नेछन्। त्यसैले घरमै बसेका बिरामीले लगातार आफ्नो डाक्टरबाट चिकित्सा सेवा प्राप्त गरिरहन्छ। डाक्टरलाई पनि बिरामीलाई हेर्न आफ्नो कार्यालयबाट बाहिर आउन् पर्ने झनझट पर्दैन, उनी आफ्नो कार्यकक्षमै बसी बिरामीको सम्पूर्ण देखभाल गर्न सक्छन्।

तर डाक्टर तथा वैज्ञानिकहरू यो टेलिमेडिसिन पद्धतिलाई अझ विकसित तुल्याउँन चाहन्छन्। उनीहरू टेलिभिजन पर्दामार्फत् डाक्टर र बिरामीले एक आपसमा कुराकानी गर्दा उनीहरूमा जीवन्त मनोभाव कसरी पैदा गर्ने भन्ने सोचमा लागेका छन्। यो समस्यालाई हटाउन अहिले वैज्ञानिकहरूले त्रिआयामिक चित्र टेलिभिजन पर्दामा उतार्ने सोच ल्याइरहेका छन्।

टेलिभिजन पर्दामा त्रिआयामिक (Three Dimension) चित्रको प्रविधिको विकास पछाडि बिरामीलाई आफ्नो टेलिभिजन पर्दामा देखिने डाक्टर अवास्तविक झैं लाग्दैन भने डाक्टरलाई पनि पर्दामा आउने बिरामी अवास्तविक लाग्दैन। यस अवस्थामा बिरामीलाई डाक्टरले छोएको झैं अनुभूति हुन्छ भने डाक्टरलाई पनि बिरामीको शरीर छोएर जाँचेको अनुभूति हुन्छ, जबकि तिनीहरू अलग अलग ठाउँमा रहेका हुन्छन्।

हाल अमेरिकामा टेलिमेडिसिन पद्धतिमा भिडियो वार्तालाई नै बढी प्रचलनमा ल्याइएको छ। यस टेलिमेडिसिन परियोजनामा भिडियो वार्ताको लागि ठाउँ ठाउँमा भिडियो सम्पर्कको व्यवस्था गरिएको छ। यही सम्पर्कको माध्यमबाट टाढा गाउँमा रहने रोगीले पनि शहरका ठूला-ठूला डाक्टरसँग सजिलै प्रत्यक्ष सम्पर्क राख्न सक्दछ। त्यस्तै टाढा गाउँका डाक्टरहरूले पनि यही भिडियो सम्पर्कमार्फत् कुनै जटिल रोगको सम्बन्धमा आवश्यक र पर्याप्त जानकारी प्राप्त गर्न शहरका विशेषज्ञ डाक्टरहरूसँग सजिलै सम्पर्क राख्न सक्छन्।

यसै सन्दर्भमा हालै मात्र मध्य अमेरिकाको कान्सस राज्यको कान्सस शहरमा नवगठित इन्नोवेटिव हेल्थ (Innovative Health) नामक कंपनीले पुराना रोगीहरूको निम्ति भिडियो वार्ताको सुविधा पनि उपलब्ध गराइरहेछ।

बाँकी ४१ पेजमा





# पढेलेखेका छोरी बुहारीहरू किन समस्या बनिरहेछन् ?

चन्द्रदेव नेपाली

बुहारी पढेलेखेकी पनि होस्, तर संपूर्ण रुपले परंपरागत बानी व्यहोराकी होस्। घरका सारा रूढीवादी परंपरालाई उसले अलिकति पनि फेरबदल नगरी थेगोस्।

❑ श्रीमती पढेलेखेकी होस्, तर ऊ हिजोको पुस्ताका अनपढ महिलाहरू जस्तै निरीह स्वभावकी होस्। आफ्ना सबै आज्ञा पालना गरोस्। बिलकुल घरैमा सीमित होस्। श्रीमतीले "यति पढेकी छे" भनेर धाकधक्कू चाहिं जमाउन पाइयोस् तर श्रीमती पढेलेखेकी, जानेकी हुनुको कारण स्वाभिमानी र तर्कशील चाहिं नबनोस्।

❑ बुहारी पढेकी होस् तर जागीर, उद्योग वा अन्य आर्थिक उपार्जनका कामतिर लाग्छु चाहिं नभनोस्।

❑ बुहारी वा श्रीमती जागिरे होस् वा आर्थिक उपार्जनका काममा लागोस् तर घरका कामहरू पनि सबै ऊ एक्लैले धानोस्।

❑ छोरीले पढोस्, लेखोस्, जानोस् तर उसले आफ्नो भावी जीवनका बारेमा आफ्ना कुनै शर्त वा रुचि नदेखाओस्, बाबु आमाका शर्त वा रुचिमै उसले आफूलाई आँखा चिम्लेर समर्पित गरोस्।

माथि उल्लेखित चाहनाहरू आजको नेपाली समाजका घर, माइती, अभिभावक वा लोग्ने मान्छेहरूका चाहनाहरू हुन्। यी चाहनाहरू बडो विडंबनायुक्त र विरोधाभाषपूर्ण चाहनाहरू हुन्। यी चाहनाहरूको सही समाधान नभेटेर आज नेपाली समाजका खास गरी शहर बजार, काँठ, जिल्ला सदरमुकामहरू, चलन-चल्तीका गौंडाहरू, भेकहरू नराम्ररी पिल्सिएका छन्। अर्थात् यो समस्या त्यहाँ त्यहाँ अनुभव भइरहेको छ, जहाँ जहाँ नारी शिक्षाको स्तर केही हदसम्म माथि उठेको छ।

पुरुषहरू मात्र जान्ने सुन्ने वा पढेलेखेका र महिलाहरू चाहिं अनपढ र लाटासिधा हुने गरेको हाम्रो समाजमा छोरी वा बुहारीलाई माइती वा घरले जे दियो त्यो खाने, जे जता लगायो त्यता त्यता लाग्ने गौ-प्राणीको रुपमा लिइने समाजमा व्यापक छ। पुरुष प्रभुत्ववादले सोझासाझा महिलाहरू-लाई दबाएर राखेको छ। यो दवाबको स्थितिमा नारीलाई सोच समझहीन, सामर्थ्यहीन निरीह-प्राणीको रुपमा लिने प्रचलन यहाँ कायम छ। संपत्तिमा समान हक नपाएको कारणले निरीह बन्न बाध्य नारीहरूलाई समाजमा विद्यमान सामन्ती कुसंस्कृतिले अरु दिनहीन बनाएको छ। बहुसंख्यक नेपाली नारीहरू यही अवस्थामा बाँचिरहेका छन्।

यो स्थितिमा, जहाँ जहाँ नारीहरू विस्तारै शिक्षित हुन थालेका छन्, केही जान्ने बुझ्ने हुन थालेका छन्, त्यहाँ त्यहाँ नारीहरूमा कम्तिमा पनि आफू र आफ्नो अस्तित्वबोधको अनुभूति पलाएको छ। आधुनिकताको संसर्गमा आएका परिवारहरूले छोराहरूसरह नपढाए पनि, छोरीहरूलाई पनि केही पढाउन थालेका छन्। छोराको विहेका निम्ति बुहारी खोज्ने बाबु-आमाहरू पढेलेखेकी बुहारी खोज्न थालेका छन्। "फलानु तहसम्म नपढेकी केटीसँग म विहे गर्दिन" भन्ने युवकहरू पनि प्रशस्त पैदा भएका छन्।

यसरी हाम्रो समाजको एउटा पाटोमा आर्थिक सम्बन्धको ढाँचा सँगसँगै सामाजिक संबन्धको ढाँचामा पनि आज अंशतः नै सही, केही परिवर्तन आइरहेको छ र आजको युवा पुस्ता त्यस्तो पुस्ता हो, जसले संक्रमणकालको पीडा भोग्दैछ।

राणा शासनकालमा देशमा शिक्षा निषेधित नै थियो भने पनि हुन्छ। सात सालपछिको केही खुकुलो वातावरणले गर्दा शहर बजारका हुने-खाने नेपाली पुरुषहरू केही शिक्षित हुन थाले। ती शिक्षितहरू अभिभावक बनेपछि तिनीहरूले भने अब आफ्ना छोराहरूलाई मात्र हैन, छोरीहरूलाई पनि शिक्षा दिन थाले। जन-दवाबवश पनि सत्ताले जिल्ला जिल्लामा केही स्कूलहरू खोल्यो। कलेजहरू खुल्न थाले।

यसरी इतिहासलाई केलाउँदा के देखिन्छ भने, वर्तमान युवाहरूको पुस्ता हिजो अस्तिको युवा पुस्ताभन्दा पहिलो पल्ट अलि फरक जन्म्यो।

यसलाई अनुभूत गर्न सदरमुकामको एउटा निम्न मध्यम वर्गीय परिवारलाई हेरौं।

त्यस परिवारमा खेती किसानी गरेर हर्केका तर राम्ररी पढ्न नपाएका हजूरबा पनि छन्। सात सालअघि उनले आफूले शिक्षा नपाए पनि सात सालपछि हर्केको आफ्ना छोरोलाई स्कूल, कलेज पढाए। त्यो छोरोले चाहिं आफ्नो छोरा र छोरी दुवैलाई स्कूल वा कलेज पढायो। बस्! अहिले हाम्रो शहर बजार र यसको प्रभावमा रहेका ठाउँहरूमा छोरा र छोरी दुवैले पढ्न थालेको यही नयाँ पुस्ता हुर्किरहेको छ।

यसरी, सात सालअघिका बाजे-बज्यै, पछिका बाबु आमा र हालै हुर्किएका छोराछोरी गरी तीन पुस्ता मिलेर अहिलेको घर बनेको छ।

यी तीन पुस्तामध्ये बाजे र बाबुको पुस्ताबीच वैचारिक फरक अलि अलि मात्र छ। तर छोराछोरीको पुस्ता भने वैचारिक रुपले निकै फरक छ। कारण, उनीहरू दुवैले पढेलेखेका छन्। उनीहरूसम्म आइपुग्दा समाजमा आधुनिक वैज्ञानिक सोचहरू विस्तार भएका पनि छन्। घरको इतिहासमै यसरी उल्लेखनीय किसिमले नयाँ रुपमा हुर्केको पछिल्लो यो पुस्ता सांस्कृतिक रुपले ठूलो पीडाको क्षणमा हुर्कंदैछ।

राणाकालीन हजूरबा र हजूर आमाको सामन्ती विचारधारा घरको नेतृत्वदायी विचारधारमका रुपमा कायम रहेको, बाबु आमाको पुस्ता पनि त्यस्तै सामन्ती विचारधाराबाट अति प्रभावित वा त्यसप्रति विद्रोह गर्न नसक्ने खालको रहेको, तर छोराछोरीहरू आफू भने शिक्षाको उज्यालोका कारण र नयाँ विश्वसितको संबन्धका कारण सामन्ती मूल्य मान्यताभन्दा केही फरक वैचारिक पृष्ठभूमिमा हुर्केका।

बस्! हाम्रा आधुनिक भनिएका घरहरूमा आज यसै कारण तीव्र वैचारिक संघर्ष जारी छ। आजको नयाँ पुस्ता त्यस्तो पहिलो नयाँ पुस्ता हो, जसले घरमा हिजो बाउ-बाजेले नहिंडेको बिलकुलै नयाँ बाटो हिंड्नु

परिरहेछ । यस क्रममा उसलाई घरले वा हिजोको परंपरागत जीवनपद्धतिले एकातिर तानिरहेछ भने आजको उसको चेतना र आज उसले बाच्न बाध्य नयाँ आर्थिक संकटले उसलाई अर्कोतिर तानिरहेछ । यस क्रममा कतिपय कुरामा त ऊ स्वयं अन्यौलग्रस्त छ, अस्पष्ट र विकृत पनि छ ।

ठीक यही संक्रमणकालीन वैचारिक संघर्षको मारमा आज नेपालका तमाम शिक्षित छोरी र बुहारीहरू तुलनात्मक रुपले ज्यादा परेका छन् । पैतृक संपत्तिका हकदार नभएकाले पुरुष युवाहरूले भन्दा ज्यादा यो पीडा नारी युवाहरूले भोग्नु परिरहेछ ।

यसको ज्वलन्त उदाहरण आजका घरहरूमा आजका बुहारीहरूले खप्नु परिरहेको पीडाहरूमा पाइन्छ ।

❑ सावित्रीदेवी पढे-लेखेकी बुहारी हुन् । तर घरमा उनलाई सासु-ससुरा वा लोग्नेले उनले पढेकी छिन्, जानेकी छिन्, भन्ने व्यवहार कहिल्यै गरेनन् । घरका कामहरूमा निर्णय लिनु पर्दा उनको सल्लाह लिइने काम हुन्न । गलत काम भएकोमा उनी आफ्नो असहमति राख्छिन् । तर घरले उनलाई चोथाले भएको आरोप लगाउँछ ।

❑ राममायालाई घरमा प्रायः हप्ताको दुई-तीन दिन व्रत बस्न भनिन्छ । उनी स्कूलमा पढाउँछिन् । भोकै रहेर स्कूल पढाउन संभव छैन र उनी व्रतहरूमाथि त्यति विश्वास पनि गर्दिनन् । तर सासु-ससुराहरूको कडा माग र ती मागहरूमा उनको लोग्नेको पनि पटक्कै विरोध नहुनुका कारण उनी एक्ली परेकी छिन् र पीडित छिन् ।

❑ कुन्ती आफू दिनभर घरमा बसेर समय फाल्न चाहन्नन् । आफूले आर्जन गरेको ज्ञान सीपको आधारमा केही काम गर्न चाहन्छिन् । तर सासु ससुराले उनलाई "घरैमा छ नि यत्तिका काम" भनेर घरमै सीमित हुने ठाडो आदेश दिए । उनले आफ्नो शिक्षित र आधुनिक लोग्नेसँग माग राखिन् । लोग्ने पनि बडो "पितृभक्त-मातृभक्त" देखा पर्‍यो । उसले "बुबा मुमाको बचन राखिदेउ न त" पो भन्यो ! त्यसपछि कुन्तीले माइतमा आफ्ना बाबुआमासँग कुरा गरिन् । उनकी आमाले ठाडै झम्टिन्- "तँलाई केको टाउको दुखाइ ? हाम्रो कुलाँ ब्वारीले कमा'को पैसा अलच्छिनको हुन्छ भन्ने चलन तँलाई थाहा छैन ? खुरुक्क घरको काम गरेर बस्नू नि !"

❑ सीताको स्थिति भने फरक देखियो । घरको निम्ति आर्थिक टेवा जरुरी भएकोले उनले हाइस्कूलमा पढाउन थालिन् । सासु, ससुरा र लोग्नेको यसमा पुरै सहमति रह्यो । तर उनीहरूले कसैले पनि के कुराचाहिं पटक्कै बुझेनन् भने- दिनमा ५-६ पिरियड स्कूलमा पढाउँदा मान्छे निकै थाक्छ । सीताले स्कूल जानुअघि र स्कूलबाट फर्केपछि घरको सबै काम भ्याउनु पर्थ्यो । शनिवार एक दिनको छुट्टि त उनका लागि महाबोझको दिन हुन्थ्यो । शारीरिक रुपले तन्दुरुस्त उनका घरका सबैजना कोही पनि केही पनि काम गर्दैनथे । एक डंगुर लुगा धुने काम सीता एक्लैले शनिवार गर्नु पर्थ्यो । कहिलेकाँही स्कूलमा भएका परीक्षाहरूको कापी जाँच्न उनी कोठामा बसेको बेला ढोकाबाट सासु कराउँथिन्- "बसेर, आराम गरेर त हुन्न ए सीता ! घरमा यतिका काम छ, घरकी बुहारीले कोठामा लेटेर त भएन नि !"

कहिलेकाँही उनी भोलि जसरी पनि स्कूलमा बुझाउनु पर्ने कापी जाँचिरहेको बेला घरबाट आमाजू आइपुग्थिन् । आमाजूले बाहिर ताना कसेको उनी सुन्थिन्- "घरमा नन्द-आमाजू आएका बेलाँ पनि कोठामा सुतिरहन सक्ने कस्ती अलच्छिनी बुहारी भित्र्याएछिन् हाम्री आमाले ।"

❑ रजनीको बिहे हुनुअघि उनको अलिकति पढाइ सक्नु बाँकी थियो । बिहेपछि पनि पढ्न दिने वा पढाउने शर्तमा बिहे भएर उनी घर गइन् । तर परीक्षाकै समयमा पनि उनले पढ्न पाइनन् । ससुरा, सासु, श्रीमान, नन्द, आमाजू सबै रजनीको पढाइ र जाँचको पक्षमा थिए । तर उनलाई पढ्ने समय उपलब्ध गराउन चाहिं उनीहरू कोही पनि तयार थिएनन् । श्रीमान र देवरहरू छिमेकीको घरमा गएर तास खेलेर समय कटाउँथे । तर रजनीको काममा सघाउन उनीहरू तयार थिएनन् । श्रीमानले अलिकति सघाउन खोज्दा पनि सासुले झंटिन्थिन्-

"लोग्ने मान्छेले घरधन्दाको काम गरेर पनि कहीं साध्य लाग्छ ?"

**आजको नयाँ पुस्ता त्यस्तो पहिलो पुस्ता हो, जसले हिजो बाउ-बाजेले नहिंडेको बिलकुलै नयाँ बाटो हिंड्नु परिरहेछ । उसलाई घरले वा परंपरागत जीवनपद्धतिले एकातिर तानिरहेछ भने उसको चेतना र नयाँ आर्थिक संकटले उसलाई अर्कोतिर तानिरहेछ ।**



अनौठो छ रजनीको घर । घरको चाहना छ- रजनीले धेरै धेरै पढोस्, जागीर पनि खाओस्, आर्थिक टेवा पनि देओस्, सिउने, बुन्ने काम पनि गरोस् र साथसाथमा घरधन्दाका सारा कामहरू पनि ऊ एक्लैले धानोस् । किनभने, ऊ बुहारी हो, घरको सबै काम उसैको हो ।

❑ डि.के. अर्थात् दिलकुमारीका श्रीमानले पढेलेखेकी भएकीले नै दिलकुमारीसँग बिहे गरेका हुन् । तर घरका विभिन्न कामका सन्दर्भमा जब शिक्षित श्रीमती दिलकुमारीले उनका कुनै काम वा कुरामा उनलाई सल्लाह वा सुझाव दिन थाल्छिन् तब श्रीमान क्रुद्ध हुन्छन् । उनको पुरुष अहंकारमा चोट लाग्छ । जान्ने सुन्ने र ठालू आफै मात्र भएको गर्व गर्दै परंपरागत परिवारमा ढलीमली गर्दै आएका उनलाई एउटी "आइमाई" ले उपदेश दिने ?- उनको अनुहार रातोपीरो भएर आउँछ । पछि अर्कै कुनै निहुँमा उनी नचाहिंदो प्रकारले श्रीमतीसँग झर्किने र तर्किने गर्छन् ।

❑ सुचित्रा मानन्धर जागिरे छिन् । तर उनले कमाएको पैसा घरले लिदैन । घर चाहन्छ- आइमाईको पैसाले चल्नु हुन्न । अर्थात् घरमा आइमाईलाई जिम्मेवार ठाउँ दिनु हुन्न ।

❑ यसको ठीक उल्टो स्थिति सानुदेवी श्रेष्ठको छ, उनी जागिरे छिन्, सबै पैसा घरमा ल्याएर बुझाउँछिन् । तर आफ्नो अति जरुरतका सामान किन्न पनि उनलाई छूट छैन । उनको कमाइमा अर्कैको नियन्त्रण रहेको छ । आफ्नो कमाइबाट उनी आफू केही पनि गर्न सक्दिनन् ।

माथिका जस्ता उदाहरणहरू समाजमा छ्यास्छ्यास्ती पाइन्छन् । -स्वरुपमा फरक फरक भए पनि आज अधिकांश नेपाली शिक्षित नारीहरूले प्रवृत्तिगत रुपमा एउटै समस्या भोगिरहेछन् । त्यो हो- सामन्ती संस्कृतिको समस्या ।

सामन्तवादले नारीहरूलाई दासी वा खेलौनाको रुपमा मात्र लिन्छ । यसले उनीहरूलाई उपयोग गर्न मात्र जान्दछ । उनीहरूको अस्तित्व र स्वाभिमानको कदर गर्न जान्दैन । नारीहरू पुरुषहरूका सेविका मात्र हुन् भन्ने मान्यतामा सामन्त-वादको सहमति रहन्छ ।

हाम्रा घरपरिवारहरू सांस्कृतिक रुपले यही सामन्तवादी मान्यतामा अडिएका छन् । सामन्ती प्रकारको सोच र शिक्षा प्राप्त गरेका पुरुषहरूको बाहुल्यता समाजमा रहेको छ । धार्मिक रुढीवादले समाजमा जरो गाडेको छ ।

यस स्थितिमा नयाँ र वैज्ञानिक खालका हर कुनै सोच वा पाइलाहरूले आज आफू स्थापित हुन घर-घरमा ठूलो संघर्ष गर्नु परिरहेको छ । पढेलेखेका

महिलाहरू हुनु भनेको पनि हाम्रो समाजको सापेक्षतामा एउटा नयाँ र वैज्ञानिक पाइला हो । यो पाइलाले आफूलाई टेकाउन आज निकै ठूलो वैचारिक संघर्ष गर्नु परिरहेको छ र यो कठिन पनि भएको छ ।

माथिका उदाहरणहरू यही वैचारिक संघर्षका विभिन्न स्थितिका उदाहरणहरू हुन् । कतिपय स्थितिमा परिणति यस्ता पनि भएका छन् ।

-पढेलेखेका छोरीहरू असामयिक विवाह वा अनिच्छाका विवाहबाट बच्न आत्महत्यासम्म गर्न समेत पुगेका छन् ।

-शिक्षित बुहारीहरू आफ्नो सोचको स्तर र घरको रुढीवादी सोचको स्तरको फासलाका कारण उपायहीन भएर मानसिक तनाव र अशान्ति एवं मानसिक असन्तुलन भोग्न बाध्य भएका छन् ।

-आत्मबल दृढ भएका र हातमा सीप भएका कतिपय महिलाहरू विद्रोह गरेर अलग्गिएका पनि छन् । तर धेरैले संघर्षको क्रममा आफूले ठूलो मिहेनत गरेर, सीप सिकेर, पढेर पाएको जागीर समेत छोड्न बाध्य भएका छन् । कतिले श्रीमान कतै जाँदा साथै लिएर हिंड्ने, यति वा उती पढेकी श्रीमती हुनुको शोभा मात्र बनेर कुँजिनु परेको छ । वैचारिक संघर्ष चर्किंदा आफू एक्लो पर्नु परेका कारण सासु, ससुरा वा लोग्नेबाट आफ्नो चरित्रमाथि लगाइएका झूठा आरोपहरू खप्नु पनि परिरहेको छ । स्वस्थ्य हुँदा मात्र घरको र श्रीमानको प्रिय, अलिकति बिरामी पर्न नपाई पराई व्यवहार गरिनुको मारमा पर्नु परिरहेछ ।

करीब ६ महिनाअघि पोखरामा भएको गीता प्रजापतिको हत्या यसकै एउटा चरम रुप हो । श्रीमती खोलामा बगेको खबर सुन्दा समेत घटनास्थलमा जानुको सट्टा परीक्षा दिन जाने कामलाई प्राथमिकता दिने निजको श्रीमान लगायत सासु समेतको हात निजको हत्यामा हुन सक्ने राय स्थानीय जनताको थियो ।

गीता नर्स थिइन् । कमाएको पैसा सबै घरमा बुझाउँथिन् । एउटा बच्चा थियो ।' उनलाई दाइजो लगायतका कुरामा घरमा टोकसो गरिन्थ्यो रे ! उनलाई रातभर नर्सको ड्यूटी सकेर फर्केपछि घरभरिका भाँडाहरू माझ्ने र लुगाहरू धुन थुप्रो लगाइएको हुन्थ्यो रे ! उनी चिन्तित र पीडित थिइन् । माइती भक्तपुरमा केही दिन बसेर घर पुगेको भोलिपल्टै उनी खोलामा बगाइन् ।

यो त खोलामा बगाइएकी गीताको कुरा भयो । खोलामा नबगाइएका गीता प्रजापतिहरू पनि हाम्रो देशमा असंख्य छन् ।

## समाधान के ?

वास्तवमा आम रुपमा नारीहरूमाथि पुरुष हैकमवादकै एक खालको समस्या हो यो । नारीहरूलाई

> **यो त खोलामा बगाइएकी गीताको कुरा भयो । खोलामा नबगाइएका गीता प्रजापतिहरु पनि हाम्रो देशमा असंख्य छन् ।**

पनि पैतृक संपत्ति, शिक्षा र विकासका अवसरहरूमा समान हक दिने राजनैतिक-सामाजिक व्यवस्था कायम नभई यो समस्याको पूर्ण हल हुँदैन तर पनि सांस्कृतिक पक्षमा केही सुधारात्मक कदमहरू चाल्न सकेमा मात्र पनि तत्काललाई ठूलै राहत मिल्न सक्ने कुरालाई पनि बेवास्ता गर्न सकिन्न ।

हाम्रै समाजमा पनि शिक्षित र क्रियाशील बुहारी-चेली भएका र राम्रो घरायसी संबन्ध कायम राखेका केही परिवारहरू छन् । विदेशका कतिपय ठाउँहरूमा हामीभन्दा दुई तीन पुस्ता अघिदेखि नै यस्ता परिवारहरू रहेका छन् ।

हाम्रो समाजका समस्याग्रस्त मूलतः निम्नमध्यम वर्गीय परिवारहरूले उनीहरूबाट सिक्नु जरुरी छ ।

-उनीहरूका घरमा बाबु आमाहरू छोरीको विवाह गर्नका लागि केटोको घर, जग्गा, संपत्ति मात्र हेर्दैनन्, छोरीको रुचि कस्तो छ ? केटोको र परिवारको नारी संबन्धी विचार प्रतिगामी छ कि प्रगतिशील छ, त्यो पनि हेर्छन् ।

-सासुहरू आफूलाई आफ्नी बुढी सासुले वि.सं. २०१४ सालतिर हिजो सताइएको इतिहासको बदला आफ्नी निर्दोष बुहारीहरूबाट आज लिने खालको पिछडिएको सोच राख्दैनन् ।

-"म यति पढेकी केटी पाएमा मात्र बिहे गर्छु" भन्ने माग मात्र राख्न हैन, पढेकी श्रीमतीको योग्यता र स्तरको कदर गर्न समेत श्रीमानले जान्दछ ।

-सिंगै घरले आफ्नो बदलिएको परिस्थिति चिन्दछ र आफ्ना पुराना थोत्रा बानी बेहोरा र विचारहरूलाई हटाउँछ वा युगानुकुल बनाएर बदल्छ ।

-घरमा घरायसी काममा कार्य विभाजन गरिएको हुन्छ । घरायसी कामहरू बाँडीचुँडी गर्ने, थोत्रा बोझ बनेका परंपरालाई मिल्काउने, हरेकले आफ्नो स्वास्थ्य सद्दे भएका बखत आफ्ना निजी घरायसी कामहरूमा सकेसम्म अरुलाई बोझ नदिने गर्छन् ।

-महिलाहरूको बुद्धि, श्रम, आय आदिलाई पनि ससम्मान घरमा लगाउने, उनीहरूको आयबाट उनीहरूका जरुरतहरू पूरा गर्ने उनीहरूको हकको सम्मान गर्ने गर्छन् ।

निश्चय नै यी कुराहरू हामीले पनि सिक्न सकेमा उपयोगी हुने छन् ।

यतिखेर उल्लेख गर्नै पर्ने कुरा के छ भने, यो समस्याको समाधानका निम्ति सबैभन्दा बढी जिम्मेवारी शिक्षित महिलाहरू स्वयंकै रहेको छ । उनीहरूले बुझ्नु पर्‍यो-उनीहरू समाजमा यस्ता पछिल्ला पुस्ता हुन् उनीहरू घरायसी संबन्धका नयाँ खाले सदस्यहरू हुन् । उनीहरूले जुन बाटो हिंड्दैछन्, त्यो बाटो उनीहरूका आमा वा सासुहरूले हिंडेनन् । हामै इतिहासबाट सिक्ने र उदाहरण लिने ठाउँ अत्यन्त कम छ । त्यसैले युवा महिला स्वयंले आफ्नो नयाँ भावी परिस्थितिबारे सोच बनाउन वा धारणा बनाउन आफै कस्सिनु पर्छ ।

अध्ययन, छलफल आदिद्वारा आफूलाई उनीहरू स्वयंले निरीह हुनुभन्दा माथितिर उठाउनु पर्छ । उनीहरूले पनि शिक्षालाई धाकधक्कू र घमण्डको विषय मात्र बनाउनु हुन्न । उनीहरूले नै परिवर्तनका बाहकको भूमिका खेल्नु जरुरी छ । यस निम्ति आफूलाई योग्य गराउनतिर उनीहरू सचेष्ट हुनु जरुरी छ ।

> **महिला मुक्तिको आवाज उठाउने अगुवा संगठनहरूले के बुझ्नु जरुरी छ भने- महिला मुक्तिको समस्या एउटा सांस्कृतिक समस्या पनि हो ।**

नारी अन्याय, पीडा, हत्या जस्ता जघन्य अपराधका विरुद्ध र पुरुष हैकमवाद (नारी-मार्फत् नै समेत व्यक्त हुने पुरुष हैकमवाद) विरुद्ध पनि लड्न देशका सचेत जागरुक प्रगतिशील महिला संगठनहरूले दृढतापूर्वक लाग्नु पनि उत्तिकै जरुरी छ ।

महिला मुक्तिको आवाज उठाउने अगुवा संगठनहरूले के बुझ्नु जरुरी छ भने- महिला मुक्तिको समस्या एउटा सांस्कृतिक समस्या पनि हो । समाजका अधिकांश महिला र पुरुषहरूमा पुरुषप्रधान पछौटे सामन्ति संस्कृति बाँकी रहेसम्म महिला मुक्ति कहिल्यै हुन सक्दैन । त्यसैले, उनीहरूले सबै गाउँ-शहरमा यस्तो संस्कृतिविरुद्ध आन्दोलन छेड्नु जरुरी छ ।

अझै मूर्त रुपमा भन्ने हो भने अहिले हामीले गर्नुपर्ने कुराहरू निम्न छन्:

१) संपत्तिमा नारीको पनि पुरुष सरह समान हक कायम हुने र निरन्तर सांस्कृतिक आन्दोलन चालू हुने, समाजवादी प्रणाली देशमा कायम नभई यो समस्याको पूर्ण समाधान संभव नभएकोले त्यस्तो शासन प्रणालीका निम्ति सक्रिय क्रान्तिकारी आन्दोलनमा हामी क्रियाशील हुनु जरुरी छ । कम्तिमा पनि त्यसप्रति चासो राख्ने, त्यसलाई सघाउने काम हामीबाट हुँदैन भने हामी समस्याको दीर्घकालीन समाधानको बाटोतिर नलागेको नै ठहर्छ ।

२) तात्कालीन राहतका निम्ति सुधारका कामहरू पनि गर्दै जाने । यसका निम्ति सर्वप्रथम धारणा प्रष्ट पार्ने सामग्रीहरू खोजेर पढ्ने, छलफल गर्ने, प्रकाशित गर्ने आदि कामहरू गर्नु जरुरी छ । महिलाहरूले नै यसको पहलकदमी लिनु जरुरी छ । समाजको भविष्यको निम्ति चिन्तित पुरुषहरूले पनि यस कामलाई महत्त्व दिनु पर्छ । हाम्रा कुन कुन चलनचाँजोहरू थोत्रा भइसके, कुन कुन चलनचाँजोहरूमा के के सुधार गर्नु जरुरी छ ? जस्ता विषयहरूको उत्तर खोज्नु जरुरी छ ।

यसरी सिक्ने क्रममा समाजवादी देशहरूका अनुभवहरू, पूँजीवादी देशहरूमै पनि जनताले विकास गरेका राम्रा कार्यप्रणालीहरूको सोधखोज गर्नु जरुरी छ । भारतमै पनि कतिपय शहर बजारमा तीन पुस्ता नै शिक्षित भएका घरहरू छन्, तिनले घरायसी काम र बाहिरको कामलाई बाँडफाँड गरेको, व्यवस्थित गरेको, कामलाई छिटो छरितो पार्न नयाँ तरीका र वैज्ञानिक साधनहरू प्रयोग गर्ने गरेको आदि उदाहरणहरू पाइन्छन् । स्वीडेन जस्ता "प्रजातान्त्रिक समाजवादी" मानिने देशहरूमै पनि घरायसी काममा बच्चाहरूलाई समेत लगाउने र ती घरायसी काम गर्ने सानैदेखि नै छोराछोरी दुवैको बानी बसाल्ने चलन भएको जस्ता कुराहरूबाट पनि हामीले धेरै सिक्न सक्छौं ।

३) सचेत महिला-पुरुषहरूले आ-आफ्ना घरबाट वैचारिक र व्यवहारिक परिवर्तनको अभियान चाल्न शुरू गर्ने ।

यसलाई टेवा दिने काम सचेत राजनीतिक पार्टी र महिला संगठनहरूले गर्नु जरुरी छ । यी संगठनहरूले बुझ्नु पर्छ कि हाम्रा शिक्षित महिलाले भोग्नु परेका यी समस्याहरू गंभीर छन् । वृहद् सांस्कृतिक अभियानद्वारा ती समस्याको समाधान खोज्ने कामलाई महत्त्व दिनु उनीहरूको पनि दायित्त्व हो । यसरी मात्र दीर्घकालीन उद्देश्यसँग जोडिदै तात्कालीन राहतका कामहरू संपन्न हुन सक्ने छन् । ❑

# "फेहमिदाकी कहानी..." एक सार्थक प्रस्तुति

एक हजार जना जति मानिसहरू मेरो घरमा जम्मा भएका थिए, ती सबै मेरी छोरीको हत्या गर्ने हत्यारा-गिरोहका सदस्यहरू हुन् ।"

"चिडिया जस्ती थिई मेरी छोरी ! आफ्नो संपत्तिको प्रदर्शन गरेर अरुलाई सताउनेहरूका कारण मेरी छोरी फेहमिदा जस्ता मानिसहरू मरे भने को जिम्मेवार हुने ?"

"नारी वा पुरुष, पढेका वा अनपढ, खराव अनुहार वा असल अनुहार- यी सब हत्यारा हुन् । वकिल साहेव ! तपाई तिनको नाम लेख्नुहोस् ।"

पाकिस्तानी टेलिफिल्म "फेहमिदाकी कहानी उस्तानी राहतकी जवानी" को अन्तिम चरणमा मृतक फेहमिदाकी आमा राहाले वकिलकहाँ गएर बोलेका संवादहरू हुन् यी ।

जवान छोरी मरेको पीडायुक्त तप्त अनुहार लिएर उनी वकिलकहाँ पुगेकी छिन् । उनी आफ्नी छोरीले छोडेर गएको बचेको संपत्ति मुद्दा लड्नमै लगाउन चाहन्छिन् र उनी छोरीका हत्याराहरुलाई कारवाही गर्न चाहन्छिन् ।

पैसट्ठी रुपियाँ तिरेर उनले पाकिस्तानको संविधानको किताव किनेकी छिन् र त्यसलाई तीन पटकसम्म पढेकी छिन् । नियत नलिए पनि यदि कसैको कृत्यबाट अरु कसैको ज्यान जान्छ भने त्यसमाथि कारवाही हुन सक्छ भन्ने कानूनी दफाको अर्थ उनी खोज्छिन् तर वकिल यो केसमा मुद्दा दायर गर्न नै इन्कार गर्छ र भन्छ- "राहा वेगम ! कि तिमी कानूनलाई राम्ररी नै पढ्न सक्ने बन, कि यस्ता कानूनका किताव पढ्नै छोडिदेऊ !"

असहाय राहा विक्षिप्त जस्तै बन्न पुग्छिन्, रुन्छिन्, हाँस्छिन् । बौलाह बन्छिन्- "ओड्नेभित्रै मेरी छोरी मरी वकिल साहेव ! म चाहिं बस्, सँगै सुतिरहें, वकिल साहेव ! सुतीरहें !"

यो पाकिस्तानी टेलिफिल्म "फेहमिदाकी कहानी उस्तानी राहतकी जवानी" नेपाल टेलिभिजनले गत पुसको तेस्रो हप्ता र चौथो हप्ता गरी दुई सोमबार साँझ प्रशारण गरेको थियो । दुई श्रृंखलाको छोटो फिल्ममा पनि मनोवैज्ञानिक रुपले विशेष प्रभाव छोड्न सक्नु र हाम्रो नेपाली समाज समेतलाई जरुरी सन्देश प्रभावपूर्ण रुपले दिन सक्नु यो टेलिफिल्मको विशेषता हो ।

पाकिस्तानी टेलिभिजनको लाहोर सेक्शनद्वारा निर्मित यो टेलिफिल्ममा लेखक अस्फाक अहमद र निर्देशक मोहमद निस्सार हुसेनले विवाह जस्ता सामाजिक रीतिरिवाजहरुमा समाजमा विद्यमान तडकभडक गर्ने र संपत्तिको प्रदर्शन गर्ने होडवाजीका विरुद्ध प्रभावकारी आवाज उठाएका छन् । यो आवाज संपत्ति हुनेहरुद्वारा गरिने तडकभडक देखेर आफूभित्र हीनतावोध उब्जिएको कारण आफ्नो हीन जीवनस्तरदेखि वाक्कदिक्क भएकी एउटी गरीव युवतीको असामयिक मृत्युको घटनाद्वारा व्यक्त गरिएको छ ।

फेहमिदा उक्त युवतीको नाम हो । २१ वर्षीया उक्त युवती अत्यन्त जेहेन्दार युवती हो । वि.ए. पढ्दै थिई । बाबु राहत अजीम आठ वर्षअघि मरेपछि ऊ मास्टरी जागीरमा संलग्न आफ्नी आमा राहासँग डेरामा बसेकी थिई । मासिक रु. ११६५/- मात्रको आमाको तलव आम्दानीले उनीहरु सस्तो भन्दा सस्तोमा कोठा भाडामा खोजेर बस्न बाध्य थिए । यसै क्रममा एउटा संपन्न परिवारको घरमा उनीहरुले एउटा सस्तो डेरा पाउँछन् ।

अत्यन्त सादा र किफायती जीवन बाँचिरहेकी फेहमिदाले यसै डेरामा बस्न थालेपछि धनी मानिसहरुको जीवनचर्या र जीवनशैली देख्न थाल्छे । अत्यन्त ठूलो खर्च गरेर बाँचिरहेको उक्त धनी परिवारमा ऊ आतेजाते गर्दा देख्थी- मानिसहरु सयौं, हजारौं रुपियाँ त साधारणभन्दा साधारण कुराकै निम्ति खर्च गरिरहेका छन् । घरबेटीकी छोरी मीनाको विहेका निम्ति टोकरीका टोकरी लुगाहरु, थाकका थाक जुत्ताहरु र हज्जारौं रुपियाँका गहनाहरु जम्मा गरिएका, सात जोर लुगा, सात टोकरी सामान घरपक्षबाट ल्याएकोलाई समेत मीनाकी आमाले कम मानेको, एउटै लुगा वा गहना पच्चीस हजार रुपियाँ पर्ने किनिएकोलाई समेत कम मानिएको, अरुले एउटै लुगा वा गहना एकचालीस हजार रुपियाँको किनेको उदाहरण दिइएको, संपत्तिको धाक लगाउने घरपक्षकाहरुमाथि रवाफ ज... कुराकानी गरेको आदि आदि देखेर फेहमिदाको मनभित्र आफ्नो तल्लो स्तरको आर्थिक हैसियत हुनुको पीडावोध बल्भिन थाल्छ । भन् त्यतिखेर नै प्रसंग प्रसंगमा उसकी आमाले उसको पनि विहे गर्नु पर्ने कुरा गर्छिन्, छोरीको भविष्यबारे आफ्ना मृतक बाबुको सपनाको कुरा गर्छिन् ।

आफूलाई उक्त अति संपन्न घरबेटीकी छोरीसँग तुलना गर्दा फेहमिदा आफूहरुसँग केही पनि नभएको महसुस गर्छे । वास्तवमा फेहमिदाहरुसँग केही पनि रहेनछ, उनीहरुको कुनै हैसियत नै रहेनछ, उनीहरुको कुनै खानदानी स्तर नै रहेनछ- यस्तो भावनाले ऊ नराम्ररी चिमोटिन्छे । त्यसैले उसलाई पढ्ने रुचि लाग्न छोड्छ, खाना खान मन लाग्दैन, सफाइ गर्न मन लाग्दैन, नमाज पढ्न पनि मन लाग्दैन ।

"आमा ! के हामी सधैं यत्ति नीच नै रहन्छौं ?"- ऊ आमासँग आत्मग्लानी पोख्छे ।

"आमा ! कुनै तरीकाले हामी राम्रो हुन सक्दैनौं ? किन यी संपत्तिवालहरु यत्ति खर्चिलो तरीकाले बाँच्छन् ?"

आमा उसलाई 'यो कुरा तँ बुभ्न सक्दिनस्' भन्दै परीक्षाको निम्ति पढाइमा लाग्न अन्हाउँछिन् तर फेहमिदाको मनमा हुण्डरी मच्चिन छोड्दैन । घरबेटीकी छोरी मिनासँग बजारमा गहना, कपडा र जुत्ताहरु किन्न साथी गइदिएर फर्केको दिनको साँभदेखि उसको बेचैनी भन् बढ्छ पाठ कण्ठ गर्न सक्दिन । आँखा गहना र लुगाका खातहरुको सं छाउँछ । घरबेटीकी छोरीको निम्ता कार्ड एउटाकै बीस रु हजार जनालाई कार्ड बाँड्दा रुपियाँ त कार्ड छाप्नमै आदि ठूलो खर्च दे भस्किन्छे । विहेको दिन सिंगारपटार, गजल- गाडीका लस्कर नलागेकी ऊ सुतिरहन्छे । रा आमासँग सुत ओढ्नेले छोप रुपियाको गरगहना आमा फर्के स




**दुई श्रृंखलाको छोटो फिल्ममा पनि मनोवैज्ञानिक रुपले विशेष प्रभाव छोड्न सक्नु र हाम्रो नेपाली समाज समेतलाई जरुरी सन्देश प्रभावपूर्ण रुपले दिन सक्नु यो टेलिफिल्मको विशेषता हो ।**

बागबजार
...नो बसपार्क
...ष आकर्षण
...गुन महिनाभर नेपाली साहित्य
तथा
...न्दर्भ सामग्री र हिन्दी उत्कृष्ट
सामग्रीमा भारी छूट
० चैत्र महिना लागेपछि
ग्राहक उपहार योजना
लागू हुनेछ ।



# के माओका विचारहरुलाई 'माओवाद' भन्नु सही हुन्छ ?

क. चैतन्य,
नेकपा (माओवादी)

**२६ डिसेम्बर विश्व सर्वहारा वर्गका महान गुरु माओ त्सेतुङ्गको जन्म दिवस हो र हामी अहिले माओको १०३ औं जन्मदिवस मनाइरहेछौं । यो उपलक्ष्यमा हामीले एउटा महत्त्वपूर्ण वहसको शुरुवात गर्न लागिरहेछौं- माओका विचारहरुलाई 'माओवाद' भन्नु सही हुन्छ कि हुन्न भन्ने बारेमा ।**

**यो वहस अहिले विश्वभरि चलिरहेछ र नेपालमा पनि यसका बारेमा पक्ष र विपक्षमा विचारहरू अस्तित्वमा छन । वास्तवमा सही कुरो हो के त ? यो बारेमा स्वतन्त्र धारणा बनाउन सजिलो होस् भनेर हामीले यस पटक 'माओवाद' भन्नु सही छ भन्ने तर्फबाट नेकपा (माओवादी) का नेता क. चैतन्य र यस्तो भन्नु सही हुन्न भन्ने तर्फबाट नेकपा (मसाल) का महासचिव क. मोहनविक्रम सिंहको विचार प्रस्तुत गरेका छौं ।**

**यसबारे वहसमा भाग लिन इच्छुक सबैलाई १ हजार शब्दमा नबढाई आफ्नो धारणा लिखित रुपमा पठाउन पनि हामी आह्वान गर्दछौं ।** मूल्यांकन

माओका वैचारिक योगदानहरूको सही मूल्यांकन र त्यसलाई समुचित पदावलीमा अभिव्यक्त गर्नेबारे विश्वको साथै नेपाली वामपंथी आन्दोलनमा पनि गंभीर विवाद एवं मतभेद रहिआएका छन् । जसले माओ विचार वा वादलाई क्रान्तिको पथप्रदर्शक सिद्धान्तका रुपमा स्वीकार गर्दैनन् ती घोषित संशोधनवादीहरू हुन् र तिनीहरूसँगको वहसले आज कुनै महत्त्व राख्दैन । परन्तु जसले विचार वा वादका रुपमा माओका योगदानहरू मान्ने कुरा गर्दछन्, तिनीहरूका बीचको मतभेदलाई हामीले राम्रोसँग बुझ्नु जरुरी छ । यहाँनेर हामीले चीजलाई मुख्यत: अन्तर्वस्तु र रुपका दृष्टिले हेर्नु आवश्यक छ । अन्तर्वस्तुका दृष्टिले चीजलाई हेर्नुको तात्पर्य माओका योगदानहरूलाई कुन अर्थमा ग्रहण गर्ने भन्ने प्रश्नसँग जोडिएको छ भने रुपका दृष्टिले हेर्नुको तात्पर्य त्यस प्रकारका योगदानहरूलाई कुन पदावलीमा अभिव्यक्त गर्ने भन्ने प्रश्नसँग । यी दुई कुराको मर्मलाई जब हामीले राम्रोसँग बुझ्दछौं, त्यो बेला अन्तर्वस्तु र रुपका बीच द्वन्द्वात्मक एकता कायम हुन्छ । माओ विचार वा माओवाद संबन्धी विवादभित्रका विविध प्रवृत्तिहरूलाई पनि ठीक यसरी नै राम्रोसँग ठम्याउन सकिन्छ ।

माओले विश्व सर्वहारा वर्गको क्रान्तिकारी सिद्धान्तलांई मार्क्सवाद-लेनिनवाद्दपछि जुन रुपमा विकसित गर्नुभयो । त्यसलाई मात्रात्मक वा गुणात्मक कुन ढंगको विकास मान्ने ? अथवा यसो भनौं- माओका योगदानहरूलाई चिनियाँ सन्दर्भको ठोस सत्य वा आजको विश्वक्रान्तिकै निम्ति आम सत्यका रुपमा ग्रहण गर्ने ?

माओका योगदानहरूको मूल्यांकन गर्ने सन्दर्भमा हामीले सर्वप्रथम यी प्रश्न र यिनको जवाफमा ध्यान केन्द्रित गर्नु जरुरी छ । जब हामी माओको सिद्धान्तलाई मार्क्सवाद-लेनिनवादपछिको मात्रात्मक विकास र चिनियाँ सन्दर्भको ठोस् सत्यका रुपमा ग्रहण गर्दछौं; त्यो बेला त्यस प्रकारको अन्तर्वस्तुलाई अभिव्यक्त गर्ने पदावली माओ विचार (Mao Thought) नै उपयुक्त हुन आउँछ ।

परन्तु जब हामी माओको सिद्धान्तलाई मार्क्सवाद-लेनिनवाद-पछिको गुणात्मक विकास र विश्वक्रान्तिकै सन्दर्भमा आम सत्यका रुपमा ग्रहण गर्दछौं; त्यों बेला त्यस प्रकारको अन्तर्वस्तुलाई सही अभिव्यक्ति दिनका लागि उपयुक्त पदावली माओवाद (Maoism) नै देखिन आउँछ । साथै ठीक यहींनेर एउटा अर्को अवस्था पनि देखा पर्ने गर्दछ, त्यो हो- माओको सिद्धान्तलाई गुणात्मक विकास र आम सत्यका रुपमा ग्रहण गर्ने, परन्तु त्यस निम्ति "माओ विचार" पदावलीलाई नै उपयुक्त ठान्ने । वास्तवमा यो अन्तर्वस्तु र रुपका बीचको एक गंभीर प्रकारको अन्तर्विरोध हो । यस प्रकारको स्थिति अख्तियार गर्नेहरूले ढिलो वा चाँडो यस अन्तर्विरोधको हल गर्नुपर्ने हुन्छ । यस्तो हल उल्टो वा सुल्टो कुनै पनि दिशामा हुन सक्दछ ।

**हामी के कुरा ठोकुवा गरेर भन्न सक्छौं भने आज जसले माओवाद मान्दैन, त्यो मार्क्सवादी-लेनिनवादी पनि हुन सक्दैन ।**

माओको निधनपश्चात् कैयौं पार्टीहरू, जसले पहिले माओको विचारलाई गुणात्मक विकास र आमसत्य मान्ने गर्दथे, त्यसलाई मात्रात्मक विकास र ठोस सत्यका रुपमा अवमूल्यन गर्दै अन्तत: त्यसको पूरै परित्याग गरेर उल्टो दिशामा बदलिए । नेपाली एमाले यसै कित्तामा पर्दछ ।

माओको सिद्धान्तलाई गुणात्मक विकास र आम सत्यका रुपमा स्वीकार्दै आएका क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (RIM) मा आवद्ध पार्टीहरू- जसमा नेकपा (माओवादी) पनि पर्दछ, ले त्यसप्रकारको अन्तर्वस्तुलाई 'माओवाद' पदावलीका रुपमा अभिव्यक्ति दिएर अन्तर्वस्तु र रुपका बीचको अन्तर्विरोधलाई सुल्टो दिशामा हल गरे ।

अहिले कतिपय पार्टी वा समूहहरू यस रुपमा देखा परेका छन् जुन माओका योगदानहरूलाई वास्तविक अर्थमा आत्मसात गर्न असमर्थ छन्, जसले यस प्रकारको अन्तर्विरोध हल गर्नेबारे रुढीवादको पुर्पक्ष गर्दछन् र माओका योगदानहरूलाई अवमूल्यन गर्दै ठोस सत्य र मात्रात्मक विकासका अर्थमा ग्रहण गर्दैछन् । यस कित्तामा 'मसाल' र अहिलेको 'एकता केन्द्र' पर्न आउँछन् ।

माओको सिद्धान्तलाई गुणात्मक

विकास र आम सत्यका रुपमा ग्रहण गरेर पनि त्यस प्रकारको अन्तर्वस्तुलाई 'माओ विचार' कै रुपमा अभिव्यक्त गरिरहने पार्टीहरूमा भा.क.पा. (माले-PEOPLE'S WAR) एउटा हो ।

माओले मार्क्सवाद-लेनिनवादका तीन संघटक अंगहरू (दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद) का क्षेत्रमा जुन थप गुणात्मक विकास गर्नु भयो, ती हाम्रा सामु छर्लंग नै छन् र तिनको यहाँ व्याख्या गरिरहनु पर्ने आवश्यकता छैन । दर्शनशास्त्रको क्षेत्रमा अन्तर्विरोधको नियम तथा ज्ञानको दुई छलांगको सिद्धान्त, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा नोकरशाही पूँजीवाद, नयाँ जनवाद र समाजवादका आर्थिक सिंद्धान्त र वैज्ञानिक समाजवादको क्षेत्रमा नयाँ जनवाद, जनयुद्धको सिद्धान्त, सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्त एवं महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रस्थापना माओद्वारा विकसित सिद्धान्तका मूल तत्व हुन् ।

सामन्तवाद-साम्राज्यवाद-सामाजिक साम्राज्यवादसितका जीवन-मरणका भीषण वर्गसंघर्ष, ख्रुश्चोभी आधुनिक संशोधनवाद लगायत सबै खाले अवसरवादसितको संघर्ष र मार्क्स-एंगेल्सदेखि महान् सर्वहारा सांस्कृतिक क्रान्तिको अवधिसम्मको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सजीव अनुभवहरूको वैज्ञानिक एवं क्रान्तिकारी संश्लेषणबाट मार्क्सवाद-लेनिनवादको तेस्रो, नयाँ र उच्च चरणको रुपमा आज माओवादको विकास भएको छ ।





**माओको सिद्धान्तलाई गुणात्मक विकास र आम सत्यका रुपमा ग्रहण गर्ने, परन्तु त्यस निम्ति "माओ विचार" पदावलीलाई नै उपयुक्त ठान्ने । वास्तवमा यो अन्तर्वस्तु र रुपका बीचको एक गंभीर प्रकारको अन्तर्विरोध हो ।**

# के माओका विचारहरुलाई माओवाद भन्नु सही हुन्छ ?

**क. मोहनविक्रम सिंह**
*नेकपा (मसाल)*

**आज हामी माओ त्सेतुंग विचारधारा र "माओवाद" बारे छलफल गर्न गइरहेका छौं । सामान्य रुपले हेर्दा यो विवाद माओ त्सेतुंग विचारधारा र "माओवाद" का बीचमा चलिरहे जस्तो वा माओ त्सेतुंग विचारधाराका विरुद्ध "माओवाद" उभिए जस्तो देखिन्छ । तर विषयमाथि गम्भीरतापूर्वक विचार गर्‍यौं भने हाम्रो अगाडि विवादको अर्कै रुप अगाडि आउनेछ– "माओवाद" वास्तवमा लेनिनवादका विरुद्धमा नै अगाडि आएको छ । त्यसरी आज प्रस्तुत विवादको वास्तविक र प्रधान रुप यो होः लेनिनवाद वा "माओवाद" ?**

**"रिम" को घोषणा पत्रले लेनिनवादलाई हाम्रो आजको चिन्तनको "सैद्धान्तिक आधार" बताएको छ । तर के "माओवादको तेस्रो चरण" को अवधारणाले त्यस प्रकारको मान्यता कायम राख्दछ ? यदि नयाँ प्रस्तुत अवधारणाले लेनिनवादको स्थिति सम्बन्धी सोचाइमा कुनै परिवर्तन नल्याउने भए, "रिम" को घोषणापत्रमा भनिए झैं लेनिनवाद आजको हाम्रो चिन्तनको "सैद्धान्तिक आधार" नै रहीरहने भए "माओवादको तेस्रो चरण" को परि-कल्पनालाई अगाडि ल्याउनु पर्ने आवश्यकता नै के थियो ? पर्ने थिएन । "माओवादको**

ठीक त्यसैकारण मार्क्सवाद-लेनिनवाद-माओवाद वर्तमान विश्वक्रान्तिको रथी, पथप्रदर्शक र ध्वजावाहक सिद्धान्त हो ।

आज यसै सैद्धान्तिक शस्त्रले सुसज्जित भएर नै विश्व सर्वहारा वर्ग नयाँ अन्तर्राष्ट्रको स्थापना गर्न र हर देशमा आफ्नो मुक्तिको निम्ति जनयुद्धको थालनी एवं विकास गर्न समर्थ बन्दछ । यस अर्थमा हामी के कुरा ठोकुवा गरेर भन्न सक्छौ भने आज जसले माओवाद मान्दैन त्यो मार्क्सवादी-लेनिनवादी पनि हुन सक्दैन ।

यद्यपि यो सत्य हो कि कसैले माओका योगदानहरूको सारतत्वलई लत्याए र रुपमा 'माओवाद' मानेको देखाउन पनि सक्छ र त्यसै गरी कसैले 'माओवाद' पदावली प्रयोग नगरेर माओका योगदानहरूको सारतत्वलाई अंगीकार पनि गर्न सक्छ । वास्तवमा यस प्रकारको अन्तर्विरोधपूर्ण स्थिति लामो समयसम्म रहिरहन सक्दैन । यो स्थितिमा हामीले पहिलो होइन दोस्रोको समर्थन गर्नु पर्छ र त्यस प्रकारको अन्तर्विरोधलाई मैत्रीपूर्ण ढंगले हल गर्ने धैर्य अवलंबन गर्नु आवश्यक हुन्छ ।

परन्तु जानीबुझी यसै कुरालाई बहाना बनाएर यदि कसैले माओवादका विरुद्ध विखण्डतावादी तर्कको बलमा जडसूत्रवाद, उग्रवाद, अतिवाद, भड्काव आदि आरोप लगाउने गर्दछ भने हामीले यो कुरा बुझ्नु पर्छ कि त्यहाँ गंभीर प्रकारको अवसरवाद लुकेको छ । वास्तवमा मार्क्सवाद-लेनिनवाद तमाम प्रतिक्रियावाद र अवसरवादका विरुद्धको संघर्षका क्रममा विकसित एवं स्थापित भएको हो र माओवादबारे पनि यही कुरा लागू हुन्छ ।

माओवाद क्रान्ति, वर्गसंघर्ष र वर्गयुद्धको वैज्ञानिक सिद्धान्त हो । विज्ञान हुनुको कारण यसले प्रयोग एवं व्यवहारको अपेक्षा गर्दछ । नेपाली क्रान्तिका समस्याहरूको समाधान एवं सत्ता प्राप्तिका लागि वर्गसंघर्ष र दीर्घकालीन जनयुद्धको व्यवहारिक मैदानमा संलग्न हुने कि नहुने यही नै मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने कि नमान्ने भन्ने कुराको कसौटी हो । आज जसले माओका सैद्धान्तिक योगदानहरूको उच्च मूल्यांकन गरी त्यसको सारतत्वलाई माओवादका रुपमा वैज्ञानिक अभिव्यक्ति दिने गरेका छन्, ती नै यस प्रकारको कसैटीमा खारिन समर्थ देखिंदै गएका छन् । विश्वका साथै नेपाली कम्युनिष्ट आन्दोलनबाट पनि ठीक यसै कुराको पुष्टि हुँदै गइरहेको छ । ❑

——————२१/पौष ०५२

तेस्रो चरण" को परिकल्पनाले वास्तवमा लेनिनवादलाई विगतको दोस्रो चरणको विषय बनाउन पुग्दछ र त्यसलाई वर्तमान कालमा सैद्धान्तिक नेतृत्वदायी भूमिकाको पदबाट हटाउँछ ।

यस सन्दर्भमा पेरु कम्युनिष्ट पार्टीका अध्यक्ष क. गोञ्जालोको यो भनाइ उल्लेखनीय छ– "सर्वहारा वर्गको विचारधारा मार्क्सवाद, लेनिनवाद, माओवाद र आज मुख्यतया माओवाद नै एक मात्र सर्वशक्तिवान विचारधारा हो ।" पेरुको पार्टीको यो दृष्टिकोणले माओवादलाई सर्वहारा वर्गको विकासको "तेस्रो चरण" ठान्ने दृष्टिकोणमाथि सही रुपले प्रकाश पार्दछ । त्यस प्रकारको सोचाइले "माओवाद" लाई समर्थन गर्ने पार्टी वा संगठनहरुको सोचाइको पनि प्रतिनिधित्व गर्दछ । तर जहाँसम्म हाम्रो प्रश्न छ, त्यस प्रकारको सोचाइसित हाम्रो गम्भीर मतभेद छ । हाम्रो के दृढ विचार छ भने आजको युग लेनिन वा लेनिनवादको युग हो । त्यसकारण लेनिनलाई गौण बनाउने कुनै पनि प्रकारका सोचाइ गलत हुन् र त्यस प्रकारका सोचाइ, चाहे ती मुख्यतया माओवादकै रुपमा किन देखा नपरुन्, तिनीहरुले आजको क्रान्तिकारी आन्दोलनलाई अन्ततः गलत दिशामा नै लैजाने छन् । त्यही कारणले हामीले त्यस प्रकारको सोचाई सम्बन्धी आफ्नो मतभेदलाई स्पष्ट रुपमा अगाडि ल्याउनु आफ्नो कर्तव्य ठान्दछौं ।

"माओवाद" ले खालि लेनिनवादलाई मात्र गौण बनाउन्न, त्यसले आजको युगमा मार्क्सवाद, लेनिनवादको एउटा उच्च चरण पछाडि यद्यपि लेनिनवाद वा लेनिन युगभित्र कै, एउटा चरणका रुपमा माओ त्सेतुंग विचारधारालाई पनि तोडमोड गर्दछ र त्यसको भूमिकालाई कमजोर पार्दछ । मार्क्सवाद, लेनिनवादको विकासमा माओ त्सेतुंगका महत्त्वपूर्ण देनहरु छन् । तर कम्युनिष्ट आन्दोलनका धेरै यसप्रकारका पक्षहरु छन्, जहाँ माओले त्यती लेखेका छैनन, तर जसबारे लेनिनले विस्तृत प्रकाश पारेका छन् । त्यो अवस्थामा लेनिन वा लेनिनवादलाई पछाडि धकेल्ने बित्तिकै माओ वा माओ त्सेतुंग विचाधाराको भूमिका कमजोर हुन जान्छ । त्यो अवस्थामा सैद्धान्तिक राजनीतिक वा व्यवहारिक प्रश्नहरुमा सिद्धान्तहीन र मनोमानी प्रकारका कार्यप्रणालीका लागि ढोका खुल्ने छ । अहिले पनि त्यस प्रकारका प्रवृत्तिहरु कम देखिएका छैनन् ।

सैनिक विज्ञानका क्षेत्रमा माओ त्सेतुंगले मार्क्सवाद–लेनिनवादको विकासमा महत्वपूर्ण योगदान दिएको कुरा स्वतः सिद्ध छ । माओका त्यस प्रकारका देनहरु लेनिनवादमाथि नै आधारित छन् र लेनिनवादका विरुद्ध छैनन् । तर आज "माओवाद" लाई समर्थन गर्ने कतिपय पार्टी, संगठन वा समूहरुमा सशस्त्र संघर्ष सम्बन्धी लेनिनवादका आधारभूत सिद्धान्तहरुलाई उपेक्षा गर्ने प्रवृत्ति पाइन्छ । लेनिनले सशस्त्र संघर्षलाई विज्ञान र कला दुवै बताएका छन्, जसका आफ्नै नियमहरु छन् । ती नियमहरुको उल्लंघनको परिणाम या त दक्षिणपन्थी भड्काव हुन्छ, या उग्रवामपन्थी । लेनिनले सशस्त्र संघर्षका सन्दर्भमा आत्मगत र वस्तुगत दुवै पक्षका सही विश्लेषणको आवश्यकतामाथि बारम्बार जोड दिएको पाइन्छ । तर कतिपय "माओवाद" लाई समर्थन गर्ने पार्टी वा समूहरुमा वस्तुगत वा आत्मगत पक्षको उपेक्षा गरेर सशस्त्र संघर्षबारे विशुद्ध आत्मगत प्रकारले विचार गर्ने प्रवृत्ति प्राय; देखा परेका पाइन्छन् । त्यस अनुसार कुनै बेला जनसंघर्षको पक्षलाई बिलकुल उपेक्षा गरिन्छ वा कुनै बेला सशस्त्र संघर्षलाई यान्त्रिक प्रकारले सधैंको लागि नै संघर्षको प्रधान रुपका रुपमा प्रचार गरिन्छ । वा कुनै बेला "क्रान्तिकारी" लफ्फाजीको सहायता लिएर क्रान्तिकारीताको प्रदर्शन गरिन्छ ।

लेनिनले चुनावको प्रश्नलाई कार्यनैतिक बताएका छन् र बेग्ला बेग्लै अवस्थामा स्थिति र आन्दोलनको आवश्यकता अनुसार त्यसलाई उपयोग वा बहिष्कार गर्न सकिने बताएका छन् । तर आज "माओवाद" लाई समर्थन् गर्ने विभिन्न पार्टी वा समूहहरुमा त्यसलाई (चुनावको प्रश्नलाई) रणनैतिक बहिष्कारको रुपमा लिने दृष्टिकोणले नै बढी घर बनाएको पाइन्छ । त्यही किसिमबाट पार्टी, संगठन, पार्टी एकता, संयुक्त मोर्चा, जनआन्दोलन, कार्यशैली, तात्कालिन राजनैतिक लाईन आदि प्रश्नहरुमा पनि लेनिनवादका सिद्धान्तहरुलाई उपेक्षा गर्ने प्रवृत्तिहरु देखा पररहेका छन् ।

**'माओवाद' ले खालि लेनिनवादलाई मात्र गौण बनाउन्न, त्यसले माओ त्सेतुंग विचारधारालाई पनि तोडमोड गर्दछ र त्यसको भूमिकालाई कमजोर पार्दछ ।**

*(यस लेखका सबै फोटोहरू माओ दिवस आयोजक समितिद्वारा गरिएको प्रदर्शन र आमसभासँग सम्बन्धित छन् ।)*



माओको सम्झनामा काठमाडौंमा विदेशी नागरिकहरू पनि संलग्न हुँदै ।

माथि हामीले लेनिनवादलाई व्यवहारमा कसरी गौण बनाउने वा उपेक्षा गर्ने प्रवृत्ति बढेर गएको छ, त्यसका केही उदाहरणहरुको चर्चा गर्‍यौं तर त्यो सिलसिला यहींसम्म मात्र सीमित छैन र भविष्यमा अरु बढ्दै जाने कुरा निश्चित छ । माथिका केही उदाहरणबाट माओ त्सेतुंग विचारधारा वा "माओवाद" को अन्तर खाली बेग्ला बेग्लै शब्दावलीका बीचको अन्तर मात्रै होइन र तिनीहरुको प्रत्यक्ष असर आजको हाम्रो चिन्तन, आन्दोलन, कार्यशैली र पार्टी संगठनको दिशा र स्वरुपमा पनि पर्ने कुरा स्पष्ट छ । त्यस सन्दर्भमा आधारभूत प्रश्न यो हुनेछः लेनिनवादप्रति कुन प्रकारको दृष्टिकोण अपनाउने ? आजको सन्दर्भमा त्यो (लेनिनवाद) अप्रासाङ्गिक वा गौण भइसक्यो वा त्यो आज पनि हाम्रो "सैद्धान्तिक आधार" का रुपमा कायम छ ? माओ त्सेतुंग विचारधाराले द्वितीय अन्तर्राष्ट्रियको कालमा झैं लेनिनवादलाई आज पनि आफ्नो चिन्तन र आन्दोलनको "सैद्धान्तिक आधार" वा "मार्ग प्रदर्शक सिद्धान्त" को रुपमा लिन्छ । जबकि "माओवाद"का सन्दर्भमा त्यो कुरा ठीक त्यही अर्थमा सत्य होइन ।

"माओवाद" लाई समर्थन गर्ने पार्टी वा समूहहरुमध्ये कसैले पनि साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग खत्तम भएको दावी गरेका छैनन्, यद्यपि उनीहरूमध्ये कतिपय यसबारे "मौन" रहेको पाइन्छ । जेहोस्, उनीहरुले आजको युगबारे अपनाएको दृष्टिकोणबाट एउटा कुरा प्रष्ट भएको छ । उनीहरुले साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग आज पनि कायम भएको ठान्दछन् । तर के त्यसो भए लेनिनको युग खत्तम भइसक्यो ?

लेनिनले वर्तमान युगलाई पूँजीवादको चरम, अन्तिम र मरणाशन्न अवस्था बताएका छन् । के साम्राज्यवादपछि पूँजीवादको अर्को कुनै अवस्था अगाडि आउन सक्दछ ? अहिलेसम्मको हाम्रो जानकारी र ज्ञानका आधारमा त्यस प्रकारको निष्कर्षमा पुग्नको लागि कुनै आधार देखिन्न । साम्राज्यवादसित समाजवादी क्रान्तिको युग पनि जोडिएको छ, यो सम्पूर्ण काल अर्थात् साम्राज्यवाद र समाजवादी क्रान्तिको काल लेनिनको युग हो । लेनिन युगभित्र समाजवादी व्यवस्था अन्तर्गतका सर्वहारा अधिनाकत्त्वको काल पनि आउँछ, जसभित्र माओको

नेतृत्वमा चीनमा चलेको महान् सर्वहारा सांस्कृतिक क्रान्ति तथा समाजवाद अन्तर्गत चल्ने त्यही त्यही प्रकारका अन्य क्रान्ति वा वर्ग संघर्षहरु पनि समावेश हुन्छन् । त्यो अवस्थामा आज नै लेनिनवादलाई वितेको युगको कुरा ठान्ने दृष्टिकोण कति गलत छ, स्वतः स्पष्ट छ ।

आज दुनियाँभरिका प्रतिक्रियावादी र अवसरवादीहरुले सर्वहारा वर्गको अधिनायकत्त्वको सिद्धान्त र लेनिनवादमाथि भिषण आक्रमण गरिरहेका छन् । उनीहरुले कम्युनिष्ट आन्दोलनका विरुद्ध "निर्णयात्मक विजय" का लागि सर्वहारा वर्गको अधिनायकत्त्व र लेनिनवादलाई सबैभन्दा ठूलो बाधा ठानिरहेका छन् र त्यसका विरुद्ध चौतर्फी अभियान चलाइरहेका छन् । त्यो अवस्थामा क्रान्तिकारी पंक्तिभित्रबाट नै लेनिनका विरुद्ध गरिने हमला, चाहे त्यो "माओवादको तेस्रो चरण" को रुपमा नै किन नहोस्, कहाँसम्म ठीक हुन सक्दछ ?

"माओवाद" लाई समर्थन गर्ने कतिपय पार्टी र समूहले के कुरा उब्जाएका छन् भने "माओवादलाई निषेध गर्नुको अर्थ स्वयं मार्क्सवाद-लेनिनवादलाई नै निषेध गर्नु हो वा जसले "माओवाद" लाई समर्थन गर्दैनन्, उनीहरुलाई सच्चा कम्युनिष्ट भन्न मिल्दैन ।" यो मार्क्सवाद-लेनिनवादलाई गलत रुपमा प्रस्तुत गर्नु वा उभ्याउनु हो । लिनपियाओले चीनमा एक पल्ट पार्टी नियमहरुमा लिनपियाओको विरोध गर्नु माओ त्सेतुंगको नै विरोध गर्नु हो भन्ने नियम राख्न लगाएका थिए ।

> लिनपियाओले माओ त्सेतुंगलाई एवं प्रकारले अतिशयोक्ति रूपमा प्रस्तुत गरेर आफ्नो आधार बलियो बनाउन खोजेको उदाहरण हाम्रो अगाडि छ ।

भारतमा नक्सलवादी आन्दोलनका समयमा कामरेड चारुको क्रान्तिकारी लाईनको विरोधको अर्थ मार्क्सवाद, लेनिनवाद, माओ त्सेतुंग विचारधाराको नै विरोध हो भन्ने विचारलाई जोडदार रुपमा अगाडि ल्याइएको थियो । नेपालको उग्र वामपन्थी झापाली आन्दोलनको बेलामा पनि त्यो विचारलाई व्यापक रुपमा अगाडि ल्याइएको थियो । तर इतिहासले त्यस प्रकारका सोचाइलाई गलत सावित गरेको छ । के त्यही कुरा "माओवाद"ले अगाडि ल्याएको अवधारणा, अर्थात् "माओवाद" को विरोधको अर्थ मार्क्सवाद-लेनिनवादको नै विरोध गर्नु हो भन्ने आवधारणाबारे पनि सत्य होइन ? वास्तवमा को सच्चा कम्युनिष्ट हो र होइन भन्ने कुरा कसले "माओवाद" लाई समर्थन गर्दछ वा गर्दैन भन्ने आधारमा होइन, तर कसले सही रुपमा मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुंग विचारधाराको क्रान्तिकारी तत्वलाई अपनाउँछ वा अपनाउँदैन भन्ने कुराको कसीको आधारमा नै छुट्याउन सकिन्छ र छुट्याउनु पर्दछ ।

हामीले "माओवाद" लाई विरोध गर्नुको अर्थ कुनै पनि अवस्थामा माओको सिद्धान्त र देनहरुको विरोध गर्नु होइन । मार्क्सवाद-लेनिनवादका विकासमा माओका महत्त्वपूर्ण सैद्धान्तिक देनहरु रहेका छन्, जसको आफ्नै विशिष्ट र असाधारण महत्त्व छ । माओका त्यस प्रकारका देनहरु मार्क्सवादी दर्शन, अर्थशास्त्र, समाजवाद, सैनिक विज्ञान, पार्टी संगठन, पार्टीभित्र दुई लाईनको संघर्ष आदि प्रश्नबारे सम्बन्धित छन् । खास गरेर औपनिवेशिक र अर्ध (नव) औपनिवेशिक देशहरुमा क्रान्ति तथा समाजवाद अन्तर्गत क्रान्ति र वर्ग संघर्षको निरन्तरताको प्रश्नमा माओका देनहरु विशेष महत्त्वपूर्ण छन् । संशोधनवाद तथा चीनमा पूँजीवादको पुनर्स्थापनाका विरुद्ध माओको नेतृत्वमा चीनमा चलेको महान् सर्वहारा सांस्कृतिक क्रान्तिले सबैभन्दा बढी महत्त्व राख्दछ । त्यसरी माओ त्सेतुंग विचारधाराले खालि पिछडिएका देशहरुका लागि मात्र होइन, विश्वव्यापी रुपमा नै मत्त्व राख्दछ । तर माओका त्यस प्रकारका देनहरुका कारणले न वर्तमान युगको चरित्र बदलिएको कुरा सिद्ध हुन्छ, न लेनिनवादको सीमा बाहिर "माओवाद" वा माओवादको तेस्रो चरणको औचित्यता नै सिद्ध हुन्छ । यस सन्दर्भमा अरु दुई वटा कुराहरु पनि स्पष्ट हुनु पर्ने आवश्यकता छ । प्रथम माओका सैद्धान्तिक देनहरु मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरुको विकसित रुप हो, तर उनले स्वयं आफ्नै तर्फबाट नयाँ सिद्धान्तको प्रतिपादन गरेका छैनन् । यो नयाँ जनवादी क्रान्ति, सर्वहारा वर्गको अधिनायकत्त्व अन्तर्गतको वर्ग संघर्षको निरन्तरता, सर्वहारा सांस्कृतिक क्रान्ति आदि सबै कुराहरुबारे पनि सत्य हो । द्वितीय, त्यसले साम्राज्यवाद र समाजवादी क्रान्तिको युग अर्थात् लेनिन युगको एक विशेष चरणमा माओ विचारधाराको जुन महत्त्व छ, त्यो अलिकति पनि कम हुन्न ।

कतिपय पार्टी वा संगठनहरुले के प्रश्न उठाइरहेका छन् भने माओका देनहरुलाई "माओवाद" का रुपमा स्वीकार नगर्दा हामीले माओका देनहरुको समग्रतालाई ठीकसँग ग्रहण गरिरहेका हुँदैनौ । त्यसो गर्नुको अर्थ, अर्थात् माओका देनहरूलाई माओवादका रुपमा स्वीकार नगर्नुको अर्थ माओको महत्त्व मार्क्स वा लेनिनको भन्दा कम भएको बुझिन्छ । यस प्रकारको सोचाइलाई हामीले सिद्धान्ततः नै गलत ठान्दछौं । त्यस प्रकारको तर्कलाई स्वीकार गर्ने हो भने त हामीले स्टालिनका देनहरुलाई माओका देनभन्दा कम महत्त्वपूर्ण र एंगेल्सका देनहरुलाई लेनिनको भन्दा कम महत्त्वपूर्ण भएको मान्नु पर्ने छ, किनभने हामीले स्टालिनका देनहरुलाई ('स्टालिनवाद'का रुपमा) र एंगेल्सका देनहरुलाई ('एंगेल्सवाद' का रुपमा) लिएको छैनौं । कमरेड गोञ्जालोले सन् १९८८ को आफ्नो प्रसिद्ध अन्तर्वार्तामा भने झैं सर्वहारा वर्गको विचारधारा "मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, अध्यक्ष माओ त्सेतुंग जस्ता असाधारण ऐतिहासिक पुरुषहरुको असाधारण कार्यको उपज हो ।" त्यो अवस्थामा उनीहरुमध्ये कसैको देनहरुलाई "वाद" को रुपमा स्वीकार नगरेका कारणले कसैलाई कसैभन्दा कम महत्त्व दिएको निष्कर्ष निकाल्नु सही मार्क्सवादी-लेनिनवादी सोचाइ होइन र हुन सक्दैन । त्यसरी माओवादको औचित्यतालाई प्रमाणित गर्ने प्रयत्न एकदम निम्न र सिद्धान्तहीन तरीका हो । हामीले मार्क्सवाद-लेनिनवादको विकास र विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा माओको जुन महत्त्वपूर्ण स्थान छ, त्यसलाई स्वीकार गर्दछौं तर त्यसका साथै यो पनि स्पष्ट गर्न चाहन्छौं कि माओलाई समर्थन गर्ने नाममा उनलाई अतिशयोक्तिपूर्ण रुपले प्रस्तुत गर्दा यथार्थमा माओ र माओका विचारहरुको अवमूल्यन नै बढी हुन जान्छ । "माओवाद" वा "माओवादको तेस्रो चरण" को सोचाइले यही काम गर्दछ ।

लिनपियाओले माओ त्सेतुंगलाई एवं प्रकारले अतिशयोक्ति रुपमा प्रस्तुत गरेर आफ्नो आधार बलियो बनाउन खोजेको उदाहरण हाम्रो अगाडि छ । त्यही किसिमले भारतमा नक्सलवादी आन्दोलनको समयमा "चीनको अध्यक्ष, हाम्रो अध्यक्ष" भन्ने नारा लगाइयो र नेपालको झापाली आन्दोलनमा पनि त्यसको नक्कल गरियो । माओप्रतिको त्यस प्रकारको अतिशयोक्तिपूर्ण प्रचारले वास्तवमा माओ, माओ त्सेतुंग विचारधारा वा वामपन्थी कम्युनिष्ट आन्दोलनलाई बल पुग्नुभन्दा नोक्सान बढी पुग्यो । ❑

साभार- अखिल नेपाल बुद्धिजीवी संघद्वारा २०४९ फागुन ५ गते आयोजित विचार गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट


व्यावसायिक पत्रकारिताको भीडमा
एउटा छुट्टै नाम र अलग्गै पहिचान लिएर
तपाईको घर-घरमा आइरहेको छ

जन एकता साप्ताहिक

★ नयाँ नयाँ राष्ट्रिय-अन्तर्राष्ट्रिय समाचार
★ खोजमूलक सुरूचिपूर्ण सामग्रीहरू
★ जनपक्षीय र प्रगतिशील विश्लेषण
★ ख्यातिप्राप्त लेखकहरूको स्तंभ र लेखनसहित

प्रत्येक सोमवार



श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको
स्वर्ण शुभ-जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य, दीर्घायु
तथा समृद्धिका निम्ति
हार्दिक मंगलमय कामना गर्दछौं ।

भक्तपुर
जिल्ला विकास समिति

# भारतमा नक्सल-वादीहरूद्वारा साम्राज्यवाद विरोधी अभियान



क. विनोद मिश्र

भारतका विभिन्न नक्सलवादी पार्टीहरूले एउटा विशाल सम्मेलन गरी साम्राज्यवाद विरोधी अभियान तेज पार्ने घोषणा गरेका छन् ।

गत जनवरी १, १९९६ (पौष १७ गते) मा दिल्लीको प्यारेलाल भवनमा गरिएको सो साम्राज्यवाद विरोधी सम्मेलनमा पाँच वटा नक्सलवादी वामपन्थी पार्टीहरू सहभागी भएका थिए । सम्मेलनमा क. विनोद मिश्रको नेतृत्वमा संचालित भाकपा (माले) लिवरेशन समूह, क. कानू सान्यालको नेतृत्त्वमा सञ्चालित सी.ओ.आई.एम. एल., क. के. एन रामचन्द्रनद्वारा नेतृत्व गरिएको भाकपा माले, रेड फ्ल्याग, डा. यतीन्द्रकुमारद्वारा नेतृत्व गरिएको भाकपा (माले)- न्यू डेमोक्रेसी र एम.सी. पी.आई. का नेता कार्यकर्ताहरू सहभागी भएका थिए ।

यस महत्त्वपूर्ण सम्मेलनका संयोजकहरू डा. भि. के. पटोले र डा. अनुज सरामा हुनुहुन्थ्यो । उहाँहरूका अनुसार भारतका प्रधानमंत्री नरसिंह रावको सरकारको साढे चार वर्षे शासन अवधिमा भारत उपनिवेश नै बनेको छ । सरकारले विदेशी एजेन्सीहरू र बहुराष्ट्रिय कम्पनीहरूलाई भारतमा जमीन किन्नका लागि आमन्त्रित गर्ने जस्ता कार्यहरूले गर्दा भारतको संप्रभूता नै खतरामा पर्न सक्छ ।

डा. पटोलेको भनाइ अनुसार, सबै संसदीय विपक्षी पार्टीहरू पनि यी र यस्ता सरकारी नीतिहरूको प्रत्यक्ष-अप्रत्यक्ष रुपमा समर्थन गरिरहेका छन् । उनीहरू अरुलाई देखाउनका लागि मात्र विरोध गरिरहेको कुरा छर्लंग्याँउदै डा. पटोलेले भन्नु भएको छ- "राष्ट्रिय मोर्चा र वाम मोर्चाका पार्टीहरू यी नीतिहरूले जनतालाई पारिरहेको असरलाई नराम्रो त भन्ने गर्छन्, विरोध गरेको दावी पनि गर्दछन् । तर उनीहरूकै राज्य सरकारहरू भएका प्रान्तहरू यस्तै नीतिहरू लागू गर्नमा सबैभन्दा अग्रपंक्तिमा रहेका छन् ।"

संसदीय विपक्षी पार्टीहरू, राष्ट्रिय मोर्चा र वाम मोर्चाका नीति र कार्यक्रमहरूप्रति असहमति व्यक्त गर्दै सम्मेलनले साम्राज्यवादसँग संझौता होइन, संघर्षको बाटो अख्तियार गर्न जोड दिएको छ । सम्मेलनले पारित गरेका ठोस नीति र कार्यक्रममा साम्राज्यवाद विरोधी संघर्षका अभियानलाई तेज पार्ने निर्णय बढी महत्त्वपूर्ण देखिन्छ ।

सम्मेलनले पारित गरेका मागहरू निम्न छन्-

❑ *भारत विश्व व्यापार संगठन (WTO) बाट बाहिर निस्कियोस् !*

❑ *बहुराष्ट्रिय कम्पनीहरू अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) र विश्व बैंक (World Bank) बाट बाहिर निस्कियोस् !*

❑ *विदेशी ऋणको व्याज र किस्तावन्दीमा सावाँ तिर्ने काम बन्द गरियोस्- साम्राज्यवादी ऋण रद्द गर !*

❑ *नयाँ आर्थिक नीति रद्द गर, निजीकरण, उदारीकरण, भूमण्डलीकरण माथि रोक लगाऊ !*



*क. कानू सान्याल*

अब फेरि एक पटक भारतलाई यूरोपीय देशहरू र विश्व व्यापार संगठनको उपनिवेश बन्न नदिने घोषणा गर्दै सम्मेलनले यस निर्णायक लडाइँमा साथ दिन सबै संगठनहरूलाई अपिल पनि गरेको छ ।

स्मरणीय छ, साम्राज्यवाद विरोधी संघर्ष संचालन गर्नको लागि पहलकदमी लिने काम क. के. एन. रामचन्द्रन (रेड फ्ल्याग समूह), डा. यतीन्द्रकुमार (न्यू डेमोक्रेसी समूह) र क. कानू सान्याल (सी.ओ.आई.-एम.एल.) ले थालेको थियो ।

गत ३० नोभेम्बरमा पनि यी तीन वटै नक्सलवादी पार्टीहरूले एउटा संयुक्त बैठक आयोजित गरेका थिए । संयुक्त बैठकले संयुक्त कारवाहीका कार्यक्रम र तौरतरीकाहरू तय गरेको थियो । त्यसकै विस्तारित स्वरुपको रुपमा अखिल भारतीय स्तरमा नक्सलवादी पार्टीहरूको साम्राज्यवाद विरोधी सम्मेलनको आयोजना गरिएको हो । सम्मेलनमा र त्यसभन्दा अगाडिका बैठकहरूमा पनि सहभागी हुँदै आएका क. विनोद मिश्रद्वारा नेतृत्त्व गरिएको लिवरेशन समूह र एम.सी.पी.आई. को सहभागिताले गर्दा साम्राज्यवाद विरोधीहरूको शक्तिमा निक्कै वृद्धि भएको महसुस गरिएको छ ।

नक्सलवादी आन्दोलनका विभाजित घटकहरूलाई साम्राज्यवाद विरोधी साभा संघर्षमा एक साथ ल्याउने कार्य आफैमा निकै महत्त्वपूर्ण देखिन्छ । तर वर्तमान विश्वमा साम्राज्यवाद कसरी विकसित भइरहेछ, यसले कुन नयाँ चरित्र र विशेषताहरू विकास गरिरहेछ, यसले विश्वमा शोषण र प्रभूत्व कायम राख्ने कुन कुन नयाँ उपाय विकास गरिरहेछ र परिवर्तित परिस्थितिमा त्यससँग कसरी लडिनु पर्छ भन्ने संबन्धमा सैद्धान्तिक स्पष्टतासहित यो आन्दोलन अघि बढ्न सकेमा मात्र साम्राज्यवाद विरोधी आन्दोलनले स्पष्ट दिशा लिन सक्नेछ ।

आफ्नै देशले साम्राज्यवादी स्वरुप लिइसकेको स्थितिमा भारतीय वामपन्थीहरूले सरकार विरोधी संघर्षलाई कसरी संचालन गर्ने हो भन्ने कुरा पनि सबैको चासोको विषय बनेको छ । नक्सलवादी संगठनहरूको घेराभन्दा बाहिर रहेका वामपन्थी संगठन र शक्तिहरूको साम्राज्यवाद विरोधी संघर्षहरूप्रति यस नक्सलवादी मोर्चाले के कस्तो नीति र व्यवहार प्रदर्शन गर्ने हो भन्ने कुरा पनि अहिले जिज्ञासाको विषय भएको छ ।

स्मरणीय छ, गत कार्तिक-मंसिरमा मात्रै पनि भारतीयभूमि-कलकत्तामा साम्राज्यवाद विरोधी विशाल सम्मेलन सफलतापूर्वक सम्पन्न भएको थियो । एशिया, अफ्रिका र यूरोपका वामपन्थी पार्टीहरूको समेत सहभागितामा सम्पन्न सो सम्मेलनले भारतमा मात्रै होइन, क्षेत्रीय र विश्वस्तरमै साम्राज्यवाद विरोधी अभियान संचालन गर्ने घोषणा गरेको थियो ।

त्यस्तै भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) सँग सम्बन्धित पक्षले पनि क्यूबाको सन्दर्भलाई लिएर साम्राज्यवाद विरोधी सम्मेलन र संघर्षका कार्यक्रमहरू संचालन गर्दै आइरहेको देखिन्छ ।

यस स्थितिमा सम्पन्न नक्सलवादी खेमाको साम्राज्यवादी विरोधी सम्मेलनले यी सबै शक्ति र अभियानहरूसँग तालमेल मिलाई विश्वव्यापी रुपमा साम्राज्यवाद विरोधी संघर्षलाई टेवा दिने हो कि होइन प्रतीक्षाको विषय बनेको छ । यो संघर्षलाई भारतव्यापी गर्नु तर जरुरी छ नै, साथै भारतका सबै वामपन्थीहरूको सहभागितामूलक बनाउनु पनि उत्तिकै जरुरी छ, जति यो संघर्षलाई विश्वव्यापी जनसंघर्षको मूल विषय बनाउनु जरुरी छ । ❑

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
स्वर्ण जन्मोत्सवको उपलक्ष्यमा हार्दिक
शुभकामना ! नेपाल माताले
मौसूफ सरकाको सुस्वास्थ्य,
यश एवं कीर्ति बढाऊन्

साल्ट ट्रेडिङ्ग कर्पोरेशन
लिमिटेड

नेपाल बनस्पति घ्यू उद्योग लि.
बुटवल धागो कारखाना लि.
नेशनल फाइनान्स कं. लि.
मोरंग सुगर मिल्स लि.
खाद्य उद्योग लि.
गोरखकाली रबर उद्योग लि.
स्वस्ती दाल उद्योग प्रा. लि.
घरेलु हस्तकला उद्योग प्रा.लि.
हितकारी गुठी

# होशियार !
# राजा महेन्द्रको स्तुतिगान किन यति धेरै बढ्दैछ ?

कैयन नेपाली जनताले रगतको मोल चुकाएर पंचायती सामन्ती निरंकुशतन्त्र ढालेको ५ वर्ष मात्र बितेको छ, नेपाली जनताले फेरि त्यो दृश्य हेर्नु परेको छ, जहाँ पंचायती निरंकुशतन्त्रका जन्मदाता राजा महेन्द्र फेरि धूमधामका साथ भव्य मेला वा समारोहका बीच हिजोका निरंकुश राजतन्त्रका छाते धूपौरेहरूद्वारा खुलेआम पुजिन थालेका छन् । त्यस्ता प्रतिगामी समारोहमा राजा र राजपरिवार आफैं सक्रियतापूर्वक सहभागी हुन थालेको देखिएको छ ।

पुस १४ गतेको राजाको पचासौं जन्म दिवस्को नाममा गत पुस १ गते तीनधारा पाकशालानेरको राजा महेन्द्रको सालिक समेतलाई भव्य रुपले सिंगारी उद्घाटन गरी दरबारमार्गभरि खुला मेला गरिनु र पुस १ गतेको केही दिन अघिदेखि राजधानीमा राजा महेन्द्रलाई राष्ट्रियताका प्रवर्तकको रुपमा प्रचार गरी व्यापक रुपमा ठूलाठूला पोष्टरहरू टासिनु जस्ता घटनाहरू अत्यन्त नियोजित घटनाहरू देखिन्थे ।

यो स्पष्ट रुपमा संपूर्ण प्रजातान्त्रिक शक्तिहरू र नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सामन्ती निरंकुशतन्त्रका हिमायतीहरूले दिन थालेको चुनौती हो । यो प्रतिगमनको संकेत हो । नेपालमा प्रतिगामी तत्वहरूले फेरि टाउको उठाउन थालेका छन् र उनीहरू आफ्ना बूताले भ्याए भने नेपाललाई हिजोकै काल-रात्रिमा धकेल्ने प्रयत्न गर्दैछन्- यो कुरा पुष १ गतेको घटनाले निकै छर्लंग पारेको छ ।

राजा महेन्द्रको जन्म दिन जेठको अन्तितिर पर्छ र मृत्युको दिन माघ १७ गते । कोही राजा महेन्द्रको जन्मदिनमा वा मृत्यु दिनमा काजक्रिया, श्राद्ध गर्न चाहन्छन् भने त्यो व्यक्तिगत कुरा भयो । त्यो उनीहरूको निजी मामला हो,

## पुस १ को घटनाबारे केही पत्रिकाहरू

"अस्ति पुस १ गते काठमाडौंमा राजा महेन्द्रको सालिकमा गएर केही व्यक्तिहरूले फूल चढाउने काम गरे । ती व्यक्तिहरू को को थिए भन्दा पनि २०१७ साल ल्याउने काला शक्तिहरू अझै पनि शिर ठाडो पार्ने ठाउँ र अवसर खोज्दैछन् भन्नु न्यायोचित होला । पंचायत र राजा महेन्द्रको स्थान इतिहासमा कहाँनिर छ भन्ने कुरा २०४६ सालको जनआन्दोलनले प्रष्ट पारेको छ ।"

*जन एकता साप्ताहिक, पुस ३ गते*

"महेन्द्र जयन्ती तथा संविधान दिवसको नाममा पंचायती कालमा मनाइने रमझम केही समय देखिएन, तर यस पटक भने श्री ५ को स्वर्ण शुभ-जन्मोत्सवको नाममा प्रकट भयो ।

सो दिन महेन्द्रको शालिकलाई भव्य सम्मान दर्शाउँदै शान्ति सिंहले उद्घाटन गरेपछि शुरु भएको सडक-मेलामा कुनै पूर्वघोषित कार्यक्रमबिना नै सपरिवार श्री ५ को उपस्थितिलाई पनि अर्थपूर्ण मानियो ।"

*जनआस्था साप्ताहिक, पुस ५ गते*

"अहिलेसम्म सडकमा आउन नसकेका भूमिगत पंचहरू, सेभ दि नेशन एवं दरवार को एउटा समूह लागेर बनाइएको महेन्द्र चिरस्मरण समितिले गत शनिवार बिहान जुलूस निकाली दरवार मार्गस्थित महेन्द्रको सालिकमा माल्यार्पण गर्नुका साथै स्व. महेन्द्र र पंचायतको गुणगान गाएको थियो ।

सो दिन दरवार मार्गमा देखिएको झिलीमिली र रौनकलाई लिएर बुद्धिजीवी बर्गहरू १७ सालमा प्रजातन्त्रको गला निमोठ्ने राजा महेन्द्रको यत्रो स्वागतले तीस वर्षको यातना र पीडाको इतिहासलाई ६ वर्षमै दोहोऱ्याउन खोजिएको चर्चा गर्दै थिए ।"

*साप्ताहिक पुनर्जागरण, पुष ४ गते*

"कार्यक्रममा सबैभन्दा पहिला राजा महेन्द्रलाई माला लगाउने दामोदर सम्शेर थिए । त्यसै गरी, त्यहाँ पूर्व जर्नेल युवराज सम्शेर, पूर्व अंचलाधीश काजिमान कन्दङ्वा, लालबहादुर गुरुङ र लक्ष्यबहादुर गुरुङ पनि थिए ...।

...सोही समयमा त्यहाँ वितरण गरिएको एउटा कवितामा सत्र साल दोहोऱ्याउने समेत बताइएको थियो ...।

...शहीदका रगतका टाटा सुक्न नपाउँदै पुनः पंचहरू १७ साल दोहोऱ्याउन र पंचायत ब्युँताउन षड्यन्त्र गर्दैछन् भने सच्चा प्रजातन्त्रवादी र मानव अधिकारवादीहरू सतर्क रहेर मौकामै त्यसको प्रतिकार गर्नु पर्ने अनुभव पर्यवेक्षकहरूले गरेका छन् ।" *-जनादेश साप्ताहिक, पुष ४ गते*

त्यसमा नेपाली जनताले टाउको दुखाउनु केही छैन ।

पुष १ गते त राजा महेन्द्रले नेपालको पूँजीवादी बहुदलीय प्रजातन्त्र खाएको दिन हो । नेपालमा पंचायती तानाशाही लादेको दिन हो । सारा नेपालीहरू यही पुस १ गतेबाट ३० वर्षसम्म पंचायती कालरात्रि भोग्न बाध्य भएका थिए । तर यदि कसैले यही कालो दिनलाई सार्वजनिक रुपले संझन्छ र सम्मान गर्छ भने उसको नियतमाथि जरुर प्रश्नचिन्ह उठाउनु पर्छ । अनि यही दिनमा राजा महेन्द्रको स्मरण गर्नु, उनलाई भव्य सार्वजनिक समारोहबीच श्रद्धासुमन चढाउनुको तात्पर्य के ? यसले के अर्थ दिन्छ ? अनि यस्ता कार्यक्रममा आजको "संवैधानिक राजा" ले आफ्नो सक्रिय उपस्थिति जनाउनुको मतलव के ?

पुस १ गते नारायणहिटी राज-दरवार अगाडि महेन्द्रको सालिकमा जुन तामझामका साथ राजा महेन्द्रको स्तुतिगान समारोह गरियो, त्यो यस अर्थमा निकै अर्थपूर्ण र प्रतिगामी कदम देखिन्छ ।

अघोषित रुपमा एक्कासी राजा र राजपरिवार त्यो दिन दरवारबाट बाहिर निस्कनु र खुला मेलामा मिसिनुले यो घटना निकै नियोजित रुपमा घटाइएको प्रतीत हुन्छ ।

यसले के देखाएको छ भने- नेपालमा बहुदलीय प्रजातन्त्र अन्त गर्न चाहनेहरूको फेरि चुरीफूरी देखाउने साहस जागेको छ । राजा महेन्द्र नेपालमा प्रजातन्त्रको हत्याको प्रतीक हो र पुस १ गते उनैको ठूलो स्मरण गरियो । यो प्रतीकमार्फत् उनीहरू के जाहेर गर्न चाहिरहेका छन् भने- नेपालमा फेरि राजा महेन्द्रको जरुरत भएको छ । नेपालमा फेरि २०१७ साल पुस १ गतेको जरुरत भएको छ । यो समारोहमा राजा र राज परिवारको सामेलीले प्रजातन्त्र विरोधीहरूको यो इच्छामा दरबारको समर्थनलाई अभिव्यक्त गरेको छ ।

यस्तो समारोहका लागि पहल गरेको छ- होटेल एशोसियन अफ नेपालले र यसमा सक्रिय भूमिका लेखेका छन् दरबारियाहरू, त्यसका आसेपासेहरू र पुराना पंचहरूले, जुन तत्वहरूको मनोबल अहिलेसम्म

बाँकी ४२ पेजमा

२९ पेजको बाँकी

यस कंपनीले कान्सस शहरका पुराना रोगीहरूलाई डाक्टरसँग संपर्क राख्न घर-घरमै भिडियो सम्पर्कको व्यवस्था गरिदिएको छ ।

Innovative Health ले रोगीहरूको घरमा रहेको टेलिभिजनमा यस्तो व्यवस्था गरिदिएको छ कि अब रोगीले आफ्नो टेलिभिजनमार्फत् डाक्टरसँग आफ्नो समस्याको बारेमा तुरुन्त र दिनको कैयौं पटक सम्पर्क राख्न सक्दछ र आवश्यक सल्लाह प्राप्त गर्न सक्दछ ।

अमेरिकी टेलिमेडिसिन सेवाले अहिले केही मात्रामा अन्तर्राष्ट्रिय स्वरुप पनि ग्रहण गरिसकेको छ । भू-उपग्रहमार्फत् हाल नर्वे, साउदी अरव तथा अन्य देशका विरामीहरूले भिडियो सम्पर्क स्थापना गरी अमेरिकी डाक्टरहरूबाट सल्लाह प्राप्त गरिरहेछन् । यसै कुरालाई लिई अमेरिकाका केही पर्यवेक्षकहरूले टेलिमेडिसिनको उन्नत प्रविधिबाट लाभ उठाई अमेरिकाले चिकित्सा सेवाको 'निर्यात' गर्न सक्ने तर्क गरिरहेका छन् ।

मोटर, रेल तथा हवाईजहाजको विकास भएको कारणले हाल विश्व निकै सांघुरिइसकेको छ । एक देशको मानिस अर्को देशमा छोटो समयमै सजिलै पुग्न सक्छ । विश्वमा जनसंख्याको चाप अत्यधिक भएको र आर्थिक तथा राजनैतिक संकट झन् झन् बढिरहेको कारणले मानिसहरू एक देशबाट अर्को देशमा रोजगारीको प्राप्ति तथा सुरक्षाको लागि बसाइ सरिरहेका छन् । यसले गर्दा एक देशमा फैलिएको घातक रोग अर्को देशमा छोटो समयमै सर्न सक्ने संभावना छ ।

तर, जटिल रोगको उपचारको लागि विशेषज्ञ डाक्टरहरू भने सबै ठाउँमा उत्तिकै उपलब्ध छैनन् र हुँदैनन् पनि । यस परिप्रेक्ष्यमा यो टेलिमेडिसिन वर्तमान तथा भविष्यको विश्वको लागि धेरै नै महत्त्वपूर्ण देखिन्छ । अझ दूर-शल्य चिकित्सा प्रविधि पनि विकसित भएर सुलभ भइसकेको स्थितिमा कुनै पनि देशमा चिकित्सकको अभावमा, विश्वमा विकसित भइसकेको चिकित्सा सेवा उपलब्ध नहुने स्थिति हुँदैन । यसले चिकित्सा क्षेत्रमा नयाँ क्रान्ति नै गरिदिन्छ ।

नेपाल जस्तो पहाडी मुलुकमा, जहाँ यातायातको व्यवस्था त्यति सुगम छैन । यो टेलिमेडिसिन चिकित्सा पद्धति बढी उपयोगी हुन सक्छ । टेलिमेडिसिनको जालो (Network) देशभर जिल्ला सदरमुकामहरू तथा अन्य घना बस्ती क्षेत्र सबैमा फैलाउने हो भने विशेषज्ञ डाक्टरहरूको संख्या त्यति बढी नभए पनि देशका कुनाकाप्चाका जनताहरू समेतले पनि उच्चस्तरको आधुनिक चिकित्सा सेवा पाउने छन् ।

तर, मानव सभ्यताका लागि वैज्ञानिकहरूले आविष्कार गरेको यो प्रविधिलाई अरु बिकाउका वस्तुहरू जस्तै अमेरिका तथा अन्य सम्बन्धित राष्ट्रहरूका पूँजीपतिहरूले पेटेन्ट व्यवस्था लागू गरेर महँगो बिकाउ वस्तु बनाएमा यसलाई विकासशील तथा गरीब मुलुकहरूका गरीब जनताहरूले उपभोग गर्न पाउने छैनन् । यसो भएमा यो टेलिमेडिसिन प्रविधिको विकास विश्वका बहुसंख्यक मानव समुदायको लागि खास महत्त्वको विषय हुने छैन । ❑






## अंक ३४ समग्रमा

विचार अन्तर्क्रियामुखी मासिक मूल्यांकनको नयाँ अंक ३४ समयमै अध्ययन गर्ने मौका पाएँ। राष्ट्रिय अन्तर्राष्ट्रिय वाम आन्दोलनबारे ताजा समसामयिक खुराक पाठकसाम् पु-याएर मूल्यांकनले न्यायप्रेमीहरूको प्रशंसा बटुलेको छ भन्दा अत्युक्ति नहोला। म मूल्यांकनको एक नियमित पाठक हुँ।

मूल्यांकन अंक ३४ शुरुदेखि अन्त्यसम्म अध्ययन गरेपछि मलाई सबैभन्दा उल्लेखनीय र मननयोग्य कलकत्तामा भएको वामपन्थीको महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सम्मेलन, आँखीभ्याल अन्तर्गत अमेरिकी साम्राज्यवादका सैनिकहरू कहाँ कति छन् ? त्यस्तै फ्रान्समा भएको यो दशककै सबैभन्दा ठूलो मजदूर आन्दोलन र घटना र प्रवृत्ति अन्तरगत "के पोल्याण्डमा साँच्चै कम्युनिष्ट सत्तामा आएक हुन् ?" लाग्यो। कलकत्तामा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाली वामपन्थीहरूको तर्फबाट प्रतिनिधि मण्डलले खेलेको भूमिका र क. माणिकलाल श्रेष्ठले दिनु भएको भाषणको अंश अध्ययन गर्दा नेपाली कम्युनिष्टहरूकै गर्व बढेको अनुभव भयो। विश्वमा कुनै दिन सम्राटराज्य बन्ने दिवा सपना बोकेर बसेको साम्राज्यवादी अमेरिकाको भण्डाफोर गर्ने क्रममा यसका सैनिकहरू र जल सैनिकको अखडाको तथ्यांक अध्ययन गर्दा अमेरिकाप्रति अत्यन्त घृणा जाग्यो। आगामी अंकमा साम्राज्यवादी अमेरिकाको अरु तानाशाही प्रवृत्तिको पर्दाफास गर्ने सामग्री पढ्न पाउने अपेक्षा राख्दछु। नेकपा (एमाले) को नौ महिने सरकार सन्चालनको पुनर्मूल्यांकनको साथसाथै संसदीय बाटोबाट के गर्न संभव छ वा असंभव छ भन्ने विषयमा विभिन्न वामपन्थी नेताहरूबाट लिइएको अन्तर्क्रिया समसामयिक नेपालको राजनीतक घटना क्रममा अध्ययनयोग्य र पठनीय एवं मार्मिक छ।

यस्तै विषयमा वामपन्थीहरूले अझ अगाडि बढेर वामपन्थी एकताको खोजी गरिनु पर्छ, सर्वोच्चबाट भएको फैसला र दक्षिणपन्थीहरूबाट भएको षड्यन्त्रलाई वामपन्थीहरूले कुन रुपमा लिएका छन् ? यो पनि बहसको विषय बन्नु पर्छ। कम्युनिष्टले मात्र यो राष्ट्रको जगेर्ना र भलो गर्छ भन्ने ध्रुवसत्य एमालेले नौ महिना सत्तामा रहेर देखाएको कुशलताबाट नेपाली जनताले अवगत गरेका छन्। जनताले विश्वासको रुपमा लिएको कम्युनिष्टप्रतिको भरोसालाई वामपन्थी नेताहरूले कुन रुपमा मनन गर्ने भन्ने सवालमा अल्मलिनुभन्दा विश्वमा भएको परिवर्तित परिवेश र नेपालको वास्तविकतालाई बुझेर संसदीय बाटोबाटै समाजवादी नीति र योजनाहरू पूरा गर्न संभव छ- भनेर अगाडि बढ्नु नै अति उत्तम र समयसापेक्ष हुनेछ। आजको समयको माग पनि यही हो।

अन्तमा लाखौं न्यायप्रेमी युवा, वृद्ध, बौद्धिक जमातको बौद्धिक खुराक मूल्यांकनको सक्रियतामा धेरै समय पहिलेदेखि प्रतीक्षा गरेको "नवयुवा" प्रकाशित हुने भएछ; धेरै धेरै खुशी लाग्यो। यसको लागि मूल्यांकन परिवारलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु।

**आर. के. एस. 'रोविन'**
**तार्कुघाट-९, लमजुङ्ग**

## चेको जीवनी छोटो भयो

राजनीति एवं राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाको संगालो "मूल्यांकन" ले गत महिनादेखि मलाई मोहनी लगाएको छ। खास गरेर विश्व कम्युनिष्ट सेमिनारको ताजा समाचार, क्यूबाली क्रान्तिकारी नेता क. चे ग्वेभाराको छापामार युद्धको बारेमा विस्तृत जानकारी दिएकोमा मूल्यांकन बधाइको पात्र बनेको छ। तर पनि मूल्यांकनले जीवनको झाँकी अन्तर्गत चेको बारेमा थारै सामग्री पस्केको छ। जम्मा १-२ पेज दिएर क. चेको बारेमा एकै अंकमा धेरै जानकारी दिन कन्जुस्याइँ गरेको छ। हामी जस्ता पाठकलाई अन्य सामग्री कम गराएर क. चेको बारेमा एकै अंकमा धेरै घटना जान्न मन लागेको छ। एउटा सानो सुझाव पनि पठाएको छु- क. चे ग्वेभाराको सम्पूर्ण गाथाहरू एकै चोटि मूल्यांकनका पूरा पन्नाहरूमा (अन्य केही नदिई) छापेमा राम्रो हुन्थ्यो होला।

**पदम गुरुङ्ग**
**गाईखुर गा.वि.स. गोरखा, पैरेपानी**

## केही सुझावहरू

• मूल्यांकन नियमित अध्ययन गर्ने मौका पाएको छु। यो राष्ट्रिय अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको बारेमा जान्न इच्छुक सबैको खुराक हो। मूल्यांकन अर्धमासिक रुपमा प्रकाशित होस्। यसको मूल्य रु. १० देखि १२ सम्म भए सामान्य पाठकलाई पनि सजिलो हुने थियो।

चेको जीवनीबाट कम्युनिष्टहरू जनताको मुक्तिको लागि के, कति, कसरी जीवनदान गर्न सक्छन् भन्ने यथार्थबोध हुन्छ। त्यसैले प्रत्येक अंकमा विश्वको कुनै एक जना कम्युनिष्ट नेताको साधारण परिचय र जीवनी दिएमा हामी पाठक लाभान्वित हुने थियौं।

इन्डोनेशियाको कम्युनिष्ट आन्दोलन र कम्युनिष्ट नेताको धारावाहिक रुपमा लेख (जीवनी) प्रकाशित गरियोस्।

कम्यूनिष्ट गतिविधि र वर्तमान अमेरिकामा के भइरहेको छ, त्यो यथार्थपरक ढंगमा आगामी अंकमा प्रकाशित गरियोस्।

अन्तिम २ पाना अघितिर साधारण काटेको घाउदेखि धेरै समय अघिदेखि लागेका क्यान्सरसम्मको उपचार विधि र औषधिको नाम दिइयोस्।

**-नारायण भट्टराई**
**काभ्रे, फूलबारी-९**

## केही खुसी र सुझाव

यो मासिकलाई मैले अन्य पत्रपत्रिकाको दाँजोमा स्तरीय तथा कम्युनिष्ट आन्दोलनका लागि अति सहयोगी ठहऱ्याएको छु। यस मासिकको मंसिरको अंकमा प्रकाशित संपूर्ण लेखहरू अत्यन्त समसामयिक र पाठकसमक्ष ल्याउनु आवश्यक सामग्री थिए। यस अंकमा प्रकाशित ब्रुसेल्समा सम्पन्न सम्मेलनमा कम्युनिष्ट पार्टीहरूले कम्युनिष्ट आन्दोलनलाई एकतवद्ध गर्न जोड दिएकोमा खुसी लाग्यो। वेइजिङ्ग महिला सम्मेलनको बारेमा पनि प्रष्ट पारेकोमा पनि खुसी लाग्यो। पाठकको कुरो स्तम्भमा सँगै सम्पादकको कुरा पनि समावेश गरे मूल्यांकनले कसरी पाठकका सुझावलाई मूल्यांकन गरेको छ बुझ्न सजिलो हुने थियो।

**नवीन खतिवडा 'पार्खेली'**
**लेटाङ्ग- ७, फडानी, मोरङ्ग-कोशी**

## टिप्पणी र सुझावहरू

"मूल्यांकन" को मंसिर अंक समयमा नै प्राप्त भयो। आवरण लेख "वेइजिङ्ग महिला सम्मेलन", विश्व कम्युनिष्ट आन्दोलनको एकता सम्बन्धी ताजा प्रस्ताव, क. चेको भूमिका "छापामार संघर्षमा" ज्यादै रोचक लाग्यो।

इण्डोनेशियामा कम्युनिष्ट आन्दोलनको स्थिति पढेर म झस्किन पुगें। किनकि लाखौं लाख कम्युनिष्टहरूको विलय हुनुमा कसको भूमिका रह्यो ? यसर्थ वर्तमानमा संसार-भर चलिरहेको संशोधनवाद, जडसूत्रवाद इत्यादि बारेमा नेपाल जस्तो देशमा बढेको मर्क्सवादी बन्ने लहरले अन्ततः अन्धभक्त यानी "Little Knowledge in Dangerous Thing" भन्ने उक्ति चरितार्थ नहोला भन्न सकिन्न, यसमा यो मूल्यांकन जस्तो गहन पत्रिकाले महत्त्वपूर्ण, खोजमूलक तथा उपयुक्त सैद्धान्तिक लेखद्वारा आम जनतालाई सचेत गराउनतिर सोच्नु पर्ला कि ?

त्यस्तै प्रसिद्ध वामपन्थी नेताहरू जस्तै मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, माओ, हो चि मिन्ह र किंश हनी जस्ताको जीवनी पनि पाठकसमक्ष यो मासिकमार्फत् तल्लो तहसम्म पुऱ्याउनु उपयुक्त होला।

**रत्न राना**
**महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज**

## किन यो आभारीको पात्र भएको छ ?

"मूल्यांकन" लाई निरन्तर हेर्ने क्रममा पूर्णांक ३३ पनि राम्ररी नियालें। राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमहरू रोचक भएरै त पूँजीवादी शक्तिहरूको लागि घोचक पनि छन्। सम्पादकीयले संयुक्त राष्ट्र संघ अमेरिका र यस्तै शक्तिशाली मुलुकहरूको निमुखा र विकासशील राष्ट्रहरूलाई प्रहार गर्ने अस्त्र भएको कुरालाई सान्दर्भिक ढंगले प्रस्तुत गरेको छ। ठूलो धनराशी खर्च गरेर विश्वका बहुसंख्यक राष्ट्रहरूका महिलाहरूको "विश्व महिला सम्मेलन" भनिएको वेइजिङ्ग सम्मेलनको उपादेयता र सान्दर्भिकतालाई आन्द्राभुँडी निकालेर चिरफार गरेपछि मूल्यांकनले नारी अस्मिता र नारी मुक्तिको विषयमा के कस्ता उत्पीडन अझै हावी छन् भन्ने सवालमा पनि टिप्पणी गर्न पछि परेको छैन।

गठबन्धन सरकारको विगतका केही महिनाको अनुहारलाई यथार्थपरक ढंगले विश्लेषण गरिएको छ। अन्तर्राष्ट्रिय वाम आन्दोलनको विषयमा इण्डोनेशियाको बारेमा, भारतका वामपन्थी पार्टीहरूको छुटाछुट्टै सम्मेलनको बारेमा नेपाली जनमानसमा भिज्ने ढंगले प्रस्तुत गरिएको छ। क्यूबाली छापामार युद्धको प्रसंग रोचक छँदैछ भने श्याम श्रेष्ठज्यूले खगेन्द्र संग्रौलाको प्रत्युत्तरको रुपमा दिनुभएको अन्तर्क्रिया बडो पठनीय छ।

नेपाल र नेपाली भूमिमा वामपन्थी आन्दोलनका विविध पक्षहरूको बारेमा विश्लेषणात्मक ढंगले विवेचना गरेर मूल्यांकन आभारीको पात्र भएको छ। अझ नेपाली कम्युनिष्ट आन्दोलनका विषयमा चिरफार गरेर नेपालका वामपन्थी पार्टीहरू टुक्रिनाका कारणहरू खोज्ने र एउटै मोर्चामा लानको लागि मूल्यांकनको तर्फबाट पहल हुने काम होस्।

**विवश विप्र**
**बाहुनतिल्पुङ्ग-९, पिप्ले, सिन्धुली**

## स्पष्ट कम्युनिष्टको मात्र विश्लेषण दिनु पऱ्यो

म मूल्यांकन मासिकको नियमित पाठक हुँ। मूल्यांकनमा प्रकाशित आवरण कथा, अन्तर्क्रिया र विश्वलाई हेर्ने दृष्टिकोण र अन्तर्राष्ट्रिय स्तरमा भएको कम्युनिष्ट आन्दोलनको विकासको चर्चालाई ज्यादा भन्दा ज्यादा पाठक समक्ष पुऱ्याएर विभिन्न प्रतिक्रियावादी र साम्राज्यवादीको मुटुमा हलचल मचाउन समेत यो सफल भएकोमा यस मासिकलाई धेरै धेरै धन्यावाद र बधाइ दिन चाहन्छु। यसले खास स्पष्ट कम्युनिष्टको मात्र विश्लेषण गर्ने गरेमा र कम्युनिष्ट भनेर आफूलाई संशोधनवादी धारमा धकेलिन खोज्ने नाम मात्रका कम्युनिष्टको समेत विरोधमा उभिएर ह्रासको स्थितिमा गएको आजको विश्व कम्युनिष्ट आन्दोलनलाई पुनः जुझारू र क्रियाशील बनाएर लैजाने काममा योगदान दिएमा यो अझै स्तरीय हुने थियो।

**ओमप्रसाद न्यौपाने**
**बुइठी-७, चौराह, कपिलवस्तु**

४१ पेजको बाँकी

सरकारमा प्रतिगामी राप्रपा सामेल भएपछि केही बढेको छ।

निरंकुश र प्रतिगामी तत्वहरू मौका पाउँदा फेरि उठ्न खोज्नु आश्चर्यजनक कुरा होइन। आश्चर्यजनक कुरो त के हो भने २०४६ सालको जनआन्दोलनको पाँच वर्षपछि यति ठूलो प्रतिगामी घटना नेपालमा घटेको छ, तर कुनै प्रजातन्त्रवादी वा प्रगतिशील पार्टीले यो घटनाको तीव्र विरोध र भर्त्सना गरेन। मानौं, यहाँ केही पनि अस्वाभाविक र अनौठो कुरा भएको छैन, उनीहरू चुपचाप बसेका छन्। बरु यो सवालमा देशका पत्रपत्रिकाहरू अगाडि देखिएका छन्।

यदि यस्तै प्रवृत्ति यहाँ रहीरह्यो भने नेपालको पूँजीवादी प्रजातन्त्रको भविष्य टड्कारो खतरामा पर्नेछ। मूसाहरू पहिले अलिकता आफ्नो टाउको दूलोबाट बाहिर निकालेर हेर्छन्, जब उनीहरू कुनै बिरालोले झम्टिने स्थिति देख्दैनन्, उनीहरू आँगनमै निस्केर उफ्रन थाल्छन्। कतै हामीकहाँ पनि यस्तै हुने त होइन ? ❑

# Grindlays

ANZ Australia
ANZ Bahamas
ANZ Bahrain
ANZ Bangladesh
ANZ Brazil
ANZ Chile
ANZ China
ANZ Cook Islands
ANZ Fiji
ANZ France
ANZ Germany
ANZ Greece
ANZ Guernsey
ANZ Hong Kong
ANZ India
ANZ Indonesia
ANZ Iran
ANZ Japan
ANZ Jersey
ANZ Jordan
ANZ Korea
ANZ Malaysia
ANZ Nepal
ANZ New Zealand
ANZ Oman
ANZ Pakistan
ANZ PNG
ANZ Phillipines
ANZ Qatar
ANZ Singapore
ANZ Solomon Islands
ANZ Sri Lanka
ANZ Switzerland
ANZ Tonga
ANZ Taiwan
ANZ Thailand
ANZ UAE
ANZ UK
ANZ USA
ANZ Vanuatu
ANZ Vietnam
ANZ Western Samoa

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८ : ०३९/४०    म.क्षे.हु.द.नं. १२/०५०/५१



स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ
महिला डाक्टरहरुद्वारा
सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर– ८
फोन : २–३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।